वर्ष : १४, अंक : ५, काठमाडौं, २०७५ जेठ ४ गते शुक्रबार 18 May 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## "नेपाल कम्युनिष्ट पार्टी" घोषणा



'नेपाल कम्युनिष्ट पार्टी' घोषणासभामा अध्यक्षद्वयसहित शीर्ष नेतागण ।

काठमाडौं । नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकीकरण भई 'नेपाल कम्युनिष्ट पार्टी' घोषणा भएको छ । बिहीबार राष्ट्रिय सभागृहमा आयोजित एकता घोषणा कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को घोषणा भएको हो । नेकपामा दुई र ९ सदस्यीय केन्द्रीय सचिवालय रहेको छ । नेकपाको अध्यक्षमा केपी शर्मा ओली र पुष्पकमल दाहाल छन् ।

पार्टीमा दुई अध्यक्ष ओली र प्रचण्ड रहनेछन् भने कार्यकारी अधिकार दुबै अध्यक्षमा हुनेछ । त्यसपछिको वरियतामा माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठ, ईश्वर पोखरेल, रामबहादुर थापा बादल र विष्णु पौडेल हुनेछन् । श्रेष्ठलाई प्रवक्ता र पौडेललाई महासचिवको जिम्मेवारी दिइएको छ ।

एकीकृत पार्टीको स्थायी कमिटी ४५ सदस्यीय हुनेछ, जसमा एमालेबाट २६ र माओवादीबाट १९ नेता हुनेछन् । यस्तै ४४१ सदस्यीय केन्द्रीय कमिटी हुनेछ । कमिटीमा एमालेबाट २४१ र माओवादीबाट २०० नेता राख्ने सहमति भएको छ । एकीकृत पार्टीको कमिटी गठनका सबै प्रक्रिया तीन महिनाभित्र पूरा गर्ने बताइएको छ । एकतासँगै संघीय सरकारसँगै ६ वटा प्रदेशका सरकार एकल बहुमतको भएको छ ।

६ बुँदे घोषणापत्र एकता जारी गर्दै नेताहरूले आफूहरूको लक्ष्य जनतालाई सुखी र समृद्ध बनाउनु रहेको बताएका छन् ।

### कम्युनिष्ट पार्टीको फुटको इतिहास

विक्रम सम्वत २००६ सालमा स्थापना भएको नेपाल कम्युष्टि पार्टीमा २०१९ सालको तेश्रो महाधिवेशनपछि नै दुई लाइनको संघर्ष भन्दै समूहगत विभाजनको श्रृंखला शुरू भयो । दक्षिणपन्थी, उग्रवामपन्थी जस्ता आरोपप्रत्यारोप गर्दै आफुलाई सच्चा कम्युनिष्ट ठान्ने समूहहरू २०४६ सालसम्म आइपुग्दा एक दर्जनभन्दा बढी पार्टीका रूपमा सक्रिय थिए। एउटा धार कोओर्डिनेसन केन्द्र, माले(माक्र्सवादी हुँदै २०४७ सालमा नेकपा एमालेका रूपमा विकसित भयो । त्यस्तै अर्कोधार चौम, मशाल, बाँकी पृष्ठ ८ मा

## मधेशी दलबीच एकता किन नहुने ?



महन्थ ठाकुर
अध्यक्ष, राजपा नेपाल



उपेन्द्र यादव
अध्यक्ष, ससफो नेपाल



जयप्रकाश गुप्ता
संयोजक तमरा अभियान



भाग्यनाथ गुप्ता
अध्यक्ष, फोरम मधेश



विकास तिवारी
अध्यक्ष, नेसपा (गजेन्द्रवादी)

मधेशवाणी डेस्क

काठमाडौं । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मधेशी दलहरूले गरेको पुनरागमन ६ मधेशी पार्टी मिलेर बनेको राष्ट्रिय जनता पार्टी नेपालकै कारणले हो बुझ्न गाह्रो छैन ।

२०७० मा गुमाएको शाख पुन: फर्काएका उनीहरूले त्यसलाई जनताको न्यायका लागि अर्थ्याएका छन् । छ राजनीतिक दलको एकतापछि बनेको राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपालले निर्वाचनका लागि नै भनेर गठबन्धन समेत पनि बनाए । अन्तत: त्यसले सकारात्मक परिणाम पनि दियो फलत: राजपा र फोरमले प्रदेश २ मा संयुक्त सरकार पनि बनाउन सफल भए । प्रदेश नं. २ का हकमा वाम गठन्धनलाई समेत मधेशी गठबन्धनले पछाडि पारेको छ । काँग्रेस र वाम गठबन्धनलाई समेत पछाडि पारेर राजपा र समाजवादी फोरमले निकालेको जीतलाई उनीहरू आफूहरूलाई जनताले गरेको न्यायका रूपमा विश्लेषण गर्छन् ।

**एकतामा बल**

प्रदेश नं. २ मा मधेशी दलको विजय वस्तुत: मधेशी गठबन्धनप्रति जनताले देखाएको विश्वास नै हो । यसबाट जनतामा सकारात्मक उत्साह छाएको छ भने एकतामा नै बल हुन्छ भन्ने सन्देश पनि हालै सम्पन्न भएको निर्वाचन परिणामले दिएको छ ।

राजनीतिक स्थायित्व र विकासका लागि जनताले आफ्नो मत मधेशी दललाई दिएको विश्लेषण गर्न सकिन्छ । मेलमिलाप र एकताको सन्देश प्राप्त भएको छ भने यो गरिमालाई सबै दलले मिलेर कायम राख्न सक्नुपर्छ ।

यद्यपी निर्वाचनको मुखमा गत वर्ष ६ मधेशी दलले बनाएको राजपाबाट सिर्जित तरंगले अन्य पार्टीलाई झस्काए पनि यसबाट मधेशका अन्य दलहरूले पाठ सिक्न सकेन । मधेशमा राजनीतिक पसल थापेर बसेका अन्य मधेशी दलहरूबीच पनि एकता भएर सिंगो मधेशी दल बन्ने हो भने निश्चय नै यो काँग्रेस, एमाले र माओवादीका लागि चुनौती बन्न सक्छ । सबै मधेशी दलको उद्देश्य समान रहेको सन्दर्भमा एकता अपरिहार्य रहेको छ भने यसबाट जनतामा पनि मधेशी दलप्रति विश्वास बढ्न सक्छ ।

विगतमा मधेशी दललाई एकता हुन नदिनका लागि अनेक प्रपन्च रचेर स्वार्थ र पैसाका लागि देशको हित विपरीत बारम्बार सम्झौता गरेर मधेशलाई लथालिङ पारियो ।

मधेशी दलका धेरैजसो पार्टी र नेताहरू आफैमा खुट्टा तानातान र समय समयमा कुर्सीमोह र उचित अडानको कमीले मधेश बाँकी पृष्ठ ८ मा

### 'एकता अपरिहार्य'



देवेश झा
संयोजक, मधेश सम्वाद

अहिले जुन किसिमले दुई अलग धार भएका कम्युनिष्ट पार्टीबीच एकीकरण भएको छ र अहिले जसरी बलियो उपस्थितिमा रहेको छ यसले प्रजातान्त्रिक शक्ति कमजोर देखिएको छ । यो कम्युनिष्ट एकताले सामुदायिक राजनीतिलाई असन्तुलन बनाई उत्पीडित समुदायको संघर्षलाई कमजोर बनाउँछ । त्यसैले मधेशी, आदिवासी जनजाति लगायतका शक्तिहरूबीच एकताको अपरिहार्यता देखिएको छ । मधेशकेन्द्रित दलहरूबीच तत्कालै एकताको सम्भावना नदेखिए पनि पछि गएर एकीकरण गर्नैपर्ने हुन्छ ।

## मधेशीको भावना राखेको हुँ : मुख्यमन्त्री

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अभिनन्दन कार्यक्रममा प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले दिएको अभिव्यक्तिबारे विभिन्न किसिमका टिकाटिप्पणी भइरहँदा मुख्यमन्त्री राउतले आफूले बोलेको कुरा नसच्याउने बताएका छन् । मुख्यमन्त्री राउतले आफूले अभिनन्दन कार्यक्रममा लाखौं मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम लगायतका शोषित पीडित जनताको भावना राखेको दाबी गरेका छन् ।उनले बन्दूकको बलमा जारी गरिएको संविधान विभेदकारी रहेको र त्यसलाई संशोधनका लागि आफूहरूको संघर्ष जारी रहेको प्रष्ट्याएका हुन् ।

राउतको अभिव्यक्तिबारे संघीय संसदमा समेत कांग्रेस, एमाले र माओवादीका नेताहरूले असन्तुष्टि जनाउँदै त्यसलाई सच्याउनुपर्ने मागसमेत गरेका छन् ।

राउतले आफूले मधेशको मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नका लागि सो अभिनन्दन कार्यक्रम यस्तो कुरा उठाएका बताए । 'मेरो अभिव्यक्तिले अभिनन्दन कार्यक्रममा उपस्थित लाखौं मधेशी जनताको भावनाको कदर भएको छ,' उनले भने, 'मैले कुनै गलत कुरा बोकेको छैन ।' आफूले बोलेको कुरालाई मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम लगायत उत्पीडित जनताले समर्थन गरेको पनि उनले उल्लेख गरेका छन् । 'मैले बोलेको कुरा जहाँ पनि भन्न तयार रहेको छु', उनले भने ।

## 'कांग्रेसमा नेतृत्वको अभाव'



काठमाडौं । पूर्व राष्ट्रपति डा.रामवरण यादवले काँग्रेसमा नेतृत्वको अभाव देखिएको टिप्पणी गरेका छन् । पूर्वराष्ट्रपति यादवले जनतासँगको सम्बन्धलाई स्थापित गर्ने काममा केन्द्रित हुन पनि काँग्रेसलाई सुझाव दिए ।

काठमाडौंमा भएको एक कार्यक्रममा बोल्दै पूर्व राष्ट्रपति तथा काँग्रेसका पूर्व नेता समेत रहेका यादवले काँग्रेसका नेताहरू देशको विविधतालाई पहिचान गर्न नसकेर निराश भएको भन्दै चिन्ता पनि व्यक्त गरे ।

काँग्रेसले आफूलाई राष्ट्रपति बनाएर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा गर्ने अवसर दिएपनि सो पार्टी निराश बन्दै जानु आफ्ना लागि चिन्ताको विषय भएको उनको कथन छ । यादवले वीपी कोइरालाजस्ता नेताहरूले जनतासँग स्थापित गरेको सम्बन्धलाई समेत काँग्रेस नेतृत्वले बिर्सिएकोमा असन्तुष्टि व्यक्त गरे ।

## मुख्यमन्त्रीको अभिव्यक्ति देशभक्तिपूर्ण : यादव

विराटनगर । संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भम्रणका क्रममा प्रदेश २ का मुख्य मन्त्री लालबाबु राउतले राखेको अभिव्यक्ति देशभक्तिपूर्ण भएको दाबी गरेका छन् । विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष यादवले यस्तो दाबी गरेका हुन । उनले आफ्नो प्रदेशमा भएको राजनीतिक विभेद, असमानता लगायतका वस्तुस्थितिबारे भारतीय प्रधानमन्त्रीलाई जानकारी गराउनु स्वभाविक भएको बताए ।

यादवले भारतीय प्रधानमन्त्री मोदीको जनकपुर भम्रणका क्रममा केन्द्र सरकारको तर्फबाट भने धेरै गल्ती र कमजोरी भएको पनि दाबी गरे । केन्द्र सरकारले केन्द्रिकृत शासन प्रणाली लादेर संघीयतालाई धरापमा पार्ने खेलमा लागेको आरोप लगाउदै उनले संघीयता कार्यान्वयनका लागि प्रदेश सरकार गठन भए पनि संघीयतको मूल मर्मअनुसार अधिकार नदिएका कारण संघीयता घरापमा परेको बताए । उनले भने,'संघीयताले सिंहदरवारको अधिकार गाउँ-गाउँमा पुर्‍याउने हो, सिंहदरवारको अधिकार बालुवाटार सार्ने होइन ।'

## उमेशलाई बचाउन मलेसियाबाट सहयोग

काठमाडौं । पाकिस्तानी नागरिक हत्या आरोपमा साउदीमा मृत्युदण्डको सजाय पाएर जेल जीवन बिताइरहेका उमेश यादवको उन्मुक्तिका लागि मलेसियाको बातुपहाठ क्षेत्रमा कार्यरत नेपालीहरूले आर्थिक सहयोग गरेका छन् । मलेसियाको विभिन्न कम्पनीमा कार्यरत श्रमिकहरूले यादव बचाउ अभियानको लागि एक लाख ७७ हजार २५८ रूपैयाँ संकलन गरी नेपाल पठाएका हुन् ।

वैदेशिक रोजगारीको लागि साउदी अरब गएका यादव चार वर्ष अगाडि एक पाकिस्तानी नागरिकको हत्या आरोपमा मृत्युदण्ड सजाय खेपिरहेका छन् ।सजाय जुनसुकै बेला कार्यान्वयन हुन सक्ने अवस्थामा मृतकको परिवारले ब्लड मनी नेपाली रूपैयाँ तीस लाख रकम जुटाइदिन अपील गरेका छन् ।

उक्त रकम समय सीमासम्म बुझाएको खण्डमा मात्र उनलाई बचाउन सकिने नेपाली दूतावासले जानकारी दिएपछि ब्लण्ड मनिको लागि सहयोग रकम संकलन गर्न थालिएको थियो । नेपालमा खोलिएको ग्रोभिङ फाउन्डेसनको प्रभु बैंकको खातामा रकम संकलन गरिएको राम उमेश यादव बचाउ अभियानका अभियन्ता संजयकुमार महतोले जानकारी दिए ।

## तटबन्ध बनाउन भारतीय सहयोग



काठमाडौं । भारत सरकारले नेपालको तीन वटा नदीमा तटबन्ध निर्माण तथा नदी तालिमका लागि झन्डै पौने १९ करोड रूपैया अनुदान सहयोग प्रदान गरेको छ । भारत सरकराले वाग्मती, लालबकैया र कमलाको तटबन्ध निर्माण तथा तालिमका लागि १८ करोड ७४ लाख अनुदान प्रदान गरेको काठमाडौंस्थित भारतीय दूतावासले जनाएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनको उपस्थितिमा कार्यक्रममा नेपालका लागि भारतका राजदूत मन्जिभसिंह पुरीले मन्त्रालयका सचिव सञ्जय शर्मालाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरे । नदी तालिम तथा तटबन्ध निर्माण कार्यले लालबकैया, वाग्मती र कमला नदीमा बाढी नियन्त्रण र जलस्रोत व्यवस्थापन गर्ने लक्ष्य राख्छ जसले यी नदी प्रभावित क्षेत्रमा बसोबास गर्ने लाखौं जनतालाई लाभ पु-याउने विश्वास गरिएको छ ।

साथै भारतले नेपालसँग नदी तालीम, बाढी नियन्त्रण र जलस्रोत व्यवस्थापनका क्षेत्रमा निकट रहेर थप सहकार्य गर्नका लागि प्रतिबद्धता जनाएको छ ।

## बेलाको बोली

रामसुकुल मण्डल



## संघीयतामाथि 'प्रहार'को कसरत

**सुरूमा जनकपुर भ्रमणलाई विवादित बनाउन नेपालको झण्डाको आकार बिगारेको आरोप लगाइयो तर, आकार कसरी परिवर्तन भयो भन्ने कुरा प्रष्टिसकेपछि मुख्यमन्त्रीको अभिव्यक्तिलाई विवादित बनाएर प्रहार गरिँदैछ ।**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको उतरार्द्धमा अहिले विभिन्न टिकाटिप्पणी चलिरहेको छ । मोदी भ्रमणको 'ह्याङ्गअभर' अहिले पनि देखिदै छ । मोदी भारतबाट सिधा जनकपुर आएपछि नेपालका कथित राष्ट्रवादीहरूले पचाउन सकेका छैनन् । करिब २८ वर्षपछि कुनै भारतीय प्रधानमन्त्री नेपालको मधेश भ्रमण गरेका छन्, त्यसलाई यति धेरै विवादित बनाइदैछ कि आगामी दिनमा भारतका अन्य प्रधानमन्त्री आउन सक्ने वातावरण नबनोस् । जनकपुर भ्रमणलाई जसरी पनि विवादित बनाउन कुनै कसर बाँकी राखेका छैनन् काठमाडौंकेन्द्रित मिडियादेखि कथित राष्ट्रवादीहरूले ।

विवादका रहस्य

नेपालमा संघीयताको जननी मधेश आन्दोलन हो वा भनौं मधेश आन्दोलनकै देन हो संघीयता । तर, संघीयलाई काँग्रेस, एमाले र माओवादीले बाध्यतावश स्वीकार गरेको तथ्य लुकेको छैन त्यसैले उनीहरूमा संघीयतालाई जसरी पनि विफल बनाउनु पर्छ भन्ने एक प्रकारको सोच हाबी छ । यसका लागि विभिन्न षड्यन्त्रहरू भइरहेको छ ।

नेपालको संविधान-२०७२ वा अन्तरिम संविधान २०६३ मा पनि संघीयतालाई आत्मसात गरिसके पनि भित्री आत्माले स्वीकार गर्न नसकेका राजनीतिक दलका नेताहरूले लगातार प्रहार गरिरहेका छन् । संविधानलाई नै टेकेर मन्त्री बनेका कतिपय नेताहरूले संघीयताको विरूद्धमा खुलेरै अभिव्यक्ति दिएको र संघीयताले मुलुक विखण्डन हुन्छ भन्ने खालका तर्क पनि भएकै छन् ।

त्यस्ता अभिव्यक्ति दिनेहरूमाथि कुनै किसिमको कारबारही त परै जाओस् त्यस्ता मन्त्रीहरूसँग प्रधानमन्त्रीले स्पष्टीकरणसमेत सोध्न सकेका छैनन् । तर, जसका कारण नेपालमा संघीयता आए आज उनीहरू माथि नै जबरजस्ती आरोप लगाइदै छ ।

अभिव्यक्तिको प्रसंग

अहिले भर्खरै जवलन्त उदाहरणको रूपमा भारतीय प्रधानमन्त्रीको जनकपुरधाम भ्रमणलाई लिन सकिन्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा केन्द्रीय सरकारले दिएको थियो । धार्मिक आस्था बोकेका भारतीय प्रधानमन्त्री मोदीले यसपटकको आफ्नो नेपाल भ्रमण तीर्थाटन भ्रमण हुने पहिले नै प्रस्ट्याएका थिए । सोही अनुरूप उनी भारतबाट सिधा जनकपुरधाम आए । तर, यो कुरा कथित राष्ट्रवादी भनौं वा मधेश विरोधीले पचाउन सकेनन् । केन्द्रीय सरकारको गल्तीलाई प्रदेश सरकारमाथि थोपारिएको छ ।

सुरूमा जनकपुर भ्रमणलाई विवादित बनाउन नेपालको झण्डाको आकार बिगारेको आरोप लगाइयो तर, आकार कसरी परिवर्तन भयो भन्ने कुरा प्रष्टिसके पछि मुख्यमन्त्रीको अभिव्यक्तिलाई विवादित बनाएर प्रहार गरिँदैछ । अभिनन्दन कार्यक्रममा मुख्यमन्त्रीले आफ्ना समस्याहरू राख्दा आन्तरिक कुरा विदेशी पाहुना अगाडि भन्नै नहुने तर त्यहीं मञ्चमा नेपालका रक्षामन्त्रीले आन्तरिक कुरा राख्दा कुटनीतिक मर्यादा उल्लंघन नहुने भन्ने दोहरो मानसिकता बोकेहरू नै राष्ट्रवादी बनेका छन् ।

अभिनन्दनको सुरूमा रक्षामन्त्रीले पनि आन्तरिक कुरा राखेको कथित राष्ट्रवादीहरूले ख्याल गरेको पाइएको छैन । उनले भने, "हालै सम्पन्न निर्वाचनपछि नेपाल पनि शान्ति, स्थायित्व र समृद्धिको मार्गमा अघि बढ्दै संविधानको प्रभावकारी कार्यान्वयनको मार्गमा अग्रसर भएको विषय प्रस्तुत गर्न पाउँदा हामीलाई खुशी लागेको छ । राजनीतिक मुद्दाहरूको समाधानसँगै मुलुकको विकास र जनताको समृद्धिको काममा हामी पूर्णत: कार्यरत छौं ।"

रक्षामन्त्री पोखरेलको उपरोक्त अभिव्यक्ति नितान्त आन्तरिक हो र यसले भारतसँग कुनै सम्बन्ध राख्दैन । मोदीका अगाडि रक्षामन्त्रीले आन्तरिक कुरा उठाउनु जायज थियो त ? यदि बाँकी पृष्ठ ७ मा



## सम्पादकीय



# राउत भर्सेज काठमाडौं

'राज्यद्वारा मधेशीमाथि जारी विभेदकारी नीति र पूर्वाग्रह एवम् विद्वेषपूर्ण मानसिकताको कारणले नै मधेशका जनता तुलनात्मक रूपले अत्यधिक गरिबी, बेरोजगारी, अभावग्रस्त, शासित एवम् उत्पीडित जीवन जिउनका लागि बाध्य छन्। मधेश विकासको मामिलामा निकै पछाडि परेको हो। हाम्रो संघर्ष आज पनि विभेदकारी संविधान र प्रादेशिक अधिकारका लागि जारी छ। हामी नेपालको अभिन्न अङ्ग हौं तर हामी के चाहन्छौं भने हाम्रो देशमा पनि बिना भेदभावपूर्ण, कुनै पनि जाति, वर्ग र समुदायको व्यक्ति राज्यको हरेक तह, तप्का र निकायमा उसको क्षमता र योग्यताले समावेशका लागि सहज अवसर प्राप्त होस्। जस्तो कि महामहीम तपाईं एक समान्य परिवारको हुँदाहुँदै पनि भारतको सर्वोच्च कार्यकारी पद आसिन हुनुहुन्छ।'

उपरोक्त भनाइ प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतको हो। उनले उपरोक्त भनाइ भारतका प्रधानमन्त्री नरेन्द्र मोदी बैशाख २८ गते नेपाल भ्रमणको क्रममा आउँदा बाह्रबिघा मैदानमा मोदीको स्वागतमा आयोजित नागरिक अभिनन्दनको क्रममा व्यक्त गरेका हुन्।

मुख्यमन्त्रीको पछिल्लो भनाइप्रति संसददेखि सडक र सामाजिक सञ्जालदेखि चिया पसलसम्म क्रिया-प्रतिक्रिया भइरहेको छ। मुख्यमन्त्री राउतको कथनप्रति विरोध र समर्थनका स्वरहरू सुनिन थालिएको छ।

विरोध गर्नेहरूले मुख्यमन्त्री राउतले आफ्नो आन्तरिक समस्यामा देशभित्रैबाट समाधान खोज्नुपर्नेमा विदेशीलाई सुनाएर चाकडी गरेको भन्दै आएका छन्। केन्द्र सरकारले त उनलाई अभिव्यक्ति फिर्ता लिन नै निर्देशन दिइसकेको छ भने सङ्घीय संसदमा सबैजसो दलहरूले उनको अभिव्यक्ति राष्ट्रहित विपरीत भएको बताएका छन्।

**भारतका प्रधानमन्त्रीको अगाडि देशको आन्तरिक विषयको उठान गर्नु/नगर्नु यदि बहसको विषय हो भने धेरै पर पनि जानु पर्दैन, २०६३ सालमा भएको तत्कालीन सात पार्टीको गठबन्धन र माओवादीबीचको १२ बुँदे समझदारीलाई सम्झे पुग्छ। त्यो समझदारी कहाँ भएको थियो ? त्यति बेला राष्ट्रियता कहाँ थियो ?**

यता, कतिपयले मुख्यमन्त्री राउतले स्थानीय जनताको भावना सम्बोधनमा समेटेर खुशी व्यक्त गरेका छन्।

यद्यपी राउतको समर्थनमा उनको पार्टी संघीय समाजवादी फोरम तथा अर्को मधेशी पार्टी राजपा नेपालले औपचारिक रूपमा मुख नखोलेका कारण राउतलाई केही अप्ठ्यारो अवश्य भएको होला। राउतको विरोधमा संसददेखि सडकसम्म चर्चा भइरहँदा पनि दुवै पार्टीको औपचारिक भनाइ नआउनु रहस्मय बनेको छ। यतिसम्म कि फोरम अध्यक्ष उपेन्द्र यादवले सोमबार भरतपुरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दा पनि यस विषयमा केही बोलेनन्।

यद्यपी दुबै पार्टीले औपचारिक रूपमा मुख नखोले पनि ती पार्टी सम्बद्ध नेता तथा सांसदहरूले राउतको बचाउ गर्दै उनको अभिव्यक्ति सही भएको तर्क गरेका छन्।

प्रदेश २ को मंगलबार बसेको प्रदेशसभाको बैठकमा संघीय समाजवादी फोरमका रामआशिष यादवले मुख्यमन्त्रीले प्रदेशको गरिमा र जनताको भावनाअनुसार बोलेको भन्दै यसमा टीका टिप्पणी नगर्न आग्रह गरे। यस्तै, राजपा नेपालकी डिम्पलकुमारी झाले मुख्यमन्त्रीको अभिव्यक्ति प्रदेश २ को जनताको पक्षमा रहेको र यसप्रति टाउको नदुखाउन केन्द्र सरकारलाई आग्रह गरिन्।

वस्तुत: राउतको अभिव्यक्ति सहि हो कि गलत ? उनले यस्ता अभिव्यक्ति दिनु पर्थ्यो कि पर्दैन्थ्यो।

राउत कुनै सामाजिक अभियन्ता होइनन्, उनी राजनीतिक नेता हुन् र नेताले राजनीतिक कुरा नै गर्छन्।

राउतको अभिव्यक्तलाई गलत ठान्नेहरूले बुझ्नु पर्छ, मधेश सीमान्तकृत नै हो, राज्यबाट ठगिएकै हो। मधेशको विकास नहुनुमा कतै न कतै राज्यको अदूरदर्शिता पक्कै झल्किन्छ। अहिले मधेशले खोजेको अधिकारका विषयमा यदि कसैले आवाज उठाउँछ भन्ने त्यो जायज हो। त्यसलाई राष्ट्रियताको सवालसँग गाँस्नै मिल्दैन।

बरू नबुझनेहरूले भन्नु पर्‍यो-राउतको अभिव्यक्ति सहि हो तर उनले गलत ठाउँमा अभिव्यक्त गरे। भारतका प्रधानमन्त्री मोदीको अगाडि देशको आन्तरिक विषयको उठान गर्नु/नगर्नु यदि बहसको विषय हो भने धेरै पर पनि जानु पर्दैन, २०६३ सालमा भएको तत्कालीन सात पार्टीको गठबन्धन र माओवादीबीचको १२ बुँदे समझदारीलाई सम्झे पुग्छ। त्यो समझदारी कहाँ भएको थियो ? त्यति बेला राष्ट्रियता कहाँ थियो ?

तत्कालीन ठूला दलका नेतारूले आफ्नो देशको आन्तरिक विषय विदेशी भूमिमा सल्टयाउन हुने तर विदेशी अतिथिको अगाडि आन्तरिक विषय बोल्नै प्रतिबन्ध लाग्ने ?

राउतले कुनै गलत कुरा गरेका छैनन्, किनकी उनले मधेशको मर्मलाई उजागर गरेका हुन् जसबाट भारतीय प्रधानमन्त्री मोदी पनि सम्पूर्ण रूपले जानकार छन्।

# सुधारको दिशामा नेपाल-भारत सम्बन्ध

**विचार-विश्लेषण**



उपेन्द्र झा

> भारत र नेपालको अन्योन्याश्रित सम्बन्धबारे जति लेख्दा पनि कम छ। केही कारणवश विगतका दिनमा बिग्रिएको नेपाल भारत सम्बन्ध अहिले दुबै पक्षको प्रयासबाट सुधारको बाटोमा अग्रसर भइरहँदा नेपालका अन्धराष्ट्रवादले नेपाली मीडियामार्फत पुनश्च: बिगार्ने दिशामा लागेका छन्। राम्रो हुँदै गएको दुबै देशको सम्बन्धलाई पुनश्च बिगार्नु वा हुन नदिनु नेपालको ऐतिहासिक भूल हुनेछ।

धर्म, संस्कृतिको भावनासंग जोडिएको नेपाल भारत सम्बन्ध आदिकालदेखि प्राकृतिक रूपमा कायम रहि आएको यथार्थलाई यो र त्यो बहानामा नकार्न मिल्दैन। ठूलो सानोको अन्तरले पनि नेपाल भारतको मैत्री सम्बन्धलाई फरक पारेको छैन। नेपाल आफ्नै प्राकृतिक महत्वको आधारमा सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र राष्ट्रको रूपमा आफ्नो अस्तित्व अक्षुण्ण राखेको छ। दुई महाशक्ति (भारत र चीन) देशबीच सर्वोच्च हिम श्रृँखला र प्राकृतिक सौन्दर्यले सजिएको नेपाल विश्व सामू आफ्नै महत्वका कारण अस्तित्वमान छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पनि नेपाल भ्रमणमा रहँदा नेपालको महत्वलाई बुझ्दै **"नेपाल बिना भारत अधुरो छ"** सार्वजनिक रूपमा आफ्नो उद्‌गार प्रकट गरेका छन्। वास्तवमा नेपाल भारतको भावनात्मक सम्बन्धलाई दुबै देशको भौगोलिक सीमाले पनि प्रभाव पार्न सकेको छैन।

विगत केही वर्षदेखि नेपाल भारत सम्बन्धमा परिस्थितिवश आएको कटुताले दुबै देशबीच राजनीतिक तनाव बढेको दुबै देशले महसूस गरेका छन्। नेपालका प्रधानमन्त्रीले पनि संसदमा विगत ३ वर्षदेखि भारतसँग सम्बन्ध बिग्रेको भन्ने कुरा स्वीकारेको छ। नेपाल भारतबीच सम्बन्ध सुधार्नु पर्ने आवश्यकता सरकारी स्तर, निजीक्षेत्र तथा जनस्तरमा व्यापक रूपमा महसूस भई रहेकोले दुबै देशका प्रधानमन्त्री भ्रमणका दौरान पारस्परिक रूपमा सम्बन्ध सुधार्ने प्रयास पनि गरेका छन्।

नेपाल भ्रमणमा आएको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आत्मीय स्वागत र सत्कारमा प्रदेश सरकार र संघीय सरकारले कुनै कमी राखेन। बडो आत्मीयताका साथ जनकपुर उपमहानगरपालिका र काठमाण्डौं महानगरपालिकाले विकासको साँचो भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नहिच्किचाइकन जिम्मा लगाएका छन्। बडो आत्मीय ढंगले संघीय सरकारले नरेन्द्र मोदीको स्वागत गर्दा नेपाल भारतको सम्बन्ध पुनश्च: गहिरो मैत्री सम्बन्धमा विकास हुनेमा किञ्चित शंका छैन।

भारतसँग विगतमा रहेको रूष्टतालाई पन्छाएर संघीय सरकारले भारतसँग पूर्ववत् मैत्री सम्बन्ध बनाउन देखाएको सदाशयता निश्चय पनि उदाहरणीय छ। केही असामाजिक तत्वहरूको विरोध हुन सक्ने आशंकामा कतिपयलाई नियंन्त्रणमा लिनु, विरोधका नारा लेखी राख्ने व्यानरहरू हटाईनु, लम्पसारवादी, भारतीय दलाल आदि आलोचनात्मक वाक्यांश सहेर पनि संघीय सरकारले भारतीय पाहुनाप्रति देखाएको आत्मीय व्यवहारबाट कटुताको सीमारेखा मेटिएको अनुमान गर्न सकिन्छ। आफ्नोतिरबाट सम्बन्ध सुधार्न कुनै कमी नराखेको संघीय सरकार अब भने भारतलाई पर्खेर बसेको छ।

***नेपाल भारत सम्बन्धमा आएका कटुताबारेका केही त्रुटिहरू***

***(१) नाकाबन्दी:-*** सरकारमाथि कठोर दबाव सृजना गर्ने उद्देश्यले मधेशले नाकाबन्दी आन्दोलन शुरू गरेको थियो। यही बेला भारतमा विधान सभाको चुनावका कारण वोर्डरमा कडाई गरिएको थियो। लामो समयदेखि मधेशमा चलि रहेको अधिकारवादी आन्दोलनको जायज माँगप्रति भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो समर्थन देखाएका कारण तत्कालीन नेपाल सरकार भारतसँग रूष्ट भई नाकाबन्दी भारतले गराएको भनेर भ्रम पाले। आपसी समझदारीबाट समस्याको समाधान गर्ने प्रयासको अभावमा विरोधका स्वर चर्किदै गएका कारण नाकाबन्दी लम्बिएको हो। भारतले नाकाबन्दी लगाएको न कुनै कारण थियो, न समाप्त गर्ने कुनै कारण। फलत: नेपाल भारत सम्बन्ध अनावश्यक रूपमा कटु बन्दै गयो।

***(२) पारस्परिक विश्वसनीयताको अभाव:-*** भारतले नेपाललाई एकतर्फी रूपमा हेर्दै आएका कारण सहयोग गर्ने अथवा नगर्ने अवस्थामा पनि नेपाल आफ्नो समर्थनमा रहने मान्यता राखेको छ। भारतको कथनी र करनीमा कुनै तालमेल नरहेको कारण भारतले हात हालेको विकास निर्माणका कार्यहरू जहाँ अधुरा रहेको छ भने भारतले घोषणा गरेको सहयोग रकम प्राप्त हुन पनि कठीन रहेको छ। भारतले नेपाललाई हेर्ने परम्परागत दृष्टिकोणमा किञ्चित फरक न ल्याएको अवस्थामा भारतप्रति नेपालको विश्वास विस्तारै कम हुँदै गएकोले सम्बन्धमा कटुता बढ्न थालेको सहजै अनुमान गर्न सकिन्छ। सम्बन्धको कटुताले दृष्टिकोण फरक रहेकोले अपेक्षाकृत रूपमा नेपाल पनि प्रस्तुत हुन नसकेका कारण पारस्परिक विश्वास हटेकाले तनावको स्थिति सृजना भयो।

***(३) नेपालको विकासमा चीनको चासो:-*** समृद्धशाली चीन ठूलो अर्थतन्त्र भएको देश हो। संसारभरि आफ्नो प्रभाव फैलाउने रणनीति लिएको चीन दक्षिण एशियाका ससाना देशहरूलाई आफ्नो प्रभावमा लिने चीनको रणनीति नै हो। अविकसित नेपालमा चीन विकासका एजेण्डा लिएर प्रवेश गर्नु कुनै अस्वाभाविक पनि छैन। भारतको विश्वसनीयता हटि रहेको अवस्थामा चीनसंग सम्बन्ध बनाउनु नेपालको बाध्यता पनि हो। यसरी नेपालमा संविधान सभाको स्थापनाकालदेखि चीनको सक्रिय उपस्थिति देखिएको हो। चीनले हातमा लिएको कामलाई निर्धारित समयमा पूरा गरि हस्तान्तरण गर्दै आएको कारणले चीनको विश्वसनीयता बढेर गएको हो। भारतको प्रधानमन्त्रीको रूपमा नरेन्द्र मोदी उदाएको अवस्थामा नेपाल चीनको प्रभावमा रमाई रहेको थियो। विकासका ठूल्ठूला परियोजनाहरू चीनसंग सम्झौता भई रहेको अवस्थामा भारतलाई वेवास्ता गरिएका कारण पनि सम्बन्धमा कटुता आउने एउटा कारण हो। नेपाल सन्दर्भमा भारत चीनको प्रतिस्पर्धी बन्न सकेन। तर नेपाल चीनको प्रभावमा गएको रूचाएन।

चीन कै सहयोगमा बाम गठबन्धन चुनावमा यति धेरै सीट ल्याएर लीडिङ पार्टीको रूपमा स्थापित भएको छ। बहुमतको स्थाई सरकार बनाएर देशलाई विकासतिर अग्रसर गराउने लक्ष्यको सामू युरोपियन युनियनको नकारात्मक प्रवेश, भारतसंगको कटुता ठूलो चुनौतीको रूपमा उपस्थित रहेकोले नेपालको वर्तमान सरकार भारतसंग सम्बन्ध नबनाई निर्वाध चल्न नसक्ने अवस्था देखेर मोदीको न्यानो स्वागतमा जुटेको देखियो। भारतसंग सम्बन्ध सुधार्ने नेपालको बाध्यता पनि हो।

***(४) भारतको दृष्टिकोणमा परिवर्तन आवश्यक:-*** बदलिएको परिवेशमा पनि भारतले नेपाललाई हेर्ने परम्परागत दृष्टिकोणमा कुनै परिवर्तन ल्याउन सकेको छैन। नेपाल भारतमाथि प्राकृतिक रूपले निर्भर रहे तापनि प्रतिस्पर्धी रूपमा नेपालमा आफ्नो उपस्थिति दिन नसकेको कारण नेपाल टाढिएको हो। नेपालमा चीनको प्रभाव बढि रहेको अवस्थालाई दृष्टिगत गरि भारतका कतिपय कूटनीतिक नियोगका अवकाश प्राप्त व्यक्तित्वहरूले भारत सरकारलाई नेपाललाई हेर्ने परम्परागत दृष्टिकोणमा परिवर्तन गर्नु पर्छ भनेर लेखमार्फत सुझाव दिदै आएका छन्। जिम्मेवार छिमेकीको हैसियतको भूमिका नरहेको कारण नेपाल उदासीन बन्दै गएको हो। अब नेपालमा चीनको हस्तक्षेपकारी भूमिका स्थापित भई सकेकोले नेपाललाई कसरी विश्वासमा लिने भन्ने दृष्टिकोण बनाउन भारतका लागि आवश्यक देखिएको छ। भारतको प्रधानमन्त्रीको रूपमा नरेन्द्र मोदी सत्तासीन भएदेखि तेश्रो पटक नेपाल भ्रमणमा आएसम्मको अवधिमा नेपालको राजनीतिमा आकल झुकल भारतको केही उपस्थिति देखिएपनि स्थाई रूपमा पूर्वको जस्तो सक्रियता रहेन। यसै समयमा चीनले नेपालमा आफ्नो बलियो ठाउँ बनाएको हो। भारतले चाहेको भए चुनावमा बाम गठबन्धन यति धेरै सीट ल्याउने थिएन र नेपाली काँग्रेस भित्तामा पुग्ने थिएन।

***(५) कूटनीतिक संयन्त्रको भूमिका:-*** नेपालको राजनीतिमा भारतको कूटनीतिक निकायको सकारात्मक भूमिकाको अभावमा पनि नेपालमा भारत विरोधी भावना बढ्दै गएको हो। अविकसित नेपाल, भारतमाथि बढि आश्रित रहने भएकोले सोही बमोजिमको जिम्मेवारी बहन गर्न संयन्त्र सबल नदेखिएका कारण भावनात्मक सम्बन्धमा कटौतीको क्रम शुरू भएको हो। भारतको नेपाल हेर्ने केन्द्रीय दृष्टिकोण, नेपालमा रहेको कूटनीति नियोग तथा बोर्डरका सुरक्षाकर्मीको व्यवहारमा कुनै तालमेल नरहेका कारण पनि नेपालमा भारत विरोधी सेन्टीमेन्ट बढेको हो। मलाई लाग्छ, यी यथार्थहरू कर्णप्रिय नहोला तर मार्गदर्शक भने अवश्य नै बन्ने छन्।

जसले जेजति प्रभाव बढाएपनि हिन्दू राष्ट्रको हैसियतले नेपाल भारतकै समर्थनमा जाने उसको प्राकृतिक चरित्र हो। नेपालप्रति भारतको जिम्मेवारी अहम् रहेका कारण सम्बन्ध सुधार्ने दिशामा भारतको भूमिका पनि ठूलो छ। दक्षिण एशियाका (खासगरि सार्क राष्ट्र) ससाना देशहरू भारतको बलियो नेतृत्वको खाँचो महसूस गरेका छन् तर त्यहाँ पनि चीनको नेतृत्व विकसित भई रहेको चिन्ताको बिषय हो। ठूलो राष्ट्रको हैसियतले सार्क राष्ट्रमा भारतको भूमिका पनि सबल हुनु पर्दछ। विश्वसामू नेतृत्वदायी भूमिकामा रहेको भारत आफ्ना छिमेकी देशहरू चीनको प्रभावमा जानु अशोभनीय कुरा हो। आफ्नै क्षेत्रभित्र कुशल नेतृत्वको विकास गर्ने भारतसामू ठूलो चुनौती छ।

**'नेपाल बिना भारत अधुरो छ'** भारतीय प्रधानमन्त्री मोदीको भनाई अक्षरश: सत्य हो। भारत र नेपालको अन्योन्याश्रित सम्बन्धबारे जति लेख्दा पनि कम छ। केही कारणवश विगतका दिनमा बिग्रिएको नेपाल भारत सम्बन्ध अहिले दुबै पक्षको प्रयासबाट सुधारको बाटोमा अग्रसर भइरहँदा नेपालका अन्धराष्ट्रवादले नेपाली मीडियामार्फत पुनश्च: बिगार्ने दिशामा लागेका छन्। राम्रो हुँदै गएको दुबै देशको सम्बन्धलाई पुनश्च बिगार्नु वा हुन नदिनु नेपालको ऐतिहासिक भूल हुनेछ। नेपालको मीडियालाई संयमित हुन जरूरी छ।

janukjha24@gmail.com

# जनकपुरदेखि मुक्तिनाथसम्म



संगीता रेग्मी

कुनै पनि सार्वभौम राष्ट्रका सरकार वा राष्ट्र प्रमुख दोस्रो मुलुकमा विभिन्न उद्देश्यले भ्रमण गर्ने प्रचलन सदियौंदेखि चल्दै आएको छ। अवसर र सम्भावनाको खोजी, मित्र राष्ट्रहरूको सम्बन्धमा सुधार, शान्ति स्थिरता र अमनचैन कायम गर्ने उद्देश्य होस् वा विकासोन्मुख देशहरूसँगको सहयोगलाई मजबुत तुल्याउन होस् यस्ता भ्रमणहरू हुँदै आएका छन् र हुनुपर्छ।

गत हप्ता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी २ दिने राजकीय भ्रमण सकेर स्वदेश फर्किएको हप्ता दिन पूरा हुन लागि सक्दा पनि नेपालमा यसको चर्चा सेलाएको छैन। अहिले पनि पत्र पत्रिका, मिडिया, सामाजिक सञ्जाल, चौक चौराहा, चियापसलमा मोदी भ्रमणको चर्चा सेलाएको छैन।

वस्तुत: धार्मिक तीर्थाटनको लागि नेपाल भ्रमणमा आएको प्रष्ट पार्दै जनकपुरमा सम्बोधन गरेका नरेन्द्र मोदीको जनकपुरको सम्बोधन, मुक्तिनाथ दर्शनसँगै काठमाडौंको नागरिक अभिनन्दनले सर्वत्र तरंग ल्याइ दिएको छ।

प्राय: विभिन्न देशका राष्ट्रप्रमुखहरूको भ्रमण काठमाडौंबाट नै हुने प्रचलन रहेकोमा भारतीय प्रधानमन्त्री मोदीले यसलाई तोड्दै जनकपुर आउने शैलीले पनि थप चर्चा पाएको छ। देश संघीयतामा गईसकेको अवस्था र प्रदेश २ मा वाम गठबन्धनको समर्थनमा राजपा र फोरम नेपालको संयुक्त सरकार भएको समयमा मोदीको जनकपुर भ्रमणले त्यस प्रदेशको सरकार र स्थानीय बासिन्दा निकै खुसी भएका हुन्।

मोदीको यो भ्रमण धार्मिक र नेपाल-भारतबीचको सम्बन्ध सुधारको कूटनीतिक आयाम हो। मधेश (जनकपुर), पहाड (काठमाडौं) र हिमाल (मुक्तिनाथ)को एक साथ भ्रमण गरेर यसबाट भारत समग्र नेपालको हितमा रहेको भन्ने सन्देश दिन सफल भएका छन्। उनको यो सन्देश जति रणनीतिक छ त्यति नै महत्वपूर्ण छ। विगतमा भारतले मधेशलाई च्यापेको आरोप लागेको मोदीको यो भ्रमणबाट त्यसरी आरोप लगाउनेहरूले चेतेका होलान्। किनभने मोदी चतुर नेता हुन्, उनले आफ्नो चातुर्यता प्रयोग गरेर दुई देशको हितलाई प्रवर्द्धन गर्न खोजेका छन्।

अहिले नेपालमा स्थिर सरकार छ। सरकारले नेपाल-भारतबीचको सम्बन्धमा सन्तुलित कूटनीतिक सहकार्य गरेर अघि बढ्ने प्रयास गर्नुपर्छ। छिमेकी देशले देलान् र खान पाइएला भन्ने सोचमा परिवर्तन गर्नुपर्छ। देशको विकास र समृद्धिमा छिमेकी दुई देशबीच सहकार्य गरेर जान सक्नुपर्छ। हामीले कसैलाई चिढ्याएर जानु पनि हुँदैन। हामी देशको विकासको चरणमा प्रवेश गरेकाले दुई देशसँग हातेमालो गरेर जानु अपरिहार्य बनेको छ।

यदि भारत सरकारले नि:स्वार्थ रूपमा प्रदेश २ को विकास र समृद्धिलाई सहयोग गरेको हो भने उ धन्यवादको पात्र हो। नेपाल र भारतबीचको सम्बन्ध तल-माथि हुँदै अघि बढ्दै आएको छ। भाषा, साहित्य, धर्म, संस्कृति, संस्कार, रीतिरिवाज दुई देशबीच मिल्दोजुल्दो नै छ। यसलाई हामीले विकासको रूपमा उपयोग गर्न सक्नुपर्छ।

नेपाल र भारतका दुई छिमेकीबीच वर्षौंदेखि सम्बन्ध रहे पनि त्यसमा सुमधुरतासँगै प्रतिकूलता पनि देखिएको हो। नेपाल स्थायी सरकारको नेतृत्व गरेका प्रधानमन्त्री ओली र भारतमा स्थायी सरकारको नेतृत्व गरेका मोदीले देशको विकासका लागि एक अर्कोको साथ सहयोग चाहिएको छ। मोदीले भने झैं भारतको विकास वा नेपालको विकास एक अर्कोको बिना सम्भव छैन भने दुबै देश एक अर्काको परिपूरक पनि हो।

**रामायण कनेक्सन**

फलत: मोदीको यो तेस्रो नेपाल भ्रमणको उद्देश्य राजनीतिक थिएन। उनले स्पष्ट शब्दमा पनि भने-'म प्रधान तीर्थयात्री हो।' यसैबाट भ्रमणको निहितार्थ प्रष्ट हुन्छ। त्यसैले उनले आफनो यस पटकको भ्रमणलाई रामायणकालीन सभ्यताबाट जोड्न खोजे र प्रधानमन्त्रीसँग मिलेर जनकपुर-अयोध्या बस सेवाको सुरूआत गर्नुका साथै बहुचर्चित रामायण सर्किटको उद्घाटन पनि गरे। यो रामायण सर्किट रामायणकाली सभ्यताको झझल्को मात्र दिदैन यद्यपी नेपाल र भारतको सम्बन्धमा नया सेतु पनि थपेको छ।

यद्यपी, जनकपुरको बाह्र बिघाको मैदान होस् वा काठमाडौंको राष्ट्रियसभा गृह होस, दुबै ठाउँमा जहाँ उनले नागरिक अभिनन्दनबाट विभूषित भए, उनले नेपालको संविधान, मधेशीलाई उपेक्षित गरिएको/नगरिएको, अर्थात राजनीतिक विषयमा बोल्दै बोलेनन्। पौराणिक सम्बन्ध, रामजानकी सम्बन्ध, मुक्तिनाथ तथा पशुपतिनाथ सम्बन्धबारे उनको व्याख्या सारगर्भित मात्र थिएन, ती क्षेत्रको विकासका लागि उनको प्रतिवद्धता पनि थियो।

कन्याकुमारीदेखि पशुपतिनाथको सम्बन्ध, मुक्तिनाथको प्रसंशा, जनकपुरबिना अयोध्याको अधुरोपन लगायतका विषयमा उनको चर्चाले मधेशको मात्र होइन आम नेपालीको मन जितेको छ।

विगतका तीतामीठा कुरा बिर्सेर वर्षौंदेखिको सम्बन्धलाई नयाँ उचाई दिन सरकारले अग्रसरता लिएपछि नागरिकले पनि नाकाबन्दीको पीडा मनमै राखेर भए पनि मोदीको स्वागतमा त्यति कञ्जुस्याई गरेका छैनन्।

मोदीले रामायण सर्किटको विकासको अवधारणालाई अगाडि बढाउन र जानकीधामको सर्वाङ्गिण विकासका लागि १ अर्ब सहयोग गर्ने घोषणा पनि गरे, जुन अनुकरणीय मात्र होइन, नेपाल र भारतबीचको सम्बन्धको एउटा कोशे ढुंगा पनि हो।

समग्रमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण सुःखद रह्‌यो। मोदीको जनकपुर, पशुपतिनाथ र मुक्तिनाथ भ्रमणले नेपालमा धार्मिक पर्यटकमा उल्लेखनीय वृद्धि हुने निश्चित छ। आगामी १० वर्षमा ५० लाख पर्यटक भित्र्याउने लक्ष्यमा यो भ्रमणले प्रभाव पार्छ। मोदी न मधेशी दललाई समर्थन गर्न आएका थिए न नेपाली जनतासँग नाकाबन्दीको माफी माग्न नै। धार्मिक भ्रमण मुख्य उद्देश्य लिएर नेपाल आएका मोदीले राजनीतिक दलका नेताहरूसँग भेटवार्ताको क्रममा अब सबै दलहरू मिलेर विकासमा लाग्न आग्रह गरे। नेपालको विकासमा भारतको सहयोग सदैव रहने विश्वास दिलाएको पनि यस भ्रमणका विभिन्न आयामहरूबाट बुझ्न सकिन्छ।

# संविधान भारत सरकारले सच्याउने कि नेपाल सरकारले ?



**जुनैद अन्सारी**
**पूर्वसांसद, नेकपा एमाले**

यदि उहाँहरूलाई संविधान स्वीकार्य छैन भने किन त्यसैलाई टेकेर चुनाव लड्नुभयो, त्यो संविधानले दिएको अक्षरशः शपथ ग्रहण किन गर्नुभयो, त्यो संविधानले गरेको व्यवस्था अनुसार मुख्यमन्त्री किन हुनुभयो ? सबै काम गर्ने अनि संविधानै स्वीकार छैन भन्न मिल्दैन । त्यो त नुन खाएर नुनसँग धोका गरेको भयो ।

**० भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको यस पटकको नेपाल भ्रमण कस्तो रह्यो ?**

– भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको यस पटकको भ्रमणलाई उपलब्धीमूलक नै मान्नुपर्छ । मोदी प्रधानमन्त्री भएको एकै कार्यकालमा तीनपटक नेपालको भ्रमण गर्नुभएको छ । मोदी प्रधानमन्त्री हुनु अगाडि इन्द्र कुमार गुजरालको नेपाल भ्रमणपछि १७ वर्षमा कुनै भारतीय प्रधानमन्त्रीको रूपमा मोदीको नेपाल भ्रमण भएको हो । तर, नेपालका प्रत्येक प्रधानमन्त्रीको शपथ ग्रहणपश्चात् पहिलो भ्रमण भारत नै हुने गरेको छ ।

**० मोदीको नेपाल भ्रमणका उपलब्धी के हुन् ?**

– विगतमा जसका कारणले नेपाल र भारतबीचको सम्बन्ध चिसिएको थियो त्यसलाई सुधार्न मोदीले यसपटक नेपालको यात्रा गर्नुभएको हो ।

**० पहिलाको परम्परागत भ्रमणभन्दा यसपटक फरक रहेको विश्लेषण गरिन्छ, के भन्नुहुन्छ ?**

– यसलाई सामान्य रूपमा म लिन्छु । नेपालको प्रधानमन्त्रीले हालै गर्नुभएको भारत भ्रमणका क्रममा मोदीलाई नेपालको भ्रमण निम्ता दिनुभएको थियो र त्यसको एक महिनाभित्रै मोदी नेपालको भ्रमण गर्ने तत्पर हुनुभयो र उहाँले तीर्थाटनका लागि आउने भन्नुभयो । उहाँले राजनीतिक यात्राभन्दा धार्मिक यात्रा गर्ने भन्नुभयो । उहाँले विगतमा पनि काठमाडौं आउँदा पशुपतिनाथको दर्शन गरिसक्नु भएको छ । त्यसपछि जनकपुरधाम र मुक्तिनाथको दर्शन बाँकी थियो । सोही अनुसार पहिला जनकपुरधाम जाने र पछि काठमाडौं र मुक्तिनाथको दर्शन गर्ने उहाँको कार्यक्रम बन्यो ।

**० जनकपुरधामको आसपासका क्षेत्रमा विकासका लागि भारतीय प्रधानमन्त्रीले एक अर्ब दिने घोषणा गर्नुभएको छ, यसलाई कसरी लिनुभएको छ ?**

– जनकपुरलाई एक अर्ब रूपैयाँ दिने भारतीय प्रधानमन्त्रीले जुन घोषणा गर्नुभयो, त्यो केन्द्रीय सरकारमार्फत नै राज्य सरकारको हाथमा जाने हो । राज्य सरकारका मुख्यमन्त्रीले घोषित रकम सिधा आफू कहाँ आउनु पर्ने भन्दैछन्, त्यसो होइन । भारत सरकारको घोषणा के छ भने जनकपुर क्षेत्रको विकासका लागि त्यो रकम दिइएको हो । नेपाल सरकारको निमन्त्रणामा भारतको प्रधानमन्त्री आउँदा र एउटा क्षेत्र विशेषको विकासका लागि रकम प्रदान गर्छु भन्दा त्यो रकम केन्द्र सरकारको हातमा जान्छ । केन्द्र सरकारले योजना बनाएर जनकपुर क्षेत्रको विकासमा खर्च गर्ने हो । तर यसबाट जनकपुरको विकास हुन्छ भने राम्रो कुरो हो ।

**० जनकपुरधाममा नागरिक अभिनन्दन कार्यक्रममा प्रदेश २ का मुख्यमन्त्रीले गरेको सम्बोधर्न सच्याउनु पर्छ हो ?**

– प्रदेश २ का मुख्यमन्त्रीले आफ्नो गरिमा र पदलाई अवमूल्यन गरेर अभिव्यक्ति दिनु हुँदैन्थ्यो । संविधानलाई स्वीकार गरेर चुनाव लड्ने, शपथ ग्रहण गरेर मुख्यमन्त्री बन्ने, त्यो संविधानले गरेको व्यवस्थाअनुसार सरकार चलाउने लगायत सम्पूर्ण काम गर्ने अनि संविधानप्रति असन्तुष्टि जनाउने किन ? यदि असन्तुष्टि छ भने त्यो नेपाल सरकारसँग गर्नुपर्छ । भारतका प्रधानमन्त्री अतिथिको रूपमा आएका बेला उनको अगाडि दण्डवत् गरेर सुनाउनुको कुनै अर्थ हुँदैन ।

**० उहाँले के भन्नुपर्ने थियो ?**

– उहाँले त मोदीलाई स्वागत गर्नुपर्ने थियो । तपाईं जनकपुर आउनुभयो, हामी स्वागत गर्छौं, हामी खुशी छौं, तपाईं नेपाल र नेपालीका लागि के कति गर्न सक्नुहुन्छ गर्नुस् भन्ने कुरा गर्नुपर्थ्यो । तर, आफ्ना मर्यादालाई बिर्सेर आफूलाई तल खसाएर त्यसरी कुरा गर्नु हुँदैन्थ्यो । उहाँको त्यो अपरिपक्वता हो ।

**० उहाँले आफ्ना कुरा जनतालाई सुनाउन भनेको, विदेशी भूमिमा गएर त नभनेको लगायतको तर्क छ नि ?**

– छिमेकी भनेको पर्दा गर्दा एकअर्कालाई सहयोग गर्ने हो । तर, मेरो घरको हरेक कुरामा तिमी हस्तक्षेप गर भन्ने कुरा गलत हो ।

**० तर, उहाँले हस्तक्षेप गर्न भन्नुभएको छैन नि ?**

– त्यो कुरा सुनाउनुपर्ने कुनै औचित्य नै थिएन । उहाँले प्रधानमन्त्रीलाई स्वागतका लागि भाषण गर्नुपर्ने थियो । समग्र नेपालको विकासमा भारतको सहभागिता हुनुपर्‍यो भन्नुपर्ने थियो । भारतले वाचा रहेका प्रतिबद्धताहरू पूरा गराउन कुरा उठाउनुपर्ने थियो । त्यो सब नभनेर अनावश्यक कुरा जसमा मोदीको कुनै चासो नै छैन, उहाँले केही गर्न सक्नुहुन्न त्यो कुरालाई उठाएर आफ्नै गरिमा खसाल्ने कुरा गर्नुभयो ।

**० आफ्नो घरका मान्छेले कुरा नसुनेपछि छिमेकीलाई भन्न नहुने ?**

– यदि उहाँहरूलाई संविधान स्वीकार्य छैन भने किन त्यसैलाई टेकेर चुनाव लड्नुभयो, त्यो संविधानले दिएको अक्षरशः शपथ ग्रहण किन गर्नुभयो, त्यो संविधानले गरेको व्यवस्था अनुसार मुख्यमन्त्री किन हुनुभयो ? सबै काम गर्ने अनि संविधानै स्वीकार छैन भन्न मिल्दैन । त्यो त नुन खाएर नुनसँग धोका गरेको भयो । हिम्मत छ भने मैले भनेअनुसार संविधान संशोधन हुँदैन भने विद्रोह गर्छु, यो संविधानका कुरा अंगीकार गर्दैनौं भन्नुपर्छ । संविधानले दिएको सबै सुविधा अनुसार भोग पनि गरि रहने र संविधानलाई गाली पनि गरि रहने सुहाउने कुरो होइन ।

**० तर, उहाँहरूले यो संविधानका केही बुँदामाथि मात्रै असन्तुष्टि छ, सम्पूर्ण संविधान नै स्वीकार छैन भन्नुभएको त छैन नि ?**

– ती बुँदा कसले सच्याउने, भारत सरकारले सच्याउने हो कि नेपालको सरकार, संसद र दलहरूले सच्याउने ।

**० तपाईंकै पार्टीका अध्यक्ष अहिले प्रधानमन्त्री हुनुहुन्छ, उहाँले विश्वासको मत लिने बेलामा संशोधन गर्छु भनेर संसदमै घोषणा गर्नुभयो, तर अहिलेसम्म किन गर्नुभएन ?**

– हाम्रो सुरूदेखिको धारणा के रहेको छ भने यो संविधान कुनै धार्मिक ग्रन्थ होइन जसलाई संशोधन गर्न मिल्दैन । यो संविधान सयकडौं पटक संशोधन हुन्छ । तर, उहाँहरूले संशोधन गर्न चाहेको विषयमा कन्भिन्स गर्न सक्नुपर्‍यो नि । कुन कुन कुरा स्वीकार छैन भन्ने प्रष्ट राख्नुपर्छ । तर, उहाँहरूले उठाउनु भएको मुद्दालाई राजनीतिकरण मात्र गरिएको छ ।

**० तर, उहाँहरूले आफ्ना माग पटक-पटक सरकारलाई बुझाउँदै आउनुभएको छ ?**

– उहाँहरूले संशोधनको औचित्य प्रमाणित गर्न सक्नु भएको छैन । पहिला संशोधनको औचित्य प्रमाणित गर्न सक्नु पर्‍यो नि । वाम गठबन्धनलाई जनताले जुन म्यान्डेट दिएको छ त्यो कुरालाई मान्ने कि नमान्ने ? उहाँहरू पाँच/सात वटा सांसद जित्नु भएको छ अनि २०६ वटा जितेको पार्टीलाई मैले भनेअनुसार गर भन्न मिल्छ । सबैलाई थाहा छ, मधेशी दलहरू राजनीतिक एजेन्डालाई जिवित राख्न चाहेका छन् । होइन भने यो एजेन्डा सक्यो भने उनीहरूको राजनीति गर्ने एजेन्डा नै समाप्त हुन्छ । त्यसैले यो एजेन्डालाई जिवित राख्ने र यसैलाई भजाएर उपयोग गर्ने नीति छ मधेशी दलहरूको ।

**० मधेशी दलहरूले उठाउँदै आएको एजेन्डा वास्तवमा मधेशको समस्या हो कि होइन ?**

– यस विषयमा बहस गर्न धेरै समय चाहिन्छ । यसको निष्कर्षको रूपमा भन्नुपर्दा, मधेशको आधारमा राजनीति गरिरहेका दलहरूले र वाम गठबन्धनसँग वार्तामा बस्नुपर्छ । प्रत्येक समस्याको समाधान वार्ताको माध्यमबाट नै हुन्छ । मधेशी नेताहरू पनि इमान्दार हुनुपर्छ । मधेश आन्दोलनमा धेरै शहीद भए तर उनीहरू प्रदेशसभा तथा प्रतिनिधिसभामा कति जना शहीद परिवारलाई सांसद बनाए ? आफ्ना नातागोता र पैसाको आधारमा सांसद बनाउने अनि मधेशको लागि राजनीति गर्छु कसरी भन्न सकिन्छ । मधेशी जनता सोझो हुन्, केही दिन भ्रममा बस्छन् तर उनीहरू सबै कुरा बुझिरहेका छन् ।

**० तर, मधेशी दलले प्रदेशसभामा शहीद पत्नीलाई सांसद बनाएको छ । वीरगन्ज महानगरमा शहीद पत्नीलाई जागिर दिएको छ नि ?**

– एक जनालाई सांसद बनाइदियो भने कुन ठूलो कुरो भयो । जागिर त जसलाई पनि दिइन्छ । एक दुई जनालाई जागिर दियो भन्दैमा सबै मधेशी जनताप्रति न्याय गरेको भन्ने म मान्दिन । एक शहीदको बहिनीलाई प्रदेशसभा सदस्य दिए तर त्यसको बदलामा आफ्ना कति श्रीमती, बुहारी, सम्धी, र सम्धिनीलाई दिए, त्यो पनि हेर्नुपर्छ ।

**० एमाले र माओवादी केन्द्रबीच एकताका लागि लामो समयदेखि छलफल हुँदैछ, कहिलेसम्म एकता हुन्छ ?**

– हामीसँग अनुभव छ, सानो-सानो पार्टीबीचको एकीकरणले पनि स्थिरता पाउँदैन । आज एकीकरण हुन्छ, दुई महिनापछि विभाजित हुन्छ । तर, नेकपा एमाले र माओवादी केन्द्र देशका ठूला राजनीतिक दल हुन् । ग्रास रूटसम्म यिनका कमिटीहरू छन् । यत्रा ठूला कमिटीहरूलाई मिलाएर पार्टी एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पूरा गर्नुपर्छ । यसका लागि समय लाग्छ । एमाले र माओवादीबीचको एकीकरण अवश्यमभावी छ । यसलाई कसैले टार्न सक्दैन ।

**० यसको समयसीमा ?**

– समयसीमा भन्न सकिँदैन । किनभने थुप्रै कुराहरू मिलाउनुपर्ने हुन्छ । एकीकरणका लागि गठन भएका विभिन्न समितिहरूले काम गर्दैछन् । सक्दो चाँडो पार्टी एकीकरण हुन्छ भन्ने विश्वास दिलाउन चाहन्छु ।

**० समय-समयमा नेताहरूको अभिव्यक्तिका कारण एकताप्रति आशंका पनि उत्पन्न हुने गरेको छ नि ?**

– कुन बेला को नेता कहाँ गएर बोल्नुहुन्छ, त्यसमा नजाऔं । एमाले र माओवादी केन्द्रबीचको एकीकरण नेताको होइन, समग्र नेपाली जनताको चाहना हो । यो देशमा अब एमाले र माओवादी एकजुट हुनुपर्छ र यो देशलाई समृद्धि र विकासतर्फ लानुपर्छ भन्ने जनताको भावना हो । त्यसकारणले नेताले चाहेर वा नचाहेर एकीकरण भंग हुँदैन ।

# मुख्यमन्त्रीको अभिव्यक्ति फिर्ता हुँदैन



**मनिष सुमन**
**प्रदेशसभा सदस्य, प्रदेश २, राष्ट्रिय जनता पार्टी नेपाल**

म उहाँलाई समर्थन गरेको गठबन्धनको हैसियतले भन्छु उहाँले थोरै बोल्नुभयो, अझै र अरू पनि बोल्नु पर्थ्यो । संविधानमा विभेद छ र संविधान संशोधन हुनुपर्छ भन्ने विषयमा मात्र बोल्नुभयो । यो मुलुकमा मधेशी समुदायको पहुँच, पहिचान र प्रतिनिधित्व स्थापित भएको छैन त्यो विषयमा पनि उहाँले बोल्नुपर्दथ्यो ।

**० भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणलाई समग्रमा कसरी लिनुभएको छ ?**

– पहिले नेपाल र भारत सरकारकोबीचमा मात्र सम्बन्ध रहेको छ भन्ने बुझिन्थ्यो । तर, नरेन्द्र मादोजीले जनकपुरबाट आफ्नो भ्रमण प्रारम्भ गर्दा जनता-जनता बीचमा सम्बन्ध रहेको छ भन्ने प्रमाणित भएको छ । उहाँले आफ्नो तीर्थाटन माता जानकीको जन्मस्थानबाट सुरू गर्नुभयो । हाम्रो प्रदेशका जनता, जनकपुरबासी र सम्पूर्ण नेपाली हर्षित भएका छौं ।

**० केपी ओलीको भारत भ्रमण लगतै मोदीको नेपाल भ्रमण भएको छ । यस्ता भ्रमणहरूले दीर्घकालमा नेपाल र भारतको सम्बन्धमा कस्तो प्रभाव पार्छ ?**

– प्रधानमन्त्री ओली भारत भ्रमणमा गएर औपचारिक रूपमा नै नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा दिनुभएको थियो । त्यही निमन्त्रणलाई स्वीकार गर्दै मोदीको नेपाल भ्रमण भएको हो । आफ्ना भाषणका क्रममा आवत जावतले सम्बन्ध झन् प्रगाढ हुन्ने मोदीजीले नै बताउनुभएको छ । यस्ता भ्रमणहरू भइराख्नुपर्छ भन्ने लाग्छ ।

**० जनकपुरमा नागरिक अभिनन्दका क्रममा नरेन्द्र मोदीले गर्नुभएको सम्बोधनलाई कसरी हेर्नुभएको छ ?**

– अत्यन्तै राम्रो सम्बोधन थियो । नरेन्द्र मोदीजी विश्वकै उत्कृष्ट भाषण गर्ने प्रधानमन्त्रीमा पर्नुहुन्छ । नरेन्द्र मोदीले नेपालमा गर्नुभएको भाषण मात्र होईन अन्य भाषणहरू पनि मैले हेर्न, सुन्ने गरेको छु । उहाँको शैलीबाट म प्रभावित छु । जनकपुरमा उहाँको प्रस्तुति अद्वितीय थियो । कुनै अर्को देशबाट भ्रमणमा आएको व्यक्तिले हाम्रा गाउँघरका नाम लिनु, दुई देशबीचको समानताको २० औं वटा उदाहरण दिनु, हाम्रो इतिहासको बारेमा वाचन गर्नु सानो कुरा थिएन ।

**० उहाँको सम्बोधनको मूल सन्देश के पाउनुभयो ?**

– उहाँको सम्बोधनमा दुई देशको सम्बन्ध प्रगाढ हुनुपर्छ भन्ने मुख्य थियो । हाम्रो माता र आस्था एकै, हाम्रो परिश्रमको वासना एकै, हाम्रो पराक्रम एकै, हाम्रो समस्या र समाधान एकै, हाम्रो सभ्यता र संस्कृति एक्कै । यी सबैमा हामी एकै हौं । एउटा सीमाले छेकेको मात्र छ । मोदीजीको सम्बोधनबाट यी सबै विषयहरूलाई पुनस्थार्पित गरेको छ ।

**० नरेन्द्र मोदीले जनकपुरधाम र आसपासको क्षेत्रका लागि १ अर्ब रूपैयाँ सहयोग घोषणा गर्नुभएको छ यो रकम कुन क्षेत्रमा खर्च गरिने छ ?**

– भगवान रामले सीतालाई लिन कुन-कुन मार्ग भएर आउनुभएको थियो, त्यो सडक अथवा होलीको समयमा परिक्रमा गरिने सडक निर्माणको लागि यो रकम दिइएको हो । प्रदेश सरकारसोही उद्देश्यका लागि यो रकम खर्च गर्छ ।

**० यो सहयोग रकम केन्द्रीय सरकार मार्फत दिइने घोषणा भएको छ, यो रकम केन्द्रिय सरकारले खर्च गर्ने कि प्रदेश सरकारले ?**

– यो सहयोग प्रदेश सरकार, केन्द्रीय सरकार र जनकपुरधामबीच अन्तरसम्बन्धित रहेको छ । केन्द्रीय सरकार र स्थानीय सरकारले सहकार्य गरी यो रकम खर्च गर्नेछ ।

**० भारतले विभिन्न क्षेत्रमा सहयोग घोषणा गर्छ तर समयमा रकम निकासा गर्दैन भन्ने गुनासो छ ?**

– भारतको आर्थिक सहयोग मात्रको पनि हामी धेरै ऋणी छौं । भारत सरकारले हाम्रा धेरै बालबालिकालाई छात्रवृत्तिमा पढाएको छ । त्यसको लागि पनि धन्यवाद दिनुपर्छ । घोषणा गर्ने बित्तिकै रकम निकासा हुन्छ भन्ने छैन । त्यो एउटा प्रक्रियागत हिसाबले आउँछ । त्यो प्रक्रियाको क्रममा लागेको ढिलाइलाई स्वभाविक रूपमा लिनुपर्छ ।

**० नागरिक अभिनन्दकै क्रममा प्रदेश २ का मुख्यमन्त्रीले जुन अभिव्यक्ति दिनुभयो त्यस विषयमा विभिन्न किसिमको टिका टीप्पणी भइरहेको छ । यसलाई कसरी लिनुभएको छ ?**

– मुख्यमन्त्रीज्यूले जुन आँटको साथ यो विषय उठाउनुभयो यसको लागि म धन्यवाद दिन चाहन्छु । एमाले र माओवादीको समर्थित सरकार संचालनमा आएदेखि तिनका नेताहरू मनमा कुण्ठा राखेर बोल्ने गर्थे तर मोदीजीको नागरिक अभिनन्दनमा मुख्यमन्त्री राउतले थोरै भएपनि प्रष्टताका साथ कुरा उठाए । उहाँले मधेशी जनताको पहिचान, प्रतिनिधित्व र मधेशी जनतको राज्यसत्तामा पहुँचको बारेमा झन् प्रष्ट पार्नुपर्दथ्यो तर यो सबै कुरा नभने पनि संविधानमा विमति छ हैं भनेर जसरी भन्नुभयो यसको लागि म र मेरो पार्टी मुख्यमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छ । अनेक टिप्पणीकारहरूले यस विषयमा टिप्पणी गरिरहका छन् तर उनीहरूले १२४ जना मधेशीलाई गोली हानेर मार्दा कुनै टिप्पणी नगर्ने ? हामी स्वाभिमानका लागि सडकमा आन्दोलन गर्दा, संविधान संशोधनको विषय उठाउँदा भारतीय विस्तारवादी भन्ने, आज मुख्यमन्त्रीले यी विषयहरू उठाउँदा भारतीय एजेन्ट भनेर तथानाम आरोप लगाउनु कुकर्म हो ।

**० मुख्यमन्त्रीको अभिव्यक्ति कुटनीतिक मर्यादा विपरित भयो भनेर पनि आलोचना भइरहेको छ नि ?**

– नेपालको संविधान २०७२ को ५,६ र ७ अनुसूचीले केन्द्रीय, प्रदेश र स्थानीय सरकारको काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ । त्यहाँ उल्लेख गरिएकोमा पनि धेरै कुराहरू छुटेका छन् । काठमाडौंका केही टिप्पणीकर्ताहरूले विदेश नीति यस्तो हुनुपर्ने, स्थानीय र प्रदेश सरकारको काम यस्तो यस्तो हो भनेर भन्ने होईन । संविधानको अनुसूचीहरूलाई आधार मान्दा पनि केन्द्रीय सरकारले सबै काम कर्तव्य र अधिकारहरू प्रदेश सरकारलाई नदिएर आफैंसँग राखेको छ । ती अधिकारहरू बाँड्नुपर्छ भन्ने नै हाम्रो माग हो । हिजो पनि हामीले मधेश आन्दोलन गरिरहँदा हाम्रा मोर्चाका अध्यक्षजीहरूले भारतको दिल्ली गएर सबै कुरा सुनाएकै हुन् त्यतिखेर पनि यस्ता टिप्पणीहरू आएकै थियो । तसर्थ हामी यस्ता टिप्पणीको पछाडि लाग्दैनौं । भारत हाम्रो अटुट मित्र हो । रातीको अँध्यारोमा टर्चको आवश्यकता पर्‍यो भने हामी छिमेकीसँग माग्छौं । त्यही टर्च माग्ने छिमेकी हाम्रो भारत हो । जापानले धेरै राम्रो टर्च बनाउँछ भनेर माग्दा माग्दै रात बित्छ । मुख्यमन्त्रीले सम्बोधनमा जुन विषयहरू उठाए ती उचित थिए ।

**० संविधान संशोधनको माग प्रधानमन्त्री केपी ओलीसँग राख्नुपर्ने हो कि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग ?**

– हाम्रो आन्दोलनको एउटा उद्देश्य भनेको मधेशका मुद्दा र मागलाई अन्तर्राष्ट्रियकरण गराउनु पनि हो । देश र दुनियाँमा हामीले आफ्नो पोसाकलाई स्थापित गराउँ, आफ्नो मागलाई स्थापित गराउँ भन्ने उद्देश्य अनुरूप नै हामी सधैं मधेशको मुद्दाहरूलाई अन्तर्राष्ट्रियकरण गरिरहेका हुन्छौं । ओलीज्यूलाई त हामीले कतिपटक भनिसक्यौं ध्यान नै दिनुहुन्न । अझ पनि उहाँले प्रधानमन्त्रीमा समर्थन लिनको लागि तपाईंहरूको संविधान संशोधनको माग पुरा गरिदिन्छु भन्नुभएकै छ । त्यही संविधान संशोधनको सर्तमा बाम गठबन्धले उठाएको राष्ट्रपति र सभामुखको उम्मेदवारलाई मत दियौं र स्वयम केपी ओलीज्यूलाई प्रधानमन्त्री बनाउन पनि हामीले मतदान गर्‍यौं । भोट लिइ सकेपछि उहाँ कहिले रारा तालको छेउमा चिसो हावा खाँदै हुनुहुन्छ, कहिले सानो सानो बच्चालाई विद्यालय भर्ना गर्दै हुनुहून्छ, कहिले विदेश घुम्दै हुनुहन्छ अर्थात् प्रधानमन्त्री रमाउँदै हुनुहुन्छ र आफ्नो वाचा बिर्सदैं गइरहुन भएको छ । हामी उहाँलाई दिएको समर्थन यथावत राखौं कि फिर्ता गरौं भन्ने सोचमा छौं । राजपाले निकट भविष्यमा बैठक गरेर यो विषयमा गम्भीर पुनरावलोकन गर्नेछ ।

**० मुख्यमन्त्रीको अभिव्यक्ति सच्याउनुपर्छ भनेर संसदमा पनि कुरा उठेको छ, तपाईंलाई के लाग्छ ?**

– हाम्रा मुख्यमन्त्रीले पनि भनिसक्नु भएको छ म सम्बोधन सच्याउँदिन । म उहाँलाई समर्थन गरेको गठबन्धनको हैसियतले भन्छु उहाँले थोरै बोल्नुभयो, अझै र अरू पनि बोल्नु पर्थ्यो । संविधानमा विभेद छ र संविधान संशोधन हुनुपर्छ भन्ने विषयमा मात्र बोल्नुभयो । यो मुलुकमा मधेशी समुदायको पहुँच, पहिचान र प्रतिनिधित्व स्थापित भएको छैन त्यो विषयमा पनि उहाँ बोल्नुपर्दथ्यो । तर कुनै पनि हालतमा उहाँको आफ्नो अभिव्यक्ति सच्याउनु पर्दैन, उहाँले फिर्ता पनि लिनुहुन्न ।

**० केपी ओली नेतृत्वको सरकारलाई समर्थन गर्नुभएको छ संविधान संशोधनको लागि त्यस विषयमा पार्टीभित्र के गृहकार्य भईरहेको छ ?**

– राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका संयोजक महनथ ठाकुर अहिले बिरामी हुनुहुन्छ । तर हामी निकट भविष्यमा पार्टीका बैठक सुचारू गर्छौं । अब हुने बैठकमा केपी ओलीलाई दिँदै आएको समर्थनलाई निरन्तर राख्ने कि फिर्ता लिने भन्ने विषयमा निर्णय गर्नेछौं । यो सरकारलाई दिँदै आएको समर्थन व्यर्थ हो भन्ने हामीलाई लाग्न थालेको छ । हामीले सरकारलाई समर्थन गर्दै गर्दा राखेका मागहरूमा सरकार गम्भीर देखिएन । त्यसैले अब समर्थनलाई निरन्तरता दिनुको कुनै औचित्य छैन फिर्ता लिनुपर्छ ।

**० समर्थन फिर्ता लिएर प्रतिपक्षमा बस्ने कि आन्दोलनमा जाने ?**

– संर्घष त जारी नै छ । सडक, सदन र सरकारमा जहाँ भए पनि हामी आन्दोलनमै थियौं । अहिले हामी सदन संघर्षमा छौं। आवश्यक पर्‍यो भने सडक संघर्षमा पनि जान तयार छौं ।

**० तपाईहरू प्रदेश २ मा सरकारको नेतृत्व गर्ने तर केन्द्रमा प्रतिपक्षमा बस्ने अनि सडक संघर्ष उचित होला ?**

– प्रदेश २ मा जनताको म्यान्डेट अनुसार सरकारमा छौं । राजपा र फोरमको संयुक्त गठबन्धनले संयुक्त रूपमा चुनाव लडेपछि स्पष्ट रूपमा हामीलाई बहुमत आयो र सोही मतको आधारमा हामी सरकार सञ्चालन गरिरहेका छौं । केन्द्रको सरकारमा जान हामीलाई अनुमति दिइएन । केन्द्रको सरकारलाई समर्थन गरेका हौं र त्यो पनि निरन्तर हुन्छ कि हुँदैन भन्न सकिन्न । सरकारमा रहेर पनि सडक संघर्ष गर्न सकिन्छ तर अहिले तुरून्तै सडक संघर्ष गर्ने योजना छैन । अहिले सदन संघर्ष जारी छ ।

# प्रदेश २ र भारतबीच आर्थिक विकासमा साझेदार चाहन्छौं

हाम्रो छिमेकी राष्ट्र भारतका यशस्वी प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीज्यू, मञ्चमा आसिन संघीय सरकारका माननीय मन्त्रीगण, संघीय समाजवादी फोरमका अध्यक्ष मा. उपेन्द्र यादवज्यू, मा. राजेन्द्र महतोज्यू, नेपाली कांग्रेसका उपभापति विमलेन्द्र निधिज्यू, जनकपुर उपमहानगरपालिकाका प्रमुख, विशिष्ट व्यक्ति एवं उपस्थित जनसमुदाय,

जनक नन्दिनी जानकीजीको पावन भूमि मिथिला नगरी जनकपुर भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीज्यूको भ्रमणबाट प्रदेश नं. २ का सरकार एवं यहाँका जनसमुदाय गौरवान्वित अनुभूति गरिरहेको छ। प्राचीनतम् एवं ऐतिहासिक मिथिलाको पावन धर्तीमा तपाइँको आगमन हुनु न केवल ऐतिहासिक हो बल्कि चीरस्मरणीय अवसर हो। यसका तीन कारण छन्, पहिलो त नव गठित प्रदेश सरकार र मधेशी समुदायको पहिचान संसारभर स्थापित भएको छ, दोस्रो विकासका सम्भावनाहरूको माग प्रशस्त भएको छ र तेस्रो दुवै मुलुकका बीच धार्मिक एवं सांस्कृतिक सम्बन्ध झन् गहिरो भएको छ।

**महामहिमज्यू,**

नेपाल र भारतका सम्बन्ध अनादिकालदेखि चलिआएको छ। यो सम्बन्ध रामायणकालीन समयदेखि अझ बढी गहिरो भयो जब भगवान श्री रामको पाणीग्रहण जनक नन्दिनी जानकीसँग सम्पन्न भयो। त्यो समयदेखि आजसम्म हाम्रो दुवै देशका बीच खला सीमा रहेको कारण प्रत्येक वर्ष हजारौं हजार मानिसको विवाह नेपाल भारतको सीमावर्ती क्षेत्रमा हुने गरेकोले हाम्रो जुन परम्परागत सामाजिक एवं सांस्कृतिक सम्न्ध छ, दिन प्रतिदिन नविनता हुँदै गएको पाइएको छ। नेपाल भारत सीमावर्ती क्षेत्रमा बेटीरोटीको सम्बन्धले हामी भावनात्मक रूपबाट बढी नजिक हुँदै आएका छौं। हाम्रो दुवै देशका बीच जुन राजनीतिक सीमा छ त्यसले हामीलाई कहिल्यै पनि अलग गर्न सकेको छैन। यसका साथै नेपाल भारतका बीच खुला सीमा हाम्रो बीच सेतुको रूपमा जोड्ने काम गरेको छ। जसबाट दुवै राष्ट्रहरूको बीच सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक सम्बन्ध अत्यन्तै सशक्त एवं अटुट रहेको छ। वर्तमान परिवेशमा हामी तपाइँको स्वागत गर्ने जुन अवसर प्राप्त भयो, हाम्रो लागि सौभाग्य हो।

दुवै देशका बीच जुन सामाजिक, सांस्कृतिक एवं धार्मिक सम्बन्धलाई जनताको विकास, समृद्धि र खुशियालीका लागि सडक, रेल एवं हवाई मार्गबाट जोड्नुपर्ने आवश्यकता छ। रामायण सर्किटको माध्यमबाट जनकपुर र अयोध्याको युगल जोडी शहरको रूपमा मौलिकतालाई बचाउँदै धार्मिक पर्यटन स्थलको रूपमा विकास गर्नु आजको आवश्यकता हो। रामजानकी मार्ग जुन यी दुवै पवित्र धार्मिकस्थललाई जोड्ने छन्, त्यसलाई ती क्षेत्रहरूलाई जाड्नुपर्छ जुन मार्ग हुँदै प्रभु राम जनकपुर आउनुभएको थियो।

**महामहिमज्यू,**

अब म तपाइँको ध्यान प्रदेश नं. २ मा आकर्षित गराउन चाहन्छु। यो प्रदेश आर्थिक रूपमा अत्यन्त पिछडिएको छ। राज्यद्वारा मधेशीहरू माथि जारी विभेदकारी नीतिहरू र पूर्वाग्रह एवं विद्वेषपूर्ण मानसिकताका कारण नै मधेशका जनता तुलनात्मक रूपमा अत्याधिक गरिबी, बेरोजगारी, अभावग्रस्त, शोषित एवं उत्पीडित जीवन बाँच्नका लागि विवश छन्। मधेश विकासको मामिलामा अत्यन्तै पछाडि रहेको छ। हाम्रो संघर्ष आज पनि विभेदकारी संविधान र प्रादेशिक अधिकारहरूका लागि जारी छ। हामी नेपालको अभिन्न अंग हौं तर हामी चाहन्छौं कि हाम्रो मुलुकमा पनि बिना भेदभावपूर्ण कुनै पनि जाति, वर्ग र समुदायका मानिस राज्यका हरेक तह, तप्का र निकायमा उसको क्षमता र योग्यताको आधार पहुँच हुन सहज अवसर मिलोस्। जस्तै, महामहिम तपाइँ एक सामान्य परिवारबाट हुँदा पनि भारतको सर्वोच्च कार्यकारी पदमा विराजमान हुनुहुन्छ।



मो. लालबाबु राउत गद्दी (मुख्यमन्त्री, प्रदेश २)

- हामी नेपालको अभिन्न अंग हौं तर हामी चाहन्छौं कि हाम्रो मुलुकमा पनि बिना भेदभावपूर्ण कुनै पनि जाति, वर्ग र समुदायका मानिस राज्यका हरेक तह, तप्का र निकायमा उसको क्षमता र योग्यताको आधार पहुँच हुन सहज अवसर मिलोस्।
- हाम्रो संघर्ष आज पनि विभेदकारी संविधान र प्रादेशिक अधिकारहरूका लागि जारी छ।
- समस्याहरूको ठोस एवं दीर्घकालीन समाधान गरी कृषि उत्पादन गरी आर्थिक विकासमा एक नयाँ आयाम प्रस्तुत गर्न सक्छौं।
- हामी भारत र प्रदेश नं. २ का बीच आर्थिक विकासमा साझेदार बनाउन चाहन्छौं, जसमा तपाई (भारत)को सहयोग र भागिदारीको अपेक्षा गरेका छौं।
- प्रदेश नं. २ प्रति तपाईले जुन सद्भाव र प्रेम प्रकट गर्नुभएको छ यसलाई निरन्तर कायम राख्दै यस पवित्र भूमि जनकपुरमा पटक-पटक पाल्नुहोला।

हामी कृषि क्षेत्रमा हरित क्रान्तिको माध्यमबाट परिवर्तन ल्याउन चाहन्छौं। यसै प्रदेश हुँदै कैयौं नदीहरू बग्दै आएका छन्। जसमा कोशी, कमला, बाग्मती, रातो बिगही, खाँडो र बलान प्रमुख हुन्। तर पनि यी नदीहरूका पानीलाई उचित व्यवस्थापन हुन नसकेको कारणले वर्षात् मौसममा दुवै देशका जनता बाढी र अन्य समयमा सुक्खापनको सामना गर्नु परेको छ। यसबाट न केवल प्रदेश २ मा बल्कि बिहारका विभिन्न भूभागमा धनजनको अत्यधिक क्षति हुँदै आएको छ। यी समस्याहरूको ठोस एवं दीर्घकालीन समाधान गरी कृषि उत्पादन गरी आर्थिक विकासमा एक नयाँ आयाम प्रस्तुत गर्न सक्छौं। चुरिया संरक्षण र नदीहरूको नियन्त्रण तथा सुनकोशी कमला डाइभर्सन प्रोजेक्ट यस बाटोमा एक महत्वपूर्ण कदम हुन सक्छ।

अन्त्यमा, हाम्रो आस्थासँग जोडिएको मिथिला नगरी जनकपुरको अन्तर्राष्ट्रिय धार्मिक पर्यटकस्थलको रूपमा विकास गर्दै हामी भारत र प्रदेश नं. २ का बीच आर्थिक विकासका साझेदार बनाउन चाहन्छौं, जसमा तपाइँको सहयोग र भागिदारीको अपेक्षा गरेका छौं। म तपाइँप्रति आभार प्रकट गर्न चाहन्छु कि तपाइँले प्रधानमन्त्रीको रूपमा नेपालको जुन यो तेस्रोपटक भ्रमण गर्नुभयो, त्यसमा तपाइँले जगत जननी जानकीको पवित्र भूमि जनकपुरबाट नै आफ्नो यात्राको आरम्भ गर्नुभयो, हामी चाहन्छौं कि जनकपुरका साथै प्रदेश नं. २ प्रति तपाइँले जुन सद्भाव र प्रेम प्रकट गर्नुभएको छ यसलाई निरन्तर कायम राख्दै यस पवित्र भूमि जनकपुरमा पटक-पटक पाल्नुहोला र हामीलाई तपाइँको स्वागत गर्ने पुनित अवसर दिएर सौभाग्य प्रदान गर्नुहोला।

नेपाल र भारतबीच मैत्री सम्बन्ध सधैं अमर रहोस्।

धन्यवाद।

*(मिति २०७५ बैशाख २८ गते जनकपुरधाममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नागरिक अभिनन्दन कार्यक्रममा प्रदेश २ का मुख्यमन्त्री राउतले हिन्दीमा गरेको सम्बोधनको अनुवादित अंश)*

# नेपाल-भारतको १६ बुँदे संयुक्त वक्तव्य

१. प्रधानमन्त्री केपी ओलीको निमन्त्रणामा छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको दुईदिने राजकीय नेपाल भ्रमण सम्पन्न भएको छ।

२. प्रधानमन्त्री मोदीको यो दोस्रो राजकीय भ्रमण हो (सार्क शिखर सम्मेलनमा आउँदाको समेत तेस्रो हो)। यो भ्रमणमा अत्यन्तै न्यानो र सौहार्द वातावरणमा छलफल भयो। जसले दुई देशको मित्रताको गहिराइ बढ्नुका साथै समझदारी उच्च बनेको छ।

३. प्रधानमन्त्री ओलीको भारतको राजकीय भ्रमणका क्रममा गत चैतमा भएको नयाँदिल्ली समझदारीलाई कार्यान्वयनको तहमा लैजान प्रभावकारी उपायहरू अवलम्बन गरिने सहमति भएको छ। पुराना सम्झौताहरूलाई पनि प्रभावकारी रूपमा अघि बढाइनेछ। भारत भ्रमणमा भएका रेल, कृषि र 'वाटर इनल्यान्ड' का सहमतिलाई कार्यान्वयन तहमा पुऱ्याउन त्यसअनुरूपका काम प्रभावकारी ढंगले अघि बढाउने सहमति भएको छ।

४. दुई देशबीच रहेको निकट र बहुआयामिक सम्बन्धलाई समीक्षा गर्दै विभिन्न क्षेत्रहरूमा देखा परेका समस्यालाई समाधान र आपसी सम्बन्ध नयाँ उचाइमा पुऱ्याउन दुवै देशका प्रधानमन्त्रीले लगातार काम गर्ने प्रतिबद्धता व्यक्त भएको छ। आपसी सहयोगलाई विभिन्न तहमा निरन्तर अन्तर्क्रिया र सहकार्य गर्दै अझ बलियो बनाइनेछ। द्विपक्षीय सम्बन्ध बढाउन एकसाथ काम गरिनेछ। सामाजिक र आर्थिक साझेदारी विस्तारका लागि समानता र पारस्परिक सहकार्यमा सम्मान र लाभको सिद्धान्तमा आधारित विकास अघि बढाइनेछ।

५. दुई प्रधानमन्त्रीले द्विपक्षीय सम्बन्धको समग्र अवस्थाबार समीक्षा गर्न बनेको नेपाल-भारत संयुक्त आयोगलगायत दुईपक्षीय संयन्त्रहरूको नियमित बैठक गर्नेमा जोड दिएका छन्। आर्थिक तथा विकास सहयोगको विस्तृत कार्यान्वयन तथा परियोजनाका लागि त्यसलाई थप जोड दिएर अघि बढिनेछ।

६. दुई प्रधानमन्त्रीले नेपाल र भारतबीच व्यापार र आर्थिक सम्बन्धको महत्वलाई जोड दिएका छन्। भारतसँग नेपालको बढ्दो व्यापार घाटामा चासो व्यक्त गर्दै प्रधानमन्त्री ओलीले यसलाई सम्बोधन गर्न जोड दिए। यस सन्दर्भमा दुई प्रधानमन्त्रीलेअनधिकृत व्यापारलाई नियन्त्रण गर्न अन्तर सरकारी व्यापार, ट्रान्जिट र सहयोग समितिको निर्णयलाई संयुक्त रूपमा सक्रिय पार्दै नियन्त्रणको पहलकदमी गर्ने तय भएको छ। व्यापारको दुईपक्षीय सम्झौताको समीक्षा आरम्भ गरिनेछ। व्यापार सन्धि संशोधनबार छलफल गर्नुका साथै भारतीय बजारमा नेपाली उत्पादनको पहुँचलाई थप प्राथमिकता दिने र समग्र द्विपक्षीय व्यापार बढाउने सहमति भएको छ। भारत भएर तेस्रो मुलुकको व्यापारमा पनि सहयोग रहनेछ।

७. आर्थिक विकासका लागि दुई प्रधानमन्त्रीले जनस्तरको सम्बन्ध बढाउन आवश्यक रहेको भन्दै 'कनेक्टिभिटी' मा जोड दिने सहमति गरेका छन्। स्थलमार्ग (रेल र सडक), आकाश (हवाई मार्ग) र पानी (जलमार्ग) मार्फत कनेक्टिभिटी बढाउन थप कदम चाल्न दुवै प्रधानमन्त्री सहमत भएका छन्। नागरिक उड्डयनमा सहयोग वृद्धि गर्न नागरिक उड्डयन क्षेत्रका सम्बन्धित अधिकारीहरूलाई निर्देशन दिइएको छ। नेपालका लागि हवाई मार्ग प्राप्त गर्ने विषयमा प्राविधिक टोलीले छलफल गर्नेछन्।

८. दुई प्रधानमन्त्रीले जलस्रोतलाई द्विपक्षीय हितमा उपयोग गर्नेबारे जोड दिएका छन्। सिंचाइ, बाढी नियन्त्रण, डुबान समस्याबारे प्राविधिक कार्य र निरन्तर द्विपक्षीय परियोजनाहरूको कार्यान्वयन तीव्रतासाथ गर्ने र सहकार्य बढाउने सहमति भएको छ। उनीहरूले संयुक्त टोलीले तयार पारेको योजनामा सन्तुष्टिसमेत व्यक्त गरेका छन्। दिगो समाधानका लागि उनीहरूले बाढी प्रभावित क्षेत्रहरूको भ्रमण गर्ने र उपयुक्त उपायहरू अवलम्बन गर्ने निष्कर्ष निकालेका छन्।

९. दुई प्रधानमन्त्रीहरूले ९०० मेगावाटको अरूण तेस्रो जलविद्युत् परियोजनाको संयुक्त शिलान्यास गरेका छन्। यसको उत्पादनले दुई देशको ऊर्जा व्यापारमा थप बल पुग्ने र सहयोग अभिवृद्धिमा साथ पुग्ने उनीहरूले आशा व्यक्त गरेका छन्। ऊर्जा क्षेत्रका द्विदेशीय स्टेरिङ कमिटीको बैठकका उपलब्धिको स्वागत पनि गरेका छन्। द्विपक्षीय ऊर्जा व्यापार सम्झौतामा अडिएर ऊर्जा क्षेत्रमा सहयोग अभिवृद्धिमा दुवै सहमत भएका छन्।

१०. प्रधानमन्त्री मोदीले जनकपुर र मुक्तिनाथको भ्रमण गरे। उनको काठमाडौं र जनकपुरमा नागरिक अभिनन्दन पनि भयो।

११. दुई मुलुक र जनताबीच नजिकको धार्मिक र सांस्कृतिक सम्बन्धलाई अझ बलियो बनाउन दुई प्रधानमन्त्रीले सीताको जन्मभूमि जनकपुरबाट अयोध्या हुँदै रामायणमा वर्णित अन्य धार्मिक स्थल जोड्ने रामायण सर्किट उद्घाटन गरेका छन्। उनीहरूले जनकपुर-अयोध्या सीधा बस सेवा आरम्भ गरेका छन्।

१२. सबै क्षेत्र समेटिने गरी महत्वपूर्ण विषयहरू सम्बोधन गरिसक्न दुवै प्रधानमन्त्रीले आ-आफ्ना अधिकारीहरूलाई असोजसम्मको समयावधि दिएर डटेर लाग्न निर्देशन दिएका छन्।

१३. दुई प्रधानमन्त्री क्षेत्रीय तथा उपक्षेत्रीय संगठनका महत्वलाई जोड दिँदै सार्क, बिमस्टेक र बीबीआईएनलाई अघि बढाउन सहमत भएका छन्।

१४. प्रधानमन्त्री मोदीको तेस्रो नेपाल भ्रमण दुई देशको परापूर्वदेखिको सम्बन्ध अझ मजबुत बनाउन कोसेढुंगा सावित भएकामा दुई प्रधानमन्त्री एकमत भएका छन्। यसले दुई मुलुकको बढ्दो साझेदारीमा अझ बल पुऱ्याएको छ।

१५. प्रधानमन्त्री मोदीले नेपाल भ्रमणको निमन्त्रणाका साथै न्यानो आतिथ्यका लागि प्रधानमन्त्री ओलीलाई धन्यवाद दिएका छन्।

१६. प्रधानमन्त्री मोदीले नेपाली समकक्षी ओलीलाई पुनः भारत भ्रमणको निमन्त्रणा दिएका छन्। प्रधानमन्त्री ओलीले निमन्त्रणा स्वीकार गर्दै कूटनीतिक माध्यमबाट मिति तय गर्ने बताएका छन्।

## मधेश अपडेट

### अभिनन्दन कार्यक्रममा "फ्रि मधेश"को नारा

जनकपुरधाम। जनकपुर उमहानगरपालिकाद्वारा आयोजित भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नागरिक अभिनन्दन कार्यक्रममा स्वतन्त्र मधेश गठबन्धनका कार्यकर्ताहरूले स्वतन्त्र मधेशको ब्यानरसहित उपस्थित भएका थिए। रंगभूमि मैदान बाह्रबिगाहामा गठबन्धनका कार्यकर्ताहरूले 'फ्रि मधेश'को ब्यानरसहित 'मधेश देश में स्वागत है' ब्यानर प्रदर्शन गरेका छन्। गठबन्धनका संयोजक डा. सीके राउतले भारतीय प्रधानमन्त्रीको जनकपुर भ्रमणको पूर्वसन्ध्यामा सामाजिक सञ्जालमार्फत् अभिनन्दन कार्यक्रममा जय मधेशको नारा गुन्जायमान गर्न आग्रह गरेका थिए।

### मुख्यमन्त्रीको सम्बोधन सच्याउनु पर्दैन : राई

नेपालगन्ज। 'आप कत्ल करे तो कुछ भी नहीं, हम आँह भरे तो कातिल ?' हिन्दीमा शायरी भन्दै संघीय समाजवादी फोरम नेपालका प्रतिनिधिसभा सदस्यले प्रधानमन्त्री केपी शर्मा ओलसिँग प्रतिप्रश्न गरेका छन्। प्रतिनिधिसभा सदस्य बैठकमा सम्बोधन गर्दै बाँके क्षेत्र नं. २ बाट निर्वाचित सांसद् मो.इस्तियाक राईले विगतमा यहाँका राजनीतिक दलहरूले विभिन्न शान्ति सुरक्षाका लागि भारतमा गएर सम्झौता गर्ने, विभिन्न राजनीतिक आन्दोलनमा भारतको सहयोग लिँदा कुटनीतिक मर्यादा विपरीत थिएन भन्ने जिज्ञासा राखेका छन्। उनले प्रदेश २ का मुख्यमन्त्रीले आफ्नै भूमिमा आफ्नो समस्या राख्दा कुटनीतिक मर्यादा विपरीत नभएको दाबी गरेका छन्। उनले प्रदेश २ मुख्यमन्त्रीले मधेशको समस्यालाई अन्तर्राष्ट्रिय फोरममा राख्न खोजेको जिकिर गरेका छन्। उनले प्रदेश २ का मुख्यमन्त्रीले आफ्नो अभिव्यक्ति सच्याउनु आवश्यक नरहेको बताए।

### प्रदेश २ मा पहिलो छुवाछूतमुक्त वडा घोषणा

चन्दनकुमार यादव, राजविराज, ३१ बैशाख। प्रदेश २ का सामाजिक विकास मंत्री नवलकिशोर साहले चार किल्लापढेर छिन्नमस्ता गाउँपालिकाका वडा नम्बर ३ सखडा लगायत ५ वटा टोललाई छुवाछूतमुक्त वडा घोषणा गरेका छन्। सो अवसरमा मन्त्री साहले समाजमा हुने गरेको छुवाछूत तथा भेदभावलाई अन्त्य गरी समाजमा सबै वर्गको सार्वजनिक ठाउँमा बिना रोक टोक सहभागिता हुनुपर्नेमा जोड दिएका छन्। 'हम सबके एकही रस्ता भेदभाव मुक्तहमर छिन्नमस्ता' नारासँगै प्रदेशको पहिलो तथा जिल्लाकै पहिलो सखडा, गोबिन्दपुर, मौहवा टोल छुवाछुतमुक्त वडा घोषणा भएको हो। उक्त वडाका ६ हजार १ सय ६९ घरधुरीको ३ हजार १ सय ४० दलित परिवारले बिना छुवाछुत, बिना भेदभाव सबै गाँउबस्तीमा कल, धारा, भोजभतेरमा गएको, राम्रो ब्यवहार गरेको, मठमन्दिरमा सबैले पुजापाठ गरेको अवस्थामा देखेपछि वडालाई घोषणा गरेको दलित अगुवा बिश्वेवर रजकले बताए। मधेशी दलित बिकास महासँघ, आवाज परियोजनाले ०७३ देखि ०७५ बैशाख ३० गते सम्म यस वडाका दलित तथा गैरदलित बिचको सम्बन्ध सुधारका लागि प्रत्येक घरधुरीमा छुवाछुत तथा भेदभाव सम्बन्धी चेतनामुलक कार्यक्रम गर्दै आएको थियो।

### नेतृत्व परिवर्तनको खाँचो छ : कोइराला

विराटनगर। नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले कांग्रेसमा नेतृत्व परिवर्तनको खाँचो रहेको बताएका छन्। उनले कांग्रेसको नेतृत्वमा शेरबहादुर देउवा रहेसम्म पार्टी कमजोर हुँदै जाने उनले दाबी गरेका हुन्। सोमबार सञ्चारकर्मीसँग कुराकानी गर्दै कोइरालाले पार्टी सभापति शेरवहादुर देउवा अधिनायकवादतर्फ उन्मुख भएको आरोप लगाए। पार्टी सभापति विधान र सहमति दुबै मिचेर अगाडि बढेको भन्दै उनले विरोध गरे। उनले तत्काल महाधिवेशन गर्न मागसमेत गरेका छन्। कांग्रेस नेता कोइरालाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भम्रण सकारात्कम भएको बताए। साथै मोदीको नागरिक अभिनन्दन कार्यक्रममा प्रदेश २ का मुख्यमन्त्रीले दिएको अभिव्यक्ति उपयुक्त नरहेको टिप्पणी गरे।

### सरकारी विद्यालयमा सामग्री वितरण

वीरगंज। पर्साका सामुदायिक तथा सरकारी विद्यालयमा कक्षा एक, दुई र तीनमा अध्ययनरत बालबालिकाहरूका लागि गत बैशाख ४ गतेबाट वितरण सुरू गरिएको शिक्षण सिकाई सामग्रीको एक कार्यक्रमका बीच सम्पन्न गरिएको छ। बालबालिकाहरूको पठन सिप क्षमता बृद्धि गर्नका लागि निर्माण गरिएको शैक्षिक सामग्री पर्साको ठोरी गाउँपालिकाबाट वितरण शुरू गरिएकोमा वीरगंजको सुरजी देवी माविमा सम्पन्न गरिएको हो। अन्तर्राष्ट्रिय मापदण्ड अनुसार कक्षा एकमा अध्ययनरत बालबालिकाले ३०, दुईले ४५ र तीनमा अध्ययनरत बालबालिकाले ६० शब्द शुद्ध गति यति र लयमा बोल्नुपर्ने भएपनि नेपाली बालबालिकाले १० भन्दा मुनी शब्द उच्चारण गरेकोले त्यसमा सुधारको निम्ति पाठ्यपुस्तक वितरण गरीएको राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमका सामग्री विकास प्रबन्धक शाश्वत पराजुलीले जानकारी दिए। बालबालिकालाई रोचक पाठ्य सामग्रीमार्फत शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा उनीहरूको सिकाई र सक्रियता दुवै बढ्ने उनको भनाई थियो।

### "मधेश राजनीतिको कोर्स करेक्सनको संकेत"

जनकपुरधाम। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरमा नागरिक अभिनन्दनको क्रममा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले दिएको अभिव्यक्तिलाई तराई मधेश राष्ट्रिय परिषद्ले स्वागत गरेको छ। राउत अभिव्यक्ति कुनीटिक मर्यादा विपरीत वा राष्ट्रिय स्वाभिमान विपरीत नभएको तर्क परिषद्ले गरेको छ। परिषद्ले मंगलबार एक विज्ञप्ति जारी गरी मुख्यमन्त्रीको अभिव्यक्ति मधेश राजनीतिको कोर्शकरेक्सनको संकेत रहेको उल्लेख गरेको छ। 'मुख्यमन्त्री राउतले मधेशको मुद्दा र संविधानमा रहेको विभेदका कुरालाई थप अन्तर्राष्ट्रियकरण गर्न उपयोग गर्नु भएकोले हामी सम्पूर्ण तराई मधेश राष्ट्रिय परिषद् परिवारको तर्फबाट साधुवाद दिन चाहन्छौं।' विज्ञप्तिमा भनिएको छ।

### निर्वाचन क्षेत्र विकास कोषका नाममा रकम माग

चन्द्रकान्त खनाल, रूपन्देही। प्रदेश सभाको नीति नियम बनाउने प्रमुख जिम्मेवारीसहित निवाचित भएका प्रदेश ५का सांसदले निर्वाचन क्षेत्र विकास कोषका नाममा रकम माग गरेका छन्। प्रदेश सभामा आर्थिक मामिला तथा योजना मन्त्रीसमेत रहेका मुख्यमन्त्री शंकर पोखरेलले पेस गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा बोल्ने सबै दलका सांसदले आफु अनुकुलको योजना कार्यान्वयन गर्न बजेट माग गरेका हुन्। संघ, प्रदेश र स्थानीय सरकारले ठूला योजनामा चासो र ध्यान दिने भएकाले जनताको दैनिकीसँग जोडिने साना योजनाका लागि संसद विकास कोष बनाएर सांसदलाई नै बजेट दिनुपर्ने उनीहरूको तर्क छ।सोमबार प्रस्तुत विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथि मंगलबार र बुधबार धारणा राख्ने सबैजसो दलका अधिकांश सांसद्हरूले संसद विकास कोष रहने गरी नीति कार्यक्रम र बजेट ल्याउन सुझाव दिए। प्रदेश सभा सदस्यहरू धर्मबहादुर लाल श्रीवास्तव, रामजीप्रसाद घिमिरे, तिलकराम शर्मा, नारायणप्रसाद आचार्य, युवराज खनाल, तुलाराम घर्ती, अष्ठभूजा पाठक, अर्जुन श्रेष्ठलगायतले बोल्दै निर्वाचन क्षेत्र विकासका लागि संसद विकास कोष आवश्यक रहेको बताए। सांसद तुलाराम घर्तीले भने हामी सांसदको हातमा केही अधिकार रहनुपर्छ। सांसदहरूले विकास निर्माणको अपेक्षा गरेका जनताले सांसदको हातमा केही अधिकार नदेखेपछि सम्पर्क र सम्बन्ध नै टुट्ने भन्दै बजेटको व्यवस्था गर्न माग गरे।

### कैलाली खुला दिसामुक्त जिल्ला घोषित

धनगढी। प्रदेश नं ७ को अस्थायी राजधानी कैलालीलाई खुल्ला दिसामुक्त जिल्ला घोषणा गरिएको छ। कैलाली प्रदेश नं ७ मा खुल्ला दिसामुक्त घोषणा हुने जिल्ला अन्तिम र देशको ५१औं जिल्ला हो। 'कैलाली जिल्लाको सामाजिक विकासको आधार, खुला दिसामुक्त क्षेत्र र स्वस्थ्यकर बानी व्यवहार' भन्ने मूल नाराका साथ सन् २०१६ सम्ममा जिल्लालाई खुला दिसामुक्त जिल्ला घोषणा गर्ने लक्ष्य विसं २०६९ मा लिइएको भए पनि विभिन्न चुनौतीका कारण तोकिएको समय भन्दा ढिलो गरी खुला दिसामुक्त जिल्ला घोषणा गरिएको हो। सरकारले तयार पारेको राष्ट्रिय सरसफाइ गुरूयोजनाको मर्मअनुसार सञ्चालन गरिएका यससम्बन्धी रणनीतिक र समन्वयात्मक सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका गतिविधिको फलस्वरूप कैलालीलाई खुला दिसामुक्त जिल्ला घोषणा गर्न सम्भव भएको हो।

### बजेटको प्राथमिकता र प्रमुख नीति प्रस्ताव प्रस्तुत

धनगढी। प्रदेश ७ प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्षका लागि प्राथमिकता तथा प्रमुख नीतिको सन्दर्भमा प्रस्ताव प्रस्तुत गरिएको छ। बुधबारदेखि सुरू भएको दोस्रो अधिवेशनमा आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर बोहराले आव २०७५/७६ का लागि ल्याइने बजेटको प्रमुख नीतिमा छलफलका लागि प्रस्ताव प्रस्तुत गरेका छन्। प्रस्तावमा जनताको विकासप्रतिको चाहना र सरकारको नीतिबीच तादम्यता कायम गर्ने, संघीयता कार्यान्वयनका लागि आवश्यक कानून बनाउने, पूर्वाधारको विकास, प्रदेशवासीको जीवनस्तरमा सुधार ल्याउने उद्देश्य समाहित छन्।

# भारत नेपालको स्थायी विकासको साझेदार हो

*जय सियाराम, जय सियाराम*
*दाजुभाई तथा दिदीबहिनीहरू,*

अगस्त २०१४ मा जब म प्रधानमन्त्रीको रूपमा पहिलोपटक नेपाल आएको थिएँ त्यो बेला संविधानसभामा नै मैले भनेको थिएँ कि म छिट्टै जनकपुर आउँछु । म सबैभन्दा पहिला तपाईँहरूसँग क्षमा चाहन्छु, किनकि म तुरून्त आउन सकिनँ । तर, मलाई लाग्छ कि सम्भवतः सीता माताजीले नै आज भद्रकाली एकादशीका दिन नै मलाई दर्शन दिनका लागि तय गर्नुभएको हो । मेरो धेरै पहिलादेखिकै मनोकांक्षा थियो कि राजा जनकको राजधानी र जगत जननी सीताको पवित्र भूमिमा आएर उहाँलाई नमन गरूँ । आज जानकी मन्दिरमा दर्शन गरी मेरो धेरै वर्षको जुन कामना थियो, त्यो पूरा भयो र जीवनमा एउटा धन्यता अनुभव गर्दैछु ।

**दाजुभाई तथा दिदीबहिनीहरू,**

भारत र नेपाल दुई देशको मित्रता आजको होइन, त्रेता युगदेखिको हो । राजा जनक र राजा दशरथले जनकपुर र अयोध्यालाई मात्र होइन, भारत र नेपालको मित्रता र साझेदारीलाई पनि एकताको बन्धनमा बाँधेका थिए । यो बन्धन हो राम-सीताको, यो बन्धन हो बुद्धको पनि र महावीरको पनि, यो बन्धन रामेश्वरममा रहेकालाई तानेर पशुपतिमा लिएर आउँछ । यो बन्धन नै लुम्बिनीमा रहेकालाई बौद्ध-गया लिएर जान्छ, यो आस्था, स्नेह आज मलाई जनकपुर लिएर आएको हो ।

महाभारत, रामायणकालमा जनकपुरको, महाभारतकालमा विराटनगरको, त्यसपछि सिम्रौनगढको, बुद्धकालमा लुम्बिनीको, यो सम्बन्ध युगौं-युगदेखि चल्दै आएको हो । भारत-नेपाल सम्बन्ध कुनै परिभाषाबाट होइन, त्यो भाषाबाट बाँधिएको छ, त्यो भाषा हो आस्था, आफ्नोपन, रोटी र बेटीको । यो माता जानकीको धाम हो जसको बिना अयोध्या अधुरो रहन्छ ।

हाम्रो माता पनि एक-हाम्रो आस्था पनि एक, हाम्रो प्रकृति पनि एक, हाम्रो संस्कृति पनि एक, हाम्रो पथ पनि एक र हाम्रो प्रार्थना पनि एक हो । हाम्रो परिश्रमको वास्ना पनि एक र हाम्रो पराक्रमको गुन्ज पनि एक नै हो । हाम्रो दृष्टि पनि समान र हाम्रो सृष्टि पनि समान छ । हाम्रो सुख पनि समान र हाम्रा चुनौती पनि समान हो । हाम्रो आशा पनि समान, हाम्रा आकांक्षा पनि समान हो । हाम्रो चाहना पनि समान र हाम्रो बाटो पनि समान हो । हाम्रो मन, इच्छा र लक्ष्य पनि एक नै हो । यो ती कर्मवीरहरूको भूमि हो, जसको योगदानबाट भारतको विकास गाथामा अझ गति आउँछ । नेपालको बिना भारतका विश्वास अधुरो छ, इतिहास अधुरो छ, नेपालको बिना हाम्रो धाम अधुरो, हाम्रो राम पनि अधुरो हो ।

**दाजुभाई तथा दिदीबहिनीहरू,**

तपाईँहरूको धर्म-निष्ठा सागरभन्दा पनि गहिरो छ र तपाईँको स्वभिमान सगरमाथाभन्दा उँचो छ । जसरी मिथिलाको तुलसी भारतको आँगनमा पावनता, शूचिता र मर्यादाको वासना छर्छ, त्यसैगरी नेपाल र भारतको आत्मियता, यस सम्पूर्ण क्षेत्रको शान्ति, सुरक्षा र संस्कारको त्रिवेणीलाई सिंचित गर्छ ।

मिथिलको संस्कृति र साहित्य, मिथिलाको लोककला, मिथिलाको स्वागत, सम्मान सबै अदूत छ । र आज मैले अनुभव गरिरहेको छु, तपाईंहरूको प्रेम अनुभव गरिरहेको छु, तपाईंहरूको आशीर्वाद अनुभव गरिरहेको छु । सम्पूर्ण संसारमा मिथिला संस्कृतिको स्थान धेरै माथि छ । कवि विद्यापतिको रचना आज पनि नेपाल र भारतमा समान रूपले महत्व राख्दछ । उनको शब्दको मिठास आज पनि भारत र नेपाल दुबैको सहित्यमा घुलेको छ । जनकपुरधाम आएर, तपाईंहरूको आफ्नोपन देखेर यस्तो लागेको छैन कि म अर्कै ठाउँमा पुगेको हुँ । सबथोक आफनो जस्तो, हर कोही आफ्नै जस्ता, यी सबै आफ्नै त हो ।

**साथीहरू,**

इतिहास साक्षी छ, कि जब जब एक अर्कामा संकट आयो, भारत र नेपाल दुबै मिलेर उभिएको छ । हामीले हरेक अप्ठयारो अवस्थामा एक अर्कालाई साथ दिएका छौं । भारत दशकौंदेखि नेपालको स्थायी विकासको साझेदार रहँदै आएको छ । नेपाल हाम्रो neighborhood first या policy मा सबैभन्दा अगाडि आउँछ ।



*रंगभूमि मैदान बाह्रबिघामा नागरिक अभिनन्दन कार्यक्रममा सम्बोधन गर्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदी ।*

- समाजको एउटा तप्का, देशको एउटा भाग विकासधाराबाट नछुटुन, यस्तो प्रयास लिएर हामीले गर्दै आएका छौं ।
- पूर्व, पश्चिम, उत्तर र दक्षिण हर दिशामा विकासको रथ दौडिरहेको छ ।
- विशेषतः हाम्रो सरकारको ध्यान त्यस क्षेत्रमा केन्द्रित छ जहाँ अहिलेसम्म विकासको किरण पुगेको छैन ।
- यसमा पूर्वाञ्चल अर्थात पूर्वी भारत, जो नेपालको सीमासँग जोडिएको छ, त्यहाँ विशेष ध्यान दिइएको छ ।
- सम्पूर्ण संसारमा मिथिला संस्कृतिको स्थान धेरै माथि छ ।
- कवि विद्यापतिको रचना आज पनि नेपाल र भारतमा समान रूपले महत्व राख्दछ । उनको शब्दको मिठास आज पनि भारत र नेपाल दुबैको सहित्यमा घुलेको छ ।
- नेपालमा ‘समृद्ध नेपाल-सुखी नेपाली’को कुरा चल्दैछ, तब मेरो मन अधिक हर्षित हुन्छ । सबै दुई सय करोड भारतबासीलाई पनि यसले खुशी पारेको छ ।
- भारत र नेपालको विकासका लागि पाँच टी ‘Five T' को बाटोमा हामी हिडिंरहेका छौं ।

आज भारत संसारको तेस्रो ठूलो, सबैभन्दा बढी अर्थ व्यवस्था भएको देश बन्ने तर्फ तेज गतिमा अगाडि बढिरहेको छ । त्यसैले तपाईंको नेपाल पनि तीव्र गतिले विकासको उँचाईतर्फ बढिरहेको छ । आज यो साझेदारीलाई नयाँ ऊर्जा दिनका लागि मलाई नेपाल आउने अवसर मिलेको छ ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

विकासको पहिलो शर्त लोकतन्त्र हो । मलाई खुशी लागेको छ कि लोकतान्त्रिक प्रणालीलाई तपाईंहरूले बलियो बनाउँदै हुनुहुन्छ । हालै यहाँ चुनाव सम्पन्न भएको छ । तपाईंहरूले नयाँ सरकार बनाउनु भएको छ । आफ्नो आशा, आकाक्षांलाई पूरा गर्नका लागि नयाँ जनादेश दिनुभएको छ । एक वर्ष भित्र तीन तहका चुनाव सफलतापूर्वक सम्पन्न भएकोमा म तपाईंहरूलाई बधाई दिन चाहन्छु । नेपालको इतिहासमा पहिलो पटक नेपालको सबै प्रदेशमा प्रादेशिक सरकार बनेको छ । यो मात्र नेपालको लागि गर्वको विषय होइन, बरू भारत र सम्पूर्ण क्षेत्रका लागि पनि गर्वको विषय हो । नेपाल सामाजिक-आर्थिक परिवर्तनका लागि नयाँ चरणमा प्रवेश गरिरहेको छ जुन सुशासन र समावेशी विकासमा आधारित छ ।

**साथीहरू,**

हालै नेपालका प्रधानमन्त्री आदरणीय श्रीमान् ओलीजीको स्वागत गर्ने अवसर मलाई दिल्लीमा मिलेको थियो । नेपालका लागि उनको भिजन के हो भन्ने बारेमा बुझ्न मलाई अवसर मिल्यो । ओलीजीले समृद्ध नेपाल, सुखी नेपालीको सपना सजाउनु भएको छ । नेपालको समृद्धि र खुशीको कामना भारतले सदैव गर्दै आएको छ, गरिरहन्छ । प्रधानमन्त्री ओलीजीको र उनको भिजनलाई पूरा गर्नका लागि सवा दुई सय करोड भारतबासीको तर्फबाट, भारत सरकारको तर्फबाट म धेरै धेरै शुभकामना दिन्छु । भारतमा हाम्रो सरकार सबैको साथ, सबैको विकासको मूल मन्त्र लिएर अगाडि बढिरहेको छ । समाजको एउटा तप्का, देशको एउटा भाग विकासधाराबाट नछुटुन, यस्तो प्रयास लिएर हामीले गर्दै आएका छौं । पूर्व, पश्चिम, उत्तर र दक्षिण हर दिशामा विकासको रथ दौडिरहेको छ । विशेषतः हाम्रो सरकारको ध्यान त्यस क्षेत्रमा केन्द्रित छ जहाँ अहिलेसम्म विकासको किरण पुगेको छैन । यसमा पूर्वाञ्चल अर्थात पूर्वी भारत, जो नेपालको सीमासँग जोडिएको छ, त्यहाँ विशेष ध्यान दिइएको छ । यूपीदेखि लिएर बिहारसम्म, नर्थ-ईस्ट, पश्चिम बंगालदेखि लिएर उडिसासम्म, यस पूरै क्षेत्रलाई देशको बाँकी भागसँग बराबरी उभिने गरी हामीले संकल्प लिएका छौं । यस क्षेत्रमा जुन काम अहिले भइरहेको छ, त्यसको लाभ निश्चित रूपमा छिमेकी देशको रूपमा नेपाललाई सबैभन्दा बढी हुनेछ ।

**दाजुभाइ तथा दिदीबहिनीहरू**

जब म सबैको साथ र सबैको विकासको कुरा गर्छु, यो मात्र भारतको लागि होइन, सबै छिमेकी देशहरूको लागि पनि हो भन्ने कामना गर्छु । र अब, नेपालमा ‘समृद्ध नेपाल-सुखी नेपाली’को कुरा चल्दैछ, तब मेरो मन अधिक हर्षित हुन्छ । सबै दुई सय करोड भारतबासीलाई पनि यसले खुशी पारेको छ । जनकपुरका मेरा दाजुभाइ तथा दिदीबहिनीहरू, हामीले भारतमा धेरै ठूलो संकल्प लिएका छौ र यो संकल्प भनेको New India हो । साथीहरू, बन्धुत्व तब अझ प्रगाढ हुन्छ जब हामी एक अर्कोको घर आउँदै जाँदै गर्छौं । मलाई खुशी छ कि नेपालका प्रधानमन्त्रीको भारत यात्राको केही पछि नै मलाई तपाईंहरूको अगाडि आउने अवसर मिलेको छ । जसरी म यहाँ बारम्बार आउँदै गरेको छु, त्यसै गरी दुबै देशका बासिन्दा पनि बिना रोकतोक आउँदै जाँदै गर्नुपर्छ ।

हामीलाई हाइवेसँग जोडिनु छ । हामी information ways अर्थात I-ways ले जोडिनु छ । हामीलाई trans ways अर्थात बत्तिको लाइनसँग पनि जोडिनु छ । हामीलाई रेल्वेसँग पनि जोडिनु छ । हामी custom check post सँग पनि जोडिनु आवश्यक छ । हामी हवाइ सेवाको विस्तारसँग जोडिनु परेको छ । हामी inland water ways सँग जोडिनु छ, जलमार्गसँग जोडिनु छ । जल होस्, थल होस्, नभ होस् या अन्तरिक्ष होस् हामी एक आसपमा जोडिनु पर्छ । जनताकोबीचको सम्बन्ध फूलोस, फलोस् र झन् बलियो होस् । यसको लागि connectivity महत्वपूर्ण छ । यही कारण हो कि भारत र नेपालको बीचमा connectivity लाई हामीले प्राथमिकता दिएका छौं ।

**दाजुभाइ तथा दिदीबहिनीहरू,**

यस वर्षको अन्त्यसम्म रेल्वे लाइनको काम पूरा गर्ने प्रयास गरिदैछ । यो रेल्वे लाइनको काम पूरा भएपछि नेपाल र भारत विशाल नेटवर्कमा रेल नेटवर्कमा पनि जोडिने छ । अब हामी बिहारको रक्सौल हुँदै काठमाडौंसम्म भारतलाई जोड्ने काम तीव्रतापूर्वक अगाडि बढाइ रहेका छौं । यति मात्र होइन, हामी जलमार्गबाट पनि भारत र नेपालाई जोड्ने प्रयास गरिरहेका छौं । नेपाल जल, भारतको जलमार्गद्वारा समुद्रसम्म जोडिने छ । यस जलमार्गद्वारा नेपालमा बनेको सामान संसारको कुनै पनि देशमा पुऱ्याउन सकिन्छ । यसबाट नेपालमा उद्योगको स्थापना हुनेछ भने रोजगारीको नयाँ अवसर पाइनेछ । यो परियोजना मात्र नेपालको सामाजिक, आर्थिक परिवर्तनका लागि होइन, बरू कारोबारको लागि पनि धेरै आवश्यक छ ।

**दाजुभाइ तथा दिदीबहिनीहरू,**

आजको युगमा प्रविधि बिना विकास सम्भव छैन । भारत space technology मा संसारको पाँचौ टप देश हो । तपाईंलाई सम्झना होला, जब म पहिलो पटक नेपाल आएको थिएँ, मैले भनेको थिएँ कि भारत र नेपाल जस्तो छिमेकीका लागि भारतले एउटा उपग्रह पठाउने छ । यो वाचा मैले पछिल्लो वर्ष नै पूरा गरिसकेको छु ।

भारत र नेपालको विकासका लागि पाँच टी ‘Five T' को बाटोमा हामी हिडिंरहेका छौं । पहिलो T हो tradition, दोस्रो T हो trade, तेस्रो T हो tourism, चौथो T हो technology र पाँचौ T हो transport, अर्थात परम्परा, व्यापार, पर्यटन, प्रविधि र परिवहनबाट हामी नेपाल र भारतको विकासको पथमा सँगै जान चाहेका हौं । साथीहरू, संस्कृतिका अतिरिक्त भारत र नेपालबीच व्यापारिक सम्बन्ध पनि अर्को महत्पूर्ण कडि हो । नेपालले विद्युत उत्पादनको क्षेत्रमा तीव्र गतिले विकास गरिरहेको छ । आज भारतबाट लगभग ४५० मेगावाट विद्युत नेपालमा निर्यात भइरहेको छ । यसका लागि हामीले नया transmission lines बनाउँदै छौं ।

हरेक वर्ष विवाह पञ्चमीमा भारतबाट हजारौं श्रद्धालु अवधबाट जनकपुर आउने गर्छन । प्रत्येक वर्ष परिक्रमाका लागि भक्तहरूको ताँती लाग्ने गर्छ । श्रद्धालुहरूलाई कुनै अप्ठयारो नहोस् भन्नका लागि, मलाई यो घोषणा गर्न धेरै खुशी लागेको छ कि जनकपुर र त्यसको आसपासका क्षेत्रको विकासका लागि नेपाल सरकारको योजनामा हामी सहयोग गर्छौं । भारतको तर्फबाट यस कामका लागि एक सय करोड रूपैयाँ सहायता प्रदान गरिने छ । यस काममा नेपाल सरकार र प्रदेश सरकारसँग मिलेर योजनाहरूलाई पहिचान गरिनेछ । यो राजा जनकको समयदेखि नै परम्परा चल्दै आएको छ कि जनकपुरधामले अयोध्यालाई होइन, पूरै समाजलाई केही न केही दिदै आएको छ । जनकपुरधामले त दिएको छ तर म मात्र माँ जानकीलाई दर्शन गर्न आएको हुँ । जनकपुरको लागि यो घोषणा भारतको सवा सय करोड जनताको तर्फबाट माँ जानकीको चरणमा समर्पित गर्दछु ।

यस्तै दुई अर्को कार्यक्रम पनि छ । वुद्धिस्ट सर्किट र जैन सर्किट । यसका लागि बुद्ध र महावीर जैनसँग जोडिएका जति पनि स्थान भारतमा छ, ती सबै एक आपसमा जोडिने छ । नेपालमा बुद्ध र जैन आस्थाको थुप्रै स्थानहरू रहेको छ । यिनीहरू पनि दुई देशका श्रद्धालु र पर्यटकका लागि एउटा राम्रो बन्धन बनाउने काम हुन सक्छ । यसबाट नेपालमा युवाहरूलाई रोजगारीको अवसर पनि पाउन सकिन्छ ।

दाजुभाइ तथा दिदीबहिनीहरू, एक पटक फेरी नेपालका प्रधानमन्त्री आदरणीय ओलीजी, राज्य सरकार । नगर सरकारका साथै यहाँका जनता जनार्दनलाई अन्तःस्करणपूर्वक आभार व्यक्त गर्न चाहन्छु । तपाईहरू सबैलाई धन्यावाद दिन चाहन्छु ।

जय सियाराम । जय सियाराम ।

*(जनकपुरधाममा आयोजित नागरिक अभिनन्दन कार्यक्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको सम्बोधनको अनुवादित अंश)*

## संक्षिप्त समाचार

### “रमजान”मा प्रदेश प्रमुखद्वारा शुभकामना

जनकपुरधाम । ईस्लाम धर्माबलम्बीहरूको पवित्र पर्व रमजानको उपलक्ष्यमा प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले शुभकामना दिएका छन् । उनले बुधबार एक शुभकामना सन्देश जारी गर्दै प्रदेश नं. २ का साथै स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति एवम् समृद्धिको कामना गरेका छन् । ‘साथै यस पर्वले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त हाम्रो समाजलाई एकताको सूत्रमा आवद्ध गरी धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्न सहयोग पुऱ्याओस्’ भन्ने शुभकामना व्यक्त गरेका छन् ।

### “जनताले चाहेअनुसारको सेवा दिने”

राकेश यादव, रौतहट । प्रहरी प्रमुखका रूपमा भरतपुरबाट सरूवा भएर रौतहट आएका प्रहरी उपरीक्षक रविन्द्र केसीले जनताले चाहेअनुसार सेवा दिने बताएका छन् । बैशाख ३१ गते विधिवत रूपमा जिम्मेवारी सम्हालेका एसपी केसीले जिल्ला प्रहरी कार्यालयमा बुधवार आयोजित संचारकर्मीहरूबीचको परिचयात्मक कार्यक्रममा अरूले जे जूनसुकै दृष्टिले रौतहटलाई हेरे लिए पनि आफूले विशेष रूपमा लिएको बताए । विगतका प्रहरी प्रमुखहरूले सम्वोधन गर्ने प्रक्रिया छोडेर फरक ढंगबाट कार्यक्रममा प्रस्तुति गरेका उपरीक्षक केसीले कुनै बनावटी नारालाई अंगीकार नगरी नेपाल प्रहरीका मूलमंत्र सत्य सेवा सुरक्षम्भित्र रहेर जनताको सेवा प्रदान, शांति सुरक्षा, मानव अधिकारको रक्षा गर्ने जनाए । उनले अघि थपे, ‘विगतमा भए गरेको विषयमा टिका टिप्पणी नगरीकन आगामी निति नियम र विधिको शासन कसरी कायम गर्न सकिने सोच लिएर सबैको सहयोगमा अघि बढने छु ।’

### रक्षक संजाल महोत्तरी गठन

महोत्तरी । तराई मानब अधिकार रक्षक संजाल महोत्तरीको कार्यालयमा बसेको बैठकबाट नौ सदस्यीय मानव अधिकार रक्षक संजाल महोत्तरी गठन भएको छ । तराई मानव अधिकार रक्षक संजाल महोत्तरीका मानव अधिकार अधिकृत अर्जुन साहको पहलमा बसेको बैठकबाट उक्त संजाल गठन भएको छ । महोत्तरीमा मानव अधिकारको अवस्थालाई प्रभावकारी रूपमा ल्याउन र मानव अधिकारका घटनाहरूको अनुगमन, दस्तावेज गरी पीडितलाई न्यायमा पहुँच बढाउनुपर्ने उद्देश्यका लागि गठन गरिएको छ । उक्त संजालमा संयोजक चन्दन पासवान, सहसंयोजक मिन्तु पाण्डे, सचिव राजिव मण्डल, सहसचिव मनिषा मण्डल, सदस्यहरूमा अजित यादव, ममता भगत, राकेश दास, सन्तोष दास, मो. साफिर रेजा, र नीना महरा रहेका छन् ।

### संघलाई रित्तो बनाउन हुँदैन : रायमाझी

रूपन्देही । माओवादीनेता टोपबहादुर रायमाझीले बजेट जति सबै स्थानीय तह, त्यसपछि प्रदेस सरकारलाई दिएर संघलाई रित्तो बनाउन नहुने उनले बताए । संघ सरकार, मन्त्री र सांसदलाई पनि विकास योजना सहितका बजेटको व्यवस्था गर्नुपर्ने उनको धारणा छ । रिपोर्सर्ट क्लवले सन्धिखर्कमा गरेको साक्षात्कार मा पूर्व उपप्रधानमन्त्री रायमाझीले सबै आ-आफनै ढंगले चल्दा संघीयता असफल हुनबाट रोक्न र गलत टयाकमा जान खोजेको शंका गर्दै उनले यसलाई रोक्नुपर्ने दावी गरे । स्थानीय तहका जनप्रतिनिधिलाई ठुलो आकारको बजेट र अधिकार, प्रदेस र संघीय संसदलाई बजेट विहीन बनाउूदा रिलेसनमा समस्या आएको बताए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणले दुई देशको आपसी सम्बन्ध थप बलियो भएको दावी गरे ।

### विनियोजन विधेयक र हेलो सिएम स्वीकृत

धनगढी । प्रदेश नं. ७ मन्त्रिपरिषद्को बैठकले प्रदेश विनियोजन विधेयक-२०७५ र हेलो सिएम कार्यक्रमलाई स्वीकृति प्रदान गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो स्वीकृति दिएको जनाइएको छ । यस्तै प्रदेशको कर तथा गैरकर लगाउने र उठाउने सम्बन्धमा समेत व्यवस्था गर्न बनेको विधेयकलाई स्वीकृति दिएको हो ।

### फोरमका अध्यक्ष चौधरीको निधन

नेपालगञ्ज । संघीय समावादी फोरम नेपाल बाँके क्षेत्र नं. २ का अध्यक्ष अरूणकुमार चौधरीको निधन भएको छ । चौधरीको ह्रदयघातका कारण आज विहान निधन भएको हो । चौधरीको निधन भएपछि पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सदस्य मो इश्तियाक राईले शोक समवेदना प्रकट गरेका छन् । ‘संघीय समाजवादी फोरन नेपालको बाँके क्षेत्र नं. २ का अध्यक्ष अरूणकुमार चौधरी (बर्मा)को २०७५ जेठ २ गते आज विहान ह्रदयघातले अल्पायुमै भएको निधनप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु’ राईले उल्लेख गरेका छन्, ‘कुशल नेतृत्व र एउटा अभिभावकको भूमिका निर्वाह गर्नुभएको स्व. चौधरीको निधनले पार्टीलाई अपुरणीय क्षति भएकोले यस दुखद क्षणमा शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रवक्त गर्दै पार्टी पंक्तिलाई धैर्यधारण गर्न अपिल गर्दछु ।’

### कृषिउपज “जोन” बनाइने

विराटनगर । मुख्यमन्त्री शेरधन राइले प्रदेश १ का जिल्लाहरूलाई विषयगत कृषिउपज ‘जोन’ का रूपमा विकास गरिने बताएका छन् । सामुदायिक रेडियो प्रसारक संघ र उद्योग वाणिज्य संघ ताप्लेजुङको आयोजनामा विराटनगरमा भएको राष्ट्रिय कार्यशालालाई सम्बोधन गर्दै मुख्यमन्त्री राईले यस्तो बताएका हुन् । प्रदेशको पहाडी क्षेत्रका सात जिल्लाको मुख्य आयस्रोत अलैंची, अदूवा, दूध र चिया भएकाले तिनै कृषिउपज र तराईका जिल्लालाई धानको ‘जोन’ का रूपमा विकास गर्ने तयारी प्रदेश सरकारको रहेको उनले बताए ।

### बाढीपीडित परिवारलाई नगद सहयोग

वीरगंज । वीरगंज महानगरपालिकाका नगर प्रमुख (मेयर) विजय कुमार सरावगीले गत वर्ष भएको अविरल वर्षका कारण आएको बाढीबाट घर गुमाएका तिन परिवारलाई ९९ हजार नगद सहयोग प्रदान गरेका छन् । वीरगंज महानगरपालिका वडा नं. २४ बगहीमा बुधबार आयोजित जनता(मेयर(आमने(सामने कार्यक्रममा मेयर सरवागीले तिन बढि पिडित परिवारलाई ग्लोबल सेपर्स हव काठमाडौंको सहयोग र व्यक्तिगत श्रोतबाट गृह निर्माणका लागि प्रत्येक परिवारलाई ३३ हजार रूपैया नगद हस्तान्तरण गरेका हुन् । नगर प्रमुख सरावगीले बगहीका सिताराम सहनी, चुन्नी यादव र रामप्रित ठाकुरलाई गृह निर्माण गर्न ३३ हजारको दरले नगद हस्तान्तरण गरेका छन् । प्रत्येक परिवारलाई ग्लोबल सेपर्स हव काठमाडौंले प्रदान गरेको रू. १७ हजार र बाकि १६ हजार व्यक्तिगत श्रोतबाट उपलब्ध गराई मेयर सरावगीले हस्तान्तरण गरिएको बताए ।

### युवकमाथि गोली प्रहार

रूपन्देही । तिलोत्तमा नगरपालिका वडा नं ५ मा घर निमार्णमा लेवर काम गर्ने एक युवक माथि गोलि प्रहार भएको छ । घर निर्माणका लागि अस्थायी रूपमा बस्दै गरेको स्थानमा खाना बनाईरहेको अवस्थामा ति युवकलाई अज्ञात समुहले गरेको गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ । युवकको ढाडमा गोली लागेको छ । गम्भिर घाइते युवकलाई क्रिमसन अस्पताल मणिग्राममा सामान्य उपचार पश्चात अहिले मेडिकल कलेज भैरहवामा लगिएको छ । घाईतेको नाम रामकृष्ण ढकाल रहेपनि उनको पुर्ण बिवरण लिदै गरेको प्रहरीले जनाएको छ । घटना पश्चात मणिग्रम क्षेत्रमा ब्यापक प्रहरी परिचालन गरिएको छ । कुनै रिसिभिले युवकलाई गोली हानेको आशंका प्रहरीले गरेको छ ।

### जबर्जस्ती गरेको भन्दै कारबाहीको माग

रौतहट । एकजना वृद्धसँग धाकधम्की देखाएर जबर्जस्ती कपाली तमसुक गराएको भन्दै न्यायका लागि उजुरी दर्ता भएको छ । वृन्दावन नगरपालिकाका पाँच जनाविरूद्ध स्थानीय प्रशासन समक्ष उजुरी दर्ता गराइएको छ । दुर्गा भगवती गाउँपालिका-४ पचरूखीका वृद्ध मोतीलाल महतोले वृन्दावन नगरपालिका-६ का विनोदप्रसाल पटेल, हरिनारायण राउत, धमेन्द्र राउत कुर्मी, लालबाबु राउत र खजान्ती साह तेलीले धाकधम्की देखाएर जबर्जस्ती आफूसँग कपाली कागज गराएको तथा जंगलमा लगी कुटपिट गरेको आरोप लगाउँदै कारवाहीको मागसहित जिल्ला प्रशासन कार्यालय रौतहटमा उजुरी दिएका छन् ।

### गोलभेडाले मूल्य पाएन

कपिलवस्तु । गोलभेडाले मुल्य नपाएपछि कपिलवस्तुका कृषकहरू मारमा परेका छन् । व्यापारीले गोलभेडाको मूल्य घटाएपछि कृषकले गोलभेडा बिक्री गर्न मानेका छैनन् भने गोलभेडा बोटमै कुहिँदै जान थालेको छ । बिचौलियाले आफूसँग सस्तो भाउमा किन्ने र अन्यत्र महँगो भाउमा बेच्ने गरेकोले हामीले परिश्रमको मूल्य पनि पाउन सकेको भन्ने कृषकहरूको गुनासो रहँदै आएको छ । बुद्धभूमि नगरपालिका १० धनकौलीका कृषकले बोटमा उत्पादन भएको गोलभेडा टिप्नै छाडिसकेका छन् । टिप्ने ज्यालामात्र मुस्किलले उठ्ने भएपनि उनीहरूले खेतमा यत्तिकै छाडिदिएका हुन् ।

# मोदीको भ्रमण र राउतको मन्तव्यबारे मच्चिएको रङ्गाको



सन्तोष मेहता

विश्वमै लोकप्रिय चमत्कारिक नेता भारतीय प्रधानमन्त्री नरेन्द्रभाइ दामोदरदास मोदीको दुई दिवसीय (२८-२९बैशाख) भ्रमण सफलता साथ सम्पन्न भएको छ। दुबै देशका सरकारले पनि यो भ्रमणलाई उपलब्धिमूलक, ऐतिहासिक र सफल भनेका छन्। भ्रमण सकिए पनि आलोचक र समर्थकहरूबीच कोही नाकाबन्दी शीर्षकमा त कोही २ प्रदेशका मुख्यमन्त्रीले दिनुभएको मन्तव्यलाई लिएर त कोही झण्डाको मुद्दा उठाएर त कोही भ्रमणको शुरूवात जनकपुर किन जस्ता विषयमा आरोप प्रत्यारोपको जुहारी चलिरहेछ। कारण जेसुकैहोस्, केही दिनसम्म अझ देश मोदीमय रहिरहनेछ। अझ केही दिन मोदीको भ्रमणको तरंग मुलुकको आन्तरिक राजनीतिमा चलिरहने सम्भावना छ।

मोदी पहिलोपटक नेपाल आउँदादेखि नै जनकपुर जान खोजिरहेका थिए। जनकपुर निकै उत्साहित थियो। जनकपुरले सारा तयारी गरिसकेको थियो तर तत्कालीन सरकार सुरक्षालगायत विभिन्न बहानामा त्यसपटकको भ्रमण सफल हुन दिएन। केन्द्रप्रति जनकपुर आक्रोशित भयो। तर, यसपटक स्वयम् मोदीको जनकपुर आउने उतकण्ठ चाहना तथा जनकपुरधामको सरकार र प्रदेश २ को सरकारले जसरी पनि मोदीको जनकपुर भ्रमण होस् भन्ने चाहनाले जनकपुर भ्रमण सफल भएको हो। केन्द्र (संघीय) सरकार र कठमाडौंको मोदीको जनकपुर भ्रमणप्रति खासै उत्साह देखिएन बरू काठमाडौंका केही टपरटुइयाँ बुद्धिजीविले मधेशले गरेको नाकाकेन्द्रित आन्दोलनलगायतका आन्दोलनलाई भारत र मोदीसँग जोडेर मोदीले माफी माग्नुपर्ने लगायतका बकुम्फुसे अभियान चलाइरहेका थिए। आम मधेशी जनमा भने यो भ्रमणप्रति निकै उत्साह देखिएको थियो। मधेशमा मोदी भ्रमणको विषयमा अत्यधिक उत्साह हुनुपछाडि केही खासकारण छन्। नेपाल र भारतबीच भनिएको रोटिबेटी संस्कृतिक बिशेस सम्बन्धको आधार पनि दुवै देशको सीमावर्ती समाज नै हो यसैकारण मधेशी समाजको भारतीय समाजसँग विशेष लगाब र जुनसुकै भारत सरकारप्रति विशेष अपेक्षा रहँदै आएको छ। झन् यसपालीको त भारतीय नेतृत्व महामहिम मोदीको चमत्कारिक व्यक्तित्व र नेतृत्वसँगै नेपालको पछिल्लो संविधान बन्दै गर्दा र त्यसको विरोधमा मधेशी समाजले लामो समयसम्म आन्दोलन गरिरहँदा भारतीय समाज र मोदी सरकारबाट निकै राम्रो सहानुभूति प्राप्त हुनु कारण पनि यो भ्रमण मधेशी समाजका लागि उत्साहको विषय बनेको हो। यसै कारण तमाम चेकजाचको बाबजुद बिहानै बाह्रबिघामा लाखौंको भिड पुगिसकेको थियो। वास्तवमा जनकपुरमा मोदीलाई स्वागत गर्न आएको जनसागर स्वस्फुर्त र अदभुत थियो।

सम्पूर्ण मधेश खासगरी २ प्रदेशको नागरिकको तर्फबाट जनकपुरधाम उपमहानगरपालिकाले अभुतपूर्व नागरिक अभिनन्दन गरेको थियो। अभिनन्दनको क्रममा संघीय सरकारका रक्षामन्त्री ईश्वर पोखरेल, २ नं. प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत र जनकपुरधामका मेयर लालकिशोर साहले स्वागत तथा अभिनन्दन स्वरूप मन्चमा आफ्ना मन्तब्य राखेका थिए। हाल आएर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अभिनन्दनका क्रममा प्रदेश नं. २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतले दिएको अभिव्यक्तिलाई लिएर सुनियोजित रूपमा चारैतिरबाट टिका-टिप्पणी भइरहेको छ। राज्यसत्ताको भाषा बोल्ने केही सञ्चारजगत त्यहीं कुरालाई उचालेर मुख्यमन्त्रीलाई राष्ट्रद्रोही र अपरिपक्क देखाउन उद्धत देखिएका छन्। २८ गते शुक्रबार मोदीका लागि जनकपुरको रंगभूमि मैदान बाह्रबिघामा आयोजित नागरिक अभिनन्दन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले संविधान र सरकारको विरोध गरेका थिए। राउतले सम्बोधनको क्रममा विवादित भएको भनिएको मन्तव्यको अंश यस्तो थियो - 'यो प्रदेश आर्थिकरूपमा अत्यन्त पिछडिएको हो। राज्यद्वारा मधेशीमाथि जारी विभेदकारी नीति र पूर्वाग्रह एवम् विद्वेषपूर्ण मानसिकताको कारणले नै मधेशका जनता तुलनात्मकरूपले अत्याधिक गरिबी, बेरोजगारी, अभावग्रस्त, शाषित एवम् उत्पीडित जीवन जिउनका लागि बाध्य छन्। मधेश विकासको मामिलामा निकै पछाडी परेको हो। हाम्रो सङ्घर्ष आज पनि विभेदकारी संविधान र प्रादेशिक अधिकारका लागि जारी छ। हामी नेपालको अभिन्न अङ्ग हौं, तर हामी के चाहन्छौं भने हाम्रो देशमा पनि बिना भेदभावपूर्ण, कुनै पनि जाति, वर्ग र समुदायको व्यक्ति राज्यको हरेक तह, तप्का र निकायमा उसको क्षमता र योग्यताले समावेशका लागि सहज अवसर प्राप्त होस्। जस्तो कि महामहीम तपाईं एक समान्य परिवारको हुँदाहुँदै पनि भारतको सर्वोच्च कार्यकारी पदमा आसिन हुनुहुन्छ।' कार्यक्रम भएयता नेपालका राष्ट्रीय मिडिया भनिएकाहरू, प्रतिपक्ष दलका नेता संसद, सत्तारूढ दलका सांसद यहासम्म कि प्रधानमन्त्री केपी ओली स्वयम्ले संसदमै, प्रदेश २ का मुख्यमन्त्रीले गरेको राजनीतिक टिप्पणीप्रति लक्षित गर्दै त्यो राष्ट्रिय तथा कूटनीतिक मान्यता विपरीत रहेको भनाइ राखे।

त्यसको प्रतिवाद गर्दै मुख्यमन्त्री लालबाबु राउतले आफूले पहिलेदेखि उठाउँदै आएको राजनीतिक विषयको चर्चामात्रै गरेको भन्दै त्यसो गर्नु सही कदम भएको टिप्पणी गरेका छन्। त्यसयता मुख्यमन्त्रीको भनाइ जायज वा नाजायज भनेर पक्ष/विपक्षमा बहस जारी छ। उहाँको वक्तव्यलाई लिएर लगाइएका विभिन्न आरोपहरूको प्रतिवादमा केही शब्दहरू राख्ने प्रयास गरेको छु।

१. घरेलु समस्या बाहिरका सामु राख्नुहुन्न भन्नेहरूका निम्ति जवाफ- प्रथमत: मुख्यमन्त्रीको वक्तव्यलाई लिएर अहिले अनावश्यक वाहियात बहस



चलाइएको छ। 'मधेश र देशको समस्याबारे भारत अनभिज्ञ छ र ?, 'संविधान निर्माणको बेला सबैलाई समेट्न र जारी भइसकेपछि कमजोरी सच्याएर सर्वस्वीकार्य बनाउन भारतले नेपाल सरकारलाई आग्रह गरेकै हो। भारत मात्र कहा हो र अमेरिका, बेलायत, सयुक्त राष्ट्र संघ लगायत नेपालसँग सरोकार राख्ने विश्वका को चाही मधेश आन्दोलन र संविधान निर्माण प्रक्रियासँग अनभिज्ञ छ ? संविधान निर्माणताका भएको ऐतिहासिक भीषण आन्दोलन र राज्यले गरेको नश्लीय नरसंहारबाट को चाही अनभिज्ञ छ र ? आजसम्म गुपचुप रहेको देशको इज्जत मुख्यमन्त्रीले उदांगो गरिदिएको भए बहस आवश्यक थियो। तर, यहाँ त्यस्तो ठूलो कुनै मुद्दा नै छैन।' परिवारका अभिभावकसँग बारम्बार गुनासो गरेपनि नसुनेको जस्तो गरिरहे पनि बच्चाले काकालाई आफ्नो घरको समस्या सुनाउने परम्परा नेपाली समाजको रहेकै छ। मुख्यमन्त्रीले पनि त्यही त गरेको हो।

२. निर्वाचनमा गइसकेपछि सबै मिलिसक्यो नि ठान्नेहरूका निम्ति – राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम निर्वाचनमा सहभागी भएपछी सम्पूर्ण समस्या हल भो ठान्नेहरू ठुलो भ्रममा रहेका छन्। वास्तवमा यी पार्टीहरू संविधान संशोधनलगायतका मुद्दाहरू लिएरै निर्वाचनमा सहभागी भएका हुन्। सयौं मधेशी नागरिकको बलिदानीको जगमा उभिएर चुनावबाट विजयी भई आज मुख्यमन्त्री स्थानमा बसेको व्यक्तिले यी मुद्दाहरूलाई भुल्ने कुरै भएन। जनताले यी मुद्दाहरूलाई भुल्नका लागि विजयी गराएर पठाएका हुँदै होइनन्। यो मुद्दालाई स्थापित गर्नका लागि पठाएका हुन्। केही बुद्धिजीवी र केही सञ्चारकर्मीहरू मधेशी, आदिवासी जनजाति, मुस्लिम, दलित लगायतले उठाएको संविधान संशोधनको मुद्दा बेमौसमी हो भन्छन्। अचम्म लाग्दो कुरो के हो भने प्रदेश नं. २ मा यही मुद्दाको आधारमा नै राजपा नेपाल र ससफोका प्रतिनिधिहरूले चुनाव जितेका हुन्। अनि जुन मुद्दा उठाएर जनताले अत्याधिक बहुमत दिएर विजय गराएपछि यो मुद्दा अब जसरी पनि पूरा गर्नुपर्ने होइन र ? अब त राज्यलेजसरी पनि यो संविधान संशोधन गरेर यो मुद्दालाई सम्बोधन गर्नुपर्ने होइन र ? यति कुरा पनि किन बुझ्न नखोजेको हो ? सयौं व्यक्तिका बलिदानीका साथै लाखौं जनता सडकमा आएर ६/६महिना आन्दोलन गर्दा राज्य कानमा तेल हालेर बस्ने, आन्दोलन बिना उपलब्धी, बिना सम्झौता स्थगित गर्न बाध्य पार्ने, पराजित भएको ठानिरहने हो भने घरेलु समस्या विश्वव्यापी भैहाल्छ नि। यो कुनै नौलो र आश्चर्यको विषय होइन। मुख्यमन्त्री राउतजीले राजपा र फोरमको चुनावी घोषणापत्र बमोजिम नै मन्तव्य दिने कार्य गरेका छन्। यो उनको धर्म पनि हो।

३. कुटनैतिक मर्यादाविपरीत भयो भन्नेहरूका निम्ति – संविधान संशोधनको निम्ति नेपाल सरकारले बहालवाला आफ्नो परराष्ट्रमन्त्रीद्वारा ४ बुंदे पेपर दिल्लीमा बुझाउने त्यहाँ कुटनैतिक मर्यादाको उल्लंघन भएको नहेर्ने तर छिमेकी सहयोगी सहयात्री राष्ट्रका प्रमुखको उपस्थितिमा, आफ्नै देशका संघीय (केन्द्रीय) सरकारका प्रतिनिधिहरूको सामुन्ने, आफ्ना नागरिकको बिचमा नागरिकहरूकै तर्फबाट नागरिकहरूकै आवाज आफ्नै भूमिमा राखिँदा कसरी कुटनैतिक मर्यादाको उल्लंघन हुन्छ ? महामहिम मोदीज्यूलाई विदेशी राष्ट्रका प्रमुख मात्रै ठानिनु हुन्न, उहाँ हाम्रा छिमेकी देशका भारतका प्रमुख हुनुहुन्छ, नेपाल र भारतको बिचको सम्बन्ध कुटनीतिक मात्र होइन अपितु राजनीतिक र परिवारिक पनि हो। स्वयम् मोदीले पनि सम्बन्धको नयाँ आयाम सबै नीतिभन्दा फरक नीति देवनीतिको कुरा गर्नुभएको थियो, यस्तो सम्बन्ध रहेको मुलुकसँग केवल कुटनीतिक सम्बन्धमात्रै रहन सक्तैन। त्यसैले मुख्यमन्त्री राउतजीले उपयुक्त जायज कार्य गर्नुभएको छ।

४. संवैधानिक पदमा बसेर त्यहीं संविधानको विरोध गर्नुहुन्न भन्नेहरूका निम्ति – हामी सबैलाई ज्ञात हुनुपर्ने हो कि करिब ९ महिना पहिले नै अहिलेको हुबहु संविधान बहुमतले अस्वीकृत गरिसकेको छ अर्थात् संविधान संशोधन गर्ने पक्षमा संविधान बनाउनेहरूमध्येबाट नै ६३% सभाषद् थिए। कूल ५५% मत खसेको मतमध्ये संविधान संशोधनको उक्त प्रस्तावको पक्षमा ३४७ मत परेको थियो भने विपक्षमा २०६ मत परेको थियो। तर पक्षमा परेको मत संसदमा तत्काल कायम सभासद सदस्य संख्याको दुई तिहाई नपुगेकाले सो विधेयक अस्वीकृत भएको थियो। सत्तारूढ नेपाली कांग्रेस, माओवादी केन्द्र तथा मधेशकेन्द्रित दलहरूले उक्त विधेयकको पक्षमा मत दिएका थिए। तर प्रमुख प्रतिपक्षी नेकपा एमाले, तथा केही साना दलले उक्त विधेयकको विपक्षमा भोट दिए। संविधान संशोधन विधेयक निर्णयार्थ संसदमा पेश भएपछि मात्र तिनै तहको चुनाव सम्भव भएको हो जुन राजपा नेपालको चुनावमा सहभागी हुने पूर्वशर्त थियो। अर्थात् वैधानिक रूपमै बहुमत संसदले संविधान संशोधन आवश्यक रहेको स्वीकार गरिसकेपछि मुख्यमन्त्री राउतले विभेदकारी संविधान विरूद्धको संघर्ष जारी रहेको भन्नु स्वाभाविक थियो। वास्तवमा मुख्यमन्त्रीज्युले त्यसो नगरेको भए यो मुद्दा झन् भयावह भइ अर्कैतिर मोडिने थियो। राजपा फोरमले मधेश मुद्दा छाडेको संदेश जान्थ्यो, मुद्दा अर्कैतिर कन्भर्ट हुन्थियो, जुन सार्वभौम देशको हितमा हुने थिएन।

५. कुरा सहि भए पनि ठाउँ गलत भएको ठान्नेहरूको निम्ति – जनकपुरधाममा भएको महामहिम भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नागरिक अभिनन्दन कार्यक्रममा नेपाल सरकारका तर्फबाटमा रक्षामन्त्री ईश्वर पोखेलज्युले पनि स्वागत मन्तव्य राख्नुभएको थियो। उहाँले राख्नुभएको मन्तव्यमा "हालै सम्पन्न निर्वाचनपछि नेपाल पनि शान्ति, स्थायीत्व र समृद्धिको मार्गमा अघि बढ्दै संविधानको प्रभावकारी कार्यान्वयनको मार्गमा अग्रसर भएको विषय प्रस्तुत गर्न पाउँदा हामीलाई खुशी लागेको छ। राजनीतिक मुद्दाहरूको समाधानसँगै मुलुकको विकास र जनताको समृद्धिको काममा हामी पूर्णत: कार्यरत छौं।' भनिएको थियो। यहानिर प्रश्न उठ्दछ कि के साच्चै नेपालमा राजनीतिक मुद्दाको समाधान भएको हो ? तिनै तहको निर्वाचनपश्चात मधेशलगायत उत्पीडित क्षेत्रले उठाउँदै आएको मुद्दा विसर्जन भइ मुलुक समृद्धिको मार्ग र संविधान कार्यान्वयनको मार्गमा अघि बढेको हो ? अवश्य पनि यो सत्य होइन। माननीय ईश्वर पोखेलले राख्नुभएको फतुर कुरा पश्चात माननीय मुख्यमन्त्रीले सत्य कुरा त्यस फोरममा नराखेको भए अनर्थ हुन्थियो तसर्थ उहाँले राख्नुभएको कुरा र ठाउँ दुवै जायज मात्र होइन अपितु आवश्यक पनि थियो।

अन्त्यमा यासस्वी महामहिम भारतीय प्रधानमन्त्रीज्युको नेपाल भ्रमण पूर्णरूपमा सफल भएको छ। जनकपुर आउने उहाको पुरानै आकांक्षा त थियो नै तर भारतबाट सिधै जनकपुर आएर दिन खोज्नुभएको संदेश मधेश र देशले बुझेको हुनुपर्छ र मधेशले पनि उहाँलाई दिएको अपार माया स्नेह र सम्मानको अर्थ एवं जनकपुरले दिन खोजेको संदेश पनि उहाँले बुझ्नु भएकैले नै शायद ध्यान अन्यत्र मोड्नको निम्ति राज्यद्वारा प्रायोजित रूपमा अनावश्यक धुन्दता सिर्जना गर्न खोजिएको हो। यो सफलताको श्रेय एवं धन्यवाद जनकपुरधामका प्रमुख लालकिशोर साह र प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी (जो मुस्लिम भएर पनि बहुसंख्यक हिन्दुहरूको आस्थाको सम्मान गरेका छन्) लाई दिनुको साटो उल्टै अनावश्यक विवाद सिर्जना गर्न खोजिदैछ जुन निन्दायोग्य छ। वाहियात रङ्गाको मच्चाउन खोजिएको हो। जुन भर्त्सनायोग्य छ।

*(मेहता राजपा नेपालका प्रवक्ता हुन्)*

adobcnepal@gmail.com

## शान्ति समाजद्वारा सम्मान



काठमाण्डौं। शान्ति समाज नेपालले काठमाडौंको विभिन्न क्षेत्रमा योगदान पुऱ्याउँदै आएका व्यक्तित्वहरूलाई सम्मान गरेको छ। उक्त कार्यक्रममा अखिल नेपाल प्रगतिशिल किसान संघका केन्द्रिय अध्यक्ष रोहित भट्टराईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो। कार्यक्रमका अध्यक्षता वरिष्ठ समाजसेवी अशोक कुमार मल्लले गरेका थिए। त्यसैगरि द युनिभर्सल टाइम्स साप्ताहिकका सम्पादक विष्णु गिरी (निश्चल), वरिष्ठ समाजसेवी तथा पिपलबोट अनलाइनका सम्पादक भूमिनन्द नेपाल, वरिष्ठ समाजसेवी तथा युवा व्यवसायी तिर्थ दाहालका साथै विभिन्न संघ संस्थामा आवद्ध रहनुभएका समाजसेवी, प्रमुख अतिथि, पत्रकार, कलाकारहरूको सहभागिता रहेकोसम्मान कार्यक्रमका प्रमुख अतिथि रोहित कुमार भट्टराईले संस्थाले गरेको कामप्रति धन्यवाद दिँदै यस्ता सम्मानबाट युवावर्गलाई अझ होसला बढी समाजसेवा प्रति काममा जागृत गराउने बताए। साथै नेपालमा मात्र नभएर एशियामा समेत शान्ति समाज नेपालको उपस्थित रहोस् भन्ने कामना गरे। त्यसैगरि सभाका अध्यक्ष अशोक मल्लले शान्ति समाज नेपाल युवाहरूको लागि लागिरहेको संस्था हो यो संस्थाका अध्यक्षलाई विगतदेखि नजिकबाट उनको कामलाई नियालीरहेको र आउने दिनमा आफूले सक्ने सहयोग गर्ने बताए। साथै नेपालमा समाजसेवा गर्नु भनेको चुनौति रहेको भने। यस कार्यक्रममा सम्मानित व्यक्तिहरूमा विष्णु गिरी (निश्चल), भूमिनन्द नेपाल, सन्तोष यादव, अभिजित रविन्द्र दास, भोलानाथ अधिकारी, तिर्थ दाहाल, कैलाश न्यौपाने, लक्ष्मण प्रधान, रविन्द्र खड्का, दिनेश खड्का, रोज तामाङ्ग, नरेश तामाङ्ग, बिरबल तामाङ्ग, निरज परियार थिए।



गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं।
- चुरोट बिंडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजेल, ग्यास स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# ओलीको कुटनीतिमा पाकिस्तानी र चिनियाँ योजना

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली सत्तासीन भएपछि भारतको भ्रमण गर्ने परम्पराको अनुशरण गर्दै प्रथम वैदेशिक भ्रमण गर्नु भएको थियो । तैपनि उहाँको त्रिदिवसीय (अप्रिल ६ देखि ७ सम्म) भ्रमणले दुवै देशबीचको असमझदारीलाई समाप्त पारेर आपसी विश्वासलाई टेवा दी सकेको भन्नु हतारमा गरिएको निष्कर्ष नै भन्नुपर्छ । भ्रमणका दौरानमा प्रस्तावित भारतीय योजनाहरूले आपसी अविश्वासको स्तरलाई सही रूपमा न्यून पारी दिएको भनेर आश्वस्तताको अपेक्षा गर्न सकिन्न ? नेपालले चीनको उच्च योजना ‘ वन बेल्ट वन रोड’ लाई अनुमोदन गर्ने कार्यलाई भारतले आफ्नो सार्वभौमसत्ताताई अवरोधित पार्ने प्रयासको रूपमा लिएको छ । नेपालमा भारतद्वारा संचालित कुनै रेल, सडक वा जलपरिवहन सम्बन्धी योजनाहरू चीनको ‘ओबोर’ योजनाले गर्दा बेला-बखतमा अवरोधित हुनसक्छ किनकी नेपालमा थुप्रै भारतद्वारा संचालित सम्पर्क विस्तार सम्बन्धी योजनाहरूको गतिलो कार्यान्वयन नभएसम्म भारतले सद्भाव निर्माणको अपेक्षा नगर्नुको कारण विगतमा गरिएका थुप्रै वचनवद्धताहरू अपेक्षित अवधिभित्र कार्यान्वयन हुन नसक्नु पनि अविश्वासको कारक तत्व रहेको मान्न सकिन्छ । ओली मात्र भारतलाई अविश्वास गर्ने नेपालका राजनीतिज्ञ होइनन् अन्य थुप्रै नेपालका राजनीतिज्ञहरूको भारतप्रति शंकास्पद दृष्टिकोण दीर्घकालदेखि नै रहँदै आएको छ । नेपालको संविधान निर्माण कार्य सन् २०१५ मा मधेशीहरूद्वारा गरिएको बन्दका कारण असफल भएको थियो । तराईको समतल भू-भागका निवासी मधेशी लगायत नेपाल भारत सीमा वारिपारिका जनताहरूको समेत भारतसँग दीर्घकालदेखि नै घनिष्ट सम्बन्ध रहँदै आएको छ । ने भए पनि २०१५ को बन्दको तिक्तता अहिले पनि पूर्ण रूपले समाप्त भएको छैन र त्यस्तो हुनुको कारण ओली र उनको कम्युनिष्ट पार्टीका अन्यहरूको आन्तरिक मामिलामा रहेको अनपेक्षित साँठ-गाँठले गर्दा भारतविरोधी भावनाले प्रश्रय पाउँदै आएको छ र त्यसै क्रममा यो पनि उल्लेखनीय रहेको छ कि इस्लामावादले आतंकवादलाई जबर्जस्त रूपमा सघाउँदै आएको कारण दिल्लीले इस्लामावादमा हुने सार्क सम्मेलनमा सहभागिता नजनाएको कारण दुई वर्ष विलम्ब हुन गएको बाबजुद पनि ओलीले सार्कमा पाकिस्तानलाई पुनर्जीवित गराउने प्रसंग उठाएको कारण त्यो प्रसंग चर्चित भै भारतले अर्को अवरोध झेल्नु परेको थियो ?

नेपाल-पाकिस्तानबीचको सम्बन्धमा कुनै त्यस्तो विशिष्टता नभए पनि केही साता अघि पाकिस्तानी प्रधानमन्त्री शाहिद खाकन अब्बासी काठमाडौं पुगेर ओलीलाइ भू-परिवेष्ठित देशको सत्तामा आसीन भएपछि बधाई दिने विशेष निहित उद्देश्यले समेत पुगेका थिए । यो बिल्कुलै प्रासंगिक छ कि अब्बासीको काठमाडौं-भ्रमणको उद्देश्य नेपालका प्रधानमन्त्रीले चीनपछि पाकिस्तानलाई एक अतिरिक्त तुरूपको रूपमा प्रयोग गर्नेछ ? त्यस भ्रमणले अर्को यस सन्देशलाई सम्प्रेषित गरेको थियो कि भारतका छिमेकीहरूमध्ये पाकिस्तानको अर्को गठबन्धन समेत रहेको छ । भारत-पाकिस्तानबीचको तनावका कारण सार्कले आफ्नो विशिष्टता प्रदर्शित गर्न असफल रहेको छ । एक प्रकारले भन्ने हो भने पाकिस्तानले खुदै दक्षिण एशियाई संगठनका सडक-सम्पर्क कार्यक्रमलाई बेवास्ता गर्दै आएको छ र भारतले त्यसलाई हाल अग्रसरित गर्न आवश्यक नठानेको कारण भारत अन्य श्रेत्रीय बहुउद्देश्यीय संगठनहरू जस्तै : ‘बे अफ बंगाल इनिसियटिव फर मल्टी-सेक्टरल टेक्निकल एण्ड इकोनोमिब कोर्पोरेशन’ (जो सार्क भन्दा बढी अपयोगी रहेको छ) मा बढी सक्रिय रहेको छ । ओली र मोदीबीचको वार्ताका क्रममा पाकिस्तानले नेपाली नेताहरूलाई भारतलाई दबाब दिने प्रसंगबारे समेत छोटकरीमा उठाएको हुनसक्छ । बर्षौंदेखि पाकिस्तानले नेपालमा आतंक निर्यात गर्नुका साथै भारतमा नक्कली भारतीय मुद्राहरूको कालोबजारी गर्दै आएको गम्भीर मुद्दा समेत नेपाल-पाकिस्तान सम्बन्धसँग गाँसिएको हुँदा त्यस सम्बन्धमा समेत चर्चा चलेको हुनसक्छ । यसका अतिरिक्त डिसेम्बर १९९९ मा इन्डियन एयरलाइन्सको काठमाडौंबाट पाकिस्तान हुँदै कन्दहार जाने विमानको अपहरणकर्ताहरूलाई पाकिस्तानी कुटनीतिज्ञहरूले आफ्ना सुविधाको दुरूपयोग गर्दै शस्त्रहरू उपलब्ध गराएको प्रसंगलाई समेत बिर्सन मिल्दैन । यो पनि कुनै गुप्र रहेको छैन कि लाहौंर वा कराचीको उडानबाट पाकिस्तानबाट आतंकवादीहरू नेपाल आउँछन् र नेपाल-भारतको खुल्ला सीमाको कारण थुप्रै आतंकवादीहरू भारत पस्ने गरेको क्रियाकलापहरू हालसम्म पनि रोकिएको छैन । भारतले यसलाई पनि बेवास्ता गर्न मिल्दैन कि पाकिस्तान दक्षिय एशिया देशहरूमा भारत विरोधी भावना फिजाउँदै आतंकपूर्ण आक्रमणहरूको षड्यन्त्र गर्नमा ज्यादै सक्रिय रहँदै आएको छ । हालै पाकिस्तानी सेना प्रमुख माल्दिस पुगेका थिए । अमीर जुबेर सिद्दीकी भन्ने पाकिस्तानी अधिकारी लामो समयदेखि कोलम्बोमा बस्दै आएर त्यहाँबाट भारतमा आतंकवादी क्रियाकलाप तथा गतिविधि संचालन गर्ने कार्यमा संगल्न रहँदै आएका अभियुक्त वा गन्हाएका व्यक्ति समेत हुन्, जसलाई मुम्बई हवाई र चेन्नई इयर फोर्स जस्ता विभिन्न सुरक्षा स्थलहरूको अनुसन्धान गर्ने जिम्मेवारी समेत दिईएको छ ।

भारतको नेशनल इन्भेस्टीगेशन एजेन्सी (एन.आई.ए.) ले सिद्दीकीलाई आफ्ना विद्रोहीहरूका सरगनाको सूचीमा राखेको छ भने भारतको अर्थव्यवस्थालाई विस्थापित गर्ने उद्देश्यले उसले आफ्ना अन्य दुई सहयोगीहरूका साथ उच्च स्तरका नक्कली भारतीय रूपैयाँहरू व्यापक स्तरमा परिचालन गरेकोले उसको विरूद्ध चार्जसीत समेत जारी गरेको छ । अमीर सिद्दीकीका कुकृत्यहरू सन् २०१२ मा त्यतिखेर खुलस्त हुन आयो जब सि.आई.डी पुलिस तामिलनाडुको ‘क्यू’ शाखाको थान्जावुरका थमीम अन्सारीलाई गिरफ्तार गरेको थियो र उसैले यो रहस्योद्घाटन गरेको थियो कि त्यो पाकिस्तानी कुटनीतिज्ञ सन् २००८ देखि २०१२ को अवधिमा जताजतै गुप्तचर नियुक्त गर्ने काममा व्यस्त रहेको थियो । त्यस्तो अपचलनले गर्दा नेपालले ‘पाकिस्तानी कार्ड’ को वकालत गर्नु नेपालको प्रतिष्ठालाई तल झार्नेछ । आजको विश्वमा यो प्रसंग र तथ्यलाई पनि प्रकाशित वा सार्वजनिक गर्नुपरेको छ कि भारत नेपालमाथि भर पर्ने अवस्था रहन गएको छैन किनकी परिवर्तित स्थितिमा भारतीय भोलामा आफ्नो सबथोक राख्नुनपर्ने कुराप्रति अहिले नेपाल पूर्णरूपले जागरूक भै सकेको छ । प्रधानमन्त्री ओली भारतमा ओलिर्नु भन्दा पहिलाको एक मुख्य मुद्दा - सन् १९५० को भारत-नेपाल सन्धिलाई पुनरावलोक गर्नुपर्ने बारे उनको सरकारले उचालेको थियो । वर्तमान नेपाली नेतृत्ववर्ग भारतीय सेनामा गोरखालीहरूलाई नियुक्ति गर्ने विरूद्धको मानसिकतामा रहेको छ । के ओलीले ती मुद्धाहरूलाई अग्रसरित गरेर द्धिपक्षिय सम्बन्धमा अर्को अवरोध खडा गरेर निको हुन लागेको घाऊमाथि अर्को प्रहार गर्नेछन् त ? ओलीको भ्रमणले दुवै देशले रेल सम्बन्ध र जलसम्पादाको विकासतिर ध्यान केन्द्रित गरेको छ । के त्यस्तो भारतीय प्रसायले नेपाललाई चीनतिर लम्किनबाट रोक्न सक्छ त ? वास्तवमा भन्ने हो भने नेपालले आफूले चाहेका मामलामा जुनसुकै अवस्थामा पनि भारतबाट सहयोग प्राप्त गर्ने आँट गर्नु नेपालको ठूलो दुःखद गल्तीको रूपमा परिभाषित हुन पुग्नेछ । सदीयौंदेखिको सांस्कृतिक, धार्मिक, नैतिाक र ऐतिहासिक सम्बन्धमाथि अतिरिक्त तनाव उत्पन्न गर्नु नेपालका लागि कुनै दृष्टिले उपयोगी हुने छैन । भारतमा रहेका ६ मिलियन नेपालीहरू भारतीय नागरिकहरू सरहका सबै सुविधाहरू वास्तविक रूपमा उपभोग गर्दै आएका छन्, नेपालले त्यसलाई सम्झनु परेको छ र एकअर्काको विरूद्ध कुनै षड्यन्त्र नगरी दुवै देशले मित्रको रूपमा रही अघि बढ्नु नै हरदृष्टिले उपयोगी र कल्याणकारी हुनेछ । *–एजेन्सीको सहयोगमा*

# रासायनिक मलको असन्तुलित प्रयोगले उर्वरा शक्तिमा ह्रास

**मणि प्रसाद गैह्रे,**

कपिलवस्तु । जमिनमा रासायनिक मलको असन्तुलित प्रयोगले कपिलवस्तुको कृषि योग्य जमिनको माटो कमजोर बन्दै गएको छ । उत्पादन बढाउने नाममा जथाभावी रासायनिक मल प्रयोग गरिँदा यहाँको भूमिको उर्वरा शक्तिमा ह्रास आउँदै गएको हो ।

क्षेत्रीय माटो प्रयोगशालाको घुम्ती टोलीले कपिलवस्तु नगरपालिकाका विभिन्न गाउँको माटोमा परीक्षण गरिएपछि यस्तो तथ्य बाहिर आएको हो । टोलीले कपिलवस्तु नगरपालिकाकामा ३ दिनसम्म माटो परीक्षण गरेको थियो । १ सय ६ जना कृषकहरूको माटो परीक्षणपछि यहाँका माटोमा क्षारीयपन बढी रहेकोले माटोको उर्भरशक्ति कमजोर बनेको नगरपालिका कृषि ईकाईका प्रमुख खुर्सेद अहमद खाले बताए ।

नाईट्रोजन, फस्फोरस र पोटासको मात्रा समेत माटोमा कम देखिएकाले यसले उत्पादनमा ह्रास आउँदै गएको खाले बताए । यहाँ यूरिया, डि.ए.पि. लगायतका रासायनिक मलको अत्यधिक प्रयोग गर्ने गरिएको छ । रासायनिक मल मनपरी ढंगले प्रयोग गरिएकाले माटोमा रहने बिभिन्न तत्वहरूमा गम्भीर असर परेको कृषि प्राविधिकहरूको भनाई छ ।

प्राङ्गारिक मलको साटो अहिले रासायनिक मललाई कृषकहरूले अंगालेकाले माटोको सन्तुलनमा नकारात्मक असर भएको उनीहरूको ठहर छ । बिक्रेताहरूले रासायनिक मललाई किराना सामानझैं बजारमा बिक्रीका लागि राख्ने गरेकाले समेत मलमा रहेको तत्वहरू खेर जानेगरेको छ ।

बोरामा प्याकीङ गरी राखिएका त्यस्ता मललाई बिक्रेताले खुलारूपमा बिक्रि गरीरहेकाले मलमा रहेको बिभिन्न तत्वहरू खेर गइरहेको हो । त्यस्ता मललाई कृषकले आफ्नो खेतमा प्रयोग गरेकोले समेत माटोको उर्वर शक्तिमा खासै बृद्धि हुन नसकको कृषि प्राबिधिक टिका पोखेल बताउँछन् ।

जिल्ला कृषि विकास कार्यालय अनुसार यहाँको कूल खेतीयोग्य ८३ हजार जमिनमा बलौटे,दोमट र चिम्टाईलो माटो रहेको छ । यहाँको माटोमा नाईट्रोजन, फस्फोरस, पोटास र प्राङ्गारिक पदार्थ मध्यम देखि कम पाईन्छ । यस्तो अवस्थामा झनै हचुवाको भरमा रासायनिक मल खेतमा प्रयोग गरिदा माटोमा रहेका ती तत्वहरूको सन्तुलन बिग्रीएर भूमीको उत्पादकत्व क्षमता कमजोर भएको जिल्ला कृषि कार्यालयका प्राबिधिकहरू बताउछन् । ‘प्राङ्गारिक मलको साटो रासायनिक मलको बढदो प्रयोगले यहाँको भूमी असंतुलित भएको छ ।’

कृषि कार्यालयका प्रमुख राकेश ओझाले भने ‘कृषि प्राबिधिकहरूको परामर्श बगैर कृषकहरूले रासायनिक मलको प्रयोग गर्दा माटोमा नकारात्म असर परेको छ ।’ कपिलवसतुका माटोको अवस्थाप्रति चिन्ता ब्यक्त गर्दै क्षेत्रीय माटो प्रयोगशालाका बरिष्ठ माटो बित्र निसा अहमदले कृषकहरूले माटोको परीक्षण गनर्स पर्नेमा जोड दिए । ‘माटो परीक्षणले माटोको अवस्था पत्ता लाग्छ’ उनले भने ‘जसले गर्दा सुधार गर्न मद्दत मिल्छ’ ।

उनले खेतमा कृषि चुन तथा प्राङगारिक मल प्रयोमगा जोड दिए । उता जिल्लाका ८५ प्रतिशत कृषकले प्राङगारिक मलको प्रमुख स्रोतको रूपमा रहेको गाईबस्तुको गोबरको गुईठा बनाउने गरेका छन् । ती गुईठालाई यहाँका कृषकहरूले खाने पकाउने उर्जाको रूपमा प्रयोग गर्ने गरेकाले माटोलाई चाहिने आवश्यक तत्व परिपूर्ति हुन नसकी भूमीको उर्वरा शक्ति क्षीण बनेको बताईएको छ ।

गाईबस्तुको मलमूत्रमा माटोलाई चाहिने बिभिन्न १६ तत्व नै रहने भए पनि गोबरको गुईठा बनाईने तथा परंपरागत तरिकाबाट बनाईएका प्राङ्गनरिक खेतमा हालिनाले समेत माटो स्तरमा खासै सुधार आउन सकेको छैन । यहाँ वस्तुको मल मुत्र बनाईने मललाई घाँम र पानीबाट नबचाई खुला ठाँउमा राख्ने चलन छ । जसले गर्दा सो मलमूत्रमा रहेका तत्वहरू उडेर,चुहिएर तथा बगेर खेर जाने गरेका छन् । त्यो मल माटोमा हालिदा खसै उपलब्धी नहुने कृषि प्राबिधिकहरूले बताए । त्यस्तै खेतबारीमा रहेको झाँरपात र ठुटालाई आँगो लगाई हटाउने चलनले समेत माटोको उर्वराशक्ति घटदै गएको छ ।

१ बर्षमा एक जोर गाईबस्तुको मलमूत्रबाट ५८ किलो नाईट्रोजन उत्पादन गर्न सकिने प्राबिधिकहरू बताउछन । तर सो मलमूत्रको खाल्टो बनाएर उचित ब्यवस्थापन नगरिदा त्यस्मा रहेका ९० प्रतिशत तत्वहरू चुहावट भई खेर जाने गरेको उनीहरूको भनाई छ । शिक्षा र जनचेतना अभावका कारण कृषकहरूले गाईबस्तुको मलमूत्रबाट लाभ लिन नसकेको जिल्ला कृषि कार्यालयका प्रमुख आझोले बताए ।

## संघीयतामाथि...

उनले विदेशी सरकार प्रमुखका अगाडि आन्तरिक विषयमा बोल्न मिल्छ भने प्रदेश २ का मुख्यमन्त्रीले किन बोल्न नहुने ।

तर, दुर्भाग्य, अहिले कसैले पनि रक्षामन्त्रीको भनाइ प्रति प्रश्न उठाएका छैनन् । तर, मुख्यमन्त्रीले आफ्ना प्रदेशको कुरा राख्दा जानीजानी विवादित बनाइदै छ ।

**झण्डाको आकार किन बिग्रियो ?**

नेपाल सरकारको निमन्त्रणामा आएका भारतीय प्रधानमन्त्री मोदीको स्वागतदेखि जानकी मन्दिरमा पूजापाठ गर्नेसम्मका सम्पूर्ण जिम्मेवारी केन्द्रीय सरकारको थियो । प्रदेश र स्थानीय सरकारको जिम्मामा मोदीको नागरिक अभिनन्दन र त्यसमा बढीभन्दा बढी जनसहभागिता गराउनु पर्ने मात्र थियो । जानकी मन्दिरमा प्रधानमन्त्री केपी शर्मा ओली आफै आउने कार्यक्रम रहेकोले स्थानीय वा प्रदेश सरकारका प्रतिनिधिहरूलाई जानबाट रोक लगाइएको थियो ।

जानकी मन्दिरमा सबै कुराको बन्दोबस्त मिलाउने जिम्मेवारी केन्द्रीय सरकारको परराष्ट्र मन्त्रालय, रक्षामन्त्रालय र गृहमन्त्रालयको थियो । मन्दिरभित्र हुने कार्यक्रममा झण्डा बिगारेको सन्दर्भमा पनि प्रदेश सरकार वा स्थानीय सरकारलाई जानकारी थिएन । किनभने मन्दिरभित्रका हरेक कुराको जिम्मेवारी केन्द्र सरकार आफैले गरेका थिए ।

मधेशीहरू राष्ट्रघाती हुन् भन्ने देखाउनका लागि झण्डाको रूवरूप बिगारेर व्यापक रूपमा झुठा प्रचारबाजी गराइएको छ । नेपालको राष्ट्रिय झण्डाको आकार परिवर्तन हुनुप्रति प्रदेश २ का मुख्यमन्त्रीले समेत दुःख व्यक्त गरिसकेका छन् । र, त्यसको जिम्मेवारी केन्द्रले लिनुपर्ने भनिसकेका छन् ।

तथापि पनि नेपालको राष्ट्रिय झण्डाको आकार बिगारेको भन्दै नेपालका कथित राष्ट्रिय मिडियादेखि नेताहरूसमेत प्रदेश २ का मुख्यमन्त्री र सरकारमाथि जाइलागेका छन् । फोरम नेपाल र राजपा नेपालको संयुक्त सरकार भएकोले पनि ती दुवै पार्टीका शीर्ष नेताहरूसँग स्पष्टीकरण सोधिँदैछन् ।

प्रदेश २ का सरोकारवाला मन्त्रालयका सचिवहरूसँग पनि केन्द्रीय मन्त्रालयले स्पष्टीकरणसमेत माग गरिसकेको छ । यस्ता घटनाहरूबाट स्पष्ट छ कि संघीयतामाथि सिधा प्रहार गर्न खोजिएको छ ।

किनकि संघीयताको सफलता वा विफलता प्रदेश २ ले नै निर्धारण गर्न सक्छ । मधेशी जनताको ठूलो संघर्षका कारण नेपालमा लागू भएको संघीयतालाई विफल बनाउन मधेशी बाहुल्य प्रदेशमाथि प्रहार भइरहेको आम मधेशीको बुझाई छ ।

प्रदेश २ को सरकारलाई विफल बनाउन ठूलो षड्यन्त्र नै भइरहेको छ । मुख्यमन्त्री र मन्त्रीहरूलाई संघीयता विरोधीहरूले मानसिक तनाव दिन सामाजिक सञ्जालदेखि सञ्चार क्षेत्र समेत प्रयोग भएको भन्ने कुरा नकार्न सकिदैन ।

## जिल्ला समाचार

### जगतगुरू शंकराचार्य वीरगंज आउने

वीरगंज । नेपालको आर्थिक राजधानी एवं ऐतिहासिक शहर वीरगंजमा जेठ ६ गते जगत गुरू शंकराचार्य पुज्यपाद स्वामी श्री निश्चलानन्द सरस्वती महाराज आउने भएका छन् । रानीसती धर्मशालामा पत्रकार सम्मेलनको आयोजना गरि स्वागत मूल समितिका अध्यक्ष एवं समाजसेवी अशोक वैद्यले जानकारी दिँदै भने जगतगुरू शंकराचार्य जेठ ६ गते वीरगंजमा आगमन हुने र साँझ ४ बजे घण्टाघरमा भव्य स्वागत गरिने, वीरगंजको ऐतिहासिक एवं प्रशिद्ध गहवा माई मन्दिर, अलखिया मठ, महावीर मन्दिरमा विशेष पूजापाठ गर्नुका साथै शोभा यात्रासहित नगर परिक्रमा गरि गोपाल मण्डली धर्मशालामा समापन गरिने जनाइएको छ । वैद्यका अनुसार जेठ ७ गते विहान ९:३० बजे शंकराचार्यसँग दर्शन भेट, १०:३० बजे दिक्षा एवं १२:०० बजे पादुका पुजन गर्ने र साँझ ४ बजे आर्दश नगर रंगशालामा हिन्दू धर्म जागरण सभा एवं नागरिक अभिनन्दन गर्ने साथै बेलुकी ७ बजे जगत गुरू शंकराचार्यको पत्रकार सम्मेलन गोपाल मण्डलीमा गर्ने र जेष्ठ ८ गते विहान ८ बजे विशेष विदाई समारोह गर्ने जानकारी दिए । जेठ ७ गतेको विशेष कार्यक्रममा प्रदेश नं. २ प्रमुख महामहिम रत्नेश्वरलाल कायस्थको विशेष उपस्थिति रहने छ । कार्यक्रम सफल एवं भव्य, सभ्य बनाउनका लागि समाजसेवी अशोक वैद्यको अध्यक्षतामा १५१ सदस्यीय स्वागत मूल समिति समेत गठन गरेको छ ।

### राप्रपाका केन्द्रीय सदस्य रजौरियाको निधन

कपिलवस्तु । राप्रपाका केन्द्रिय सदस्य तथा पूर्वजिविस सभापति गुरूप्रसाद रजौरियाको निधन भएको छ । कपिलवस्तुको कृष्णनगर नगरपालिका-११ शिवानगरस्थित आफ्नै निवासमा रजौरियाको हृदयघातका कारण आइतबार दिउँसो ७३ वर्षको उमेरमा निधन भएको पारिवारिक श्रोतले जनाएको छ । आफन्तसँग कुरा गर्दा गर्दै बुवाको निधन भएको छोरा सौरवले बताए । पंचायतकालमा लामो सयम राजनीतमा सकृय रहेका रजौरिया पंचालयतकलमै एक पटक र बहुदल स्थापना लगत्तै जिबिसको जिल्ला सभापतिमा निर्वाचित भएका थिए । पंचायकालमा जाचबुझ समितिका सदस्य समेत रहेको थिए । रजौरिया विकासप्रेमी रहेको र जिल्लाको विकासमा योगदान दिएको पुराना नेताहरू बताउँछन् । रजौरियाका श्रीमति, एक छोरा र दुई छोरी छन् । राप्रपा जिल्ला समितिले रजौरियको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै राप्रपाले एक कुशल नेता गुमाएको जनाएको छ ।

### उपाधिमाथि मेयर टीमको कब्जा

राकेश यादव, रौतहट । रौतहट जिल्लाको ईशनाथ नगरपालिका अन्तर्गत औरैयामा संचालित मेयर कप टी ट्वेन्टी क्रिकेट प्रतियोगिताको उपाधि मेयर टिमले जितेको छ । स्थानीय जनता, माध्यमिक विद्यालयको प्रांगणमा मंगलबार भएको फाइनल खेलमा मेयर टीमले वडा नम्बर ५ लाई १० विकेटले पराजित गर्दै उपाधि जितेको हो । नगरपालिका कार्यालयले आयोजना गरेको प्रतियोगितामा ५ नम्बर वडाले जितका लागि दिएको ९८ रनको सामान्य लक्ष्यको पूरा गर्नका लागि बलेवाजी गर्न मैदानमा उत्रेका मेयर टीमका सलामी बैट्समैन दिनकर महतो र नीरज साहको जोडीले आक्रामक बैटिंग गर्दै ८ ओभरमै लक्ष्य पूरा गर्दै प्रतियोगिताको विजेता टीम बन्न सफल भएका थिए । विजेता टीमका साहले व्यक्तिगत ६२ रन र महतोले ३६ रन बनाएका थिए । टस जितेर पहिलो बलेवाजी गरेका वडा नम्बर ५ का टीमले सबै विकेट गुमाउदै ९७ रनको सामान्य स्कोर खडा गरेको थियो । प्रतियोगिताको विजेता र उपविजेता टीमलाई शील्ड नगदसहित प्रमाण पत्रले मेयर मेहता र उपमेयर हुस्न आरा खातूनले पुरस्कृत गरेको आयोजक समितिले जनाएको छ । मैचमा तथा प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरे वापत दिनकर महतोलाई मैन आफ दी सीरीज तथा नीरज साहलाई बेस्ट बैट्समैनको पुरस्कारबाट पुरस्कृत गरिएको छ ।

### मोरङमा शौचालय कम

विराटनगर । राष्ट्रिय सरसफाई गुरू योजना अनुसार प्रदेश-१ भित्रका अधिकांश जिल्ला अझै खुल्ला दिसामुक्त क्षेत्र बन्न सकेका छैनन् । प्रदेशका भोजपुर, सोलुखुम्बु, संखुवासभासहित पूर्वी पहाडी जिल्लामा खुल्ला दिसामुक्त क्षेत्र अभियान सफल देखिए पनि तराईका जिल्ला मोरङ, सुनसरी र झापा अझैसम्म पूर्ण सरसफाई घोषणा हुन नसकेका हुन् । प्रदेश-१ मा सबैभन्दा कम चर्पी बनाएको जिल्लाका रूपमा मोरङ परेको छ । मोरङका १७ हजार १९९ घरधुरी अझैसम्म पनि चर्पीविहिन अवस्थामा छन् । जिल्ला खानेपानी तथा स्वच्छता समन्यवय समिति मोरङ र खानेपानी तथा ढल निकास विभाग काठमाडौंले सोमबार विराटनगरमा स्थानीय तहका जनप्रतिनिधिसँग छलफलसमेत गरेको छ । खुल्ला दिशामुक्त क्षेत्र बन्न नसकेका स्थानीय तहका जनप्रतिनिधिसँगको छलफलका क्रममा जिल्लका ६ स्थानीय तह बाहेक ११ वटा स्थानिय तहमा अझैसम्म पूर्ण सरसफाईको अवस्था नरहेको जानकारी दिइएको छ ।

### वीरगन्ज महानगर पूर्ण निगरानीमा

वीरगंज । वीरगंज महानगरपालिकाको सुरक्षा र सरसफाइलाई सुदृढ बनाउन महानगपालिकाले उद्योग वाणिज्य संघलाई १५ लाख रूपैयाँ आर्थिक सहयोग हस्तान्तरण गरेको छ । वीरगंज महानगपालिकामा आयोजित एक कार्यक्रमबीच नगर प्रमुख (मेयर) विजय कुमार सरावगीले वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश शर्मालाई १५ लाखको चेक हस्तान्तरण गरेका छन् । वीरगंजको सुरक्षा तथा सरसफाइलाई नियमित अनुगमनका लागि वीरगंज महानगरलाई सिसि केमराको पूर्ण निगरानीमा राख्ने योजना अनुसार उद्योग वाणिज्य संघलाई महानगपालिकाले आर्थिक सहयोग प्रदान गरेको हो । वीरगंज महानगरपालिका उद्योग वाणिज्य संघ र विभिन्न कारपोरेट तथा औद्योगिक घारानाहरूको आर्थिक सहयोगमा क्रमिक रूपमा वीरगंजको सबै ठाउँहरूमा सिसि क्यामेरा जडान गर्ने योजना रहेको कार्यक्रममा जानकारी गराइएको थियो ।

### नेपालगञ्जमा अवैधरूपमा विद्यालय संचालन

दिनेश ठाकुर, नेपालगञ्ज । नेपालगञ्ज उप-महानगरपालिकाभित्रै दर्ता नगरि अवैधरूपमा विद्यालय संचालन गरेको पाइएको छ । नेपालगञ्ज उपमहानगरपालिकाको नगर शिक्षा शाखाले एक सूचना जारी गरी वडा नम्बर १३ मा रहेको डेस्टिनेशन बोडिङ्ग स्कुल राज्यका कुनैपनि निकायमा दर्ता नगरी संचालन गरिएको सार्वजनिक गरेको छ । अवैध रूपमा संचालन भएको विद्यालयमा विद्यार्थी भर्ना गराउने सम्पूर्ण अभिभावकहरूलाई आफ्ना नानी बाबुहरूलाई सो विद्यालयमा भर्ना नगराउन र भर्ना गराएको भएपनि अवैध भएको कारणले सम्पूर्ण भर्ना शुल्क, मासिक शुल्क, पाठ्यपुस्तक शुल्क, ड्रेस शुल्क सहित दावी गरी फिर्ता लिई नजिकको मान्यता प्राप्त विद्यालयमा भर्ना गराउन आग्रह गरिएको छ । यस्तै वडा नम्बर १३ मा कक्षा २ सम्म स्वीकृती पाएको डेभलपमेन्ट स्कुल भनी बोर्ड टांगेर अभिभावकहरूलाई झुक्काएकोमा डेभलपमेन्ट स्कुल पनि बसाई सराई नगरी अवैध रूपमा आएर संचालन गरिएको कारणले सो स्कुलमा पनि विद्यार्थी भर्ना नगर्न नगराउन नगर शिक्षा शाखाले आग्रह गरेको छ ।

### दारी ग्याङद्वारा डष्टविन वितरण

बिजय कुमार सिंह, धनुषा । स्थानीय युवाहरूको एक समूह दारी ग्याङले ढल्केबरमा डष्टविन वितरण गरेको छ । “गालामा दारी, काँधमा जिम्मेवारी” भन्ने मूल नाराका साथ स्थानीय युवाहरूले गठन गरेको समूह दारी ग्याङले धनुषाको मिथिला नगरपालिकाको प्रमुख व्यापारिक केन्द्र ढल्केबरमा शनिवार निः शुल्क डष्टविन वितरण गरेको हो । जथाभावी फोहर नगरौं, सभ्य नागरिकको पहिचान दिऔं भन्ने मुल नाराका साथ सरसफाई अभियानमा सक्रिय भएका दारी ग्याङले शनिवार ढल्केबर पूर्वचौकस्थित करिव ५० बढि पसलहरूमा निः शुल्क डष्टविन वितरण गरेको दारी ग्याङका सदस्य देवराज घिमिरेले बताए । डष्टविन वितरण गर्दै ग्याङका सदस्यहरूले जथाभावी फोहरहरू नफालेर डष्टविनको सहि सदुपयोग गर्न पसलेहरूलाई आग्रह गरेका थिए । ग्याङका सदस्य घिमिरेले बाकी रहेको पसलहरूमा केहि दिन भित्रै डष्टविन वितरण गर्ने प्रतिक्रिया दिए । फोहरमैला व्यवस्थापन गरेर नगरलाई सफा सुन्दर बनाउन आफुहरू कुनै पनि प्रयास बाकी नराख्ने बताउदै सदस्य घिमिरेले यस अभियानमा जुटेर सहयोग गर्न सबै पक्षसंग आग्रह गरे । लामो समय पछि युवाहरू विकास निर्माण तथा समाजिक कार्यमा अग्रसर भएकोमा स्थानिय बुद्धिजीविहरूले खुशी व्यक्त गरेका छन् ।


मोदीको जनकपुर पदार्पणमा असन्तुष्टि कुण्ठा मात्र हो । सि जिन पिंगलाई गुजरातमा, ओबामालाई संघाईमा र संसार भरिकालाई न्यूयोर्कमा स्वागत गर्नु त सामान्य नै हो । मोदीलाई चीनमा हिन्दी गीतको धुन सुनाईदा चीनको राट्रवादमा के नै प्रभाव पर्यो र ? यहाँ हिन्दीमा हुने अभिनन्दनले के नै हुने हो । **जेपी गुप्ता**


जनकपुरलाई भारतमा मिलाउनु पर्छ भन्ने किर्ति आजाद नामको भारतीय सांसदलाई जनकपुर, प्रदेश २, मधेश र नेपाल देशको दुश्मन घोषणा गरी विरोध गरौं । त्यो सोच दुवै देशको अखण्डताको लागि खतरा हो । मोदी र ओली दुवै सरकारले तुरून्त आवश्यक कारवाही गरेर सार्वजनिक गरोस् । नत्र हामी बर्दास्त गर्दैनौं । **विमलेन्द्र निधि**


जनकपुर, मुक्तिनाथ र पशुपतिको तिर्थाटन भएतापनि मोदीको यात्रा पशुपतिको जात्रा सिद्राको व्यापार नै हो । तर भित्री आशय जेभएतापनि मोदीको तिर्थाटनका कारण नेपालमा धार्मिक पर्यटकमा उल्लेखनीय वृद्धि हुने निश्चितप्राय छ । यसवाट नेपालले ठूलो लाभ लिन सक्छ । आगामि १० वर्षमा ५० लाख पर्यटक भित्रयाउने गरी पर्यटन मन्त्रालयले आवश्यक दीर्घकालिन सोच निर्माण गरी कार्यान्वयन गरोस । **खिमलाल देवकोटा**


मधेश आन्दोलन ताका मधेशीहरूले संविधानमा असन्तुष्टि राखेर आन्दोलन गर्दा आफ्नै देशका नागरिक माथि ताकी ताकी छाती र टाउकोमा गोली हानि हत्या गरेर जबर्जस्ती संविधान लाद्ने ? अनि विभेदकारी संविधानबारे आवाज उठाउँदा त्यसलाई पनि दबाउन खोज्ने ? यो कस्तो लोकतन्त्र र गणतन्त्र रहेको देश हो ? जहाँ आफु माथि विभेद भएको छ भनेर भन्न पनि पाइदैन । **रिता साह**


प्रदेश २ को राजधानी जनकपुर नै स्थायी हुनेमा दुईमत छैन । तर, राजधानी बनेको जनकपुरले धेरै कुरामा सुधार गर्नुपर्ने देखियो । होटलहरूको खुलेआम लुट रोक्नुपर्‍यो, लामखुट्टेको गुँड/गन्हाउने कोठाको एक रातको भाडा न्युनतम १५ सय छ । सेवासुविधा र सरसफाइमा प्रदेश सरकार र उपमहानगरको ध्यान जाओस् । **मात्रिका पौडेल**


प्रदेश न. २ का मुख्य मन्त्री मो लालबाबु राउत गद्दी एक मुस्लिम भएर पनि प्रदेशका बहुसंख्यक हिन्दु धर्मप्रति आस्थावानलाइ सम्बोधन गर्नुभएको छ । त्यसप्रति आफ्नो गहिरो आस्था र सहिष्णुता प्रकट गर्नुभएको छ । यश महान कार्यबाट सिक्दै राज्यले पनि बहुसंख्यक मधेसी जनजाति दलित मुस्लिम समुदायलाई खुरूक्क सम्बोधन गरे भैगो नि ! उहाले पोख्नु भएको पिडाको सन्देश पनि यहि त हो । **सोनिया खातुन**


प्रमका प्रमुख राजनीतिक सल्लाहकारले सगरमाथा टिभीमा दिनु भएको अन्तरवार्ता अनुसार प्रदेश २ मा मुख्यमन्त्रीको भाषण क्याविनेटबाट स्विकृत गरिएको थियो । मुख्यमन्त्रीले भन्नु नहुने कुरा बोले भनेर रोइलो गर्नुको कुनै अर्थ छैन, त्यो नेपाल सरकारको आधिकारीक धारणा रहेछ । **उत्तम पाठक**


मधेश भूगोल हो । धर्म हैन, समूदाय हैन, जात हैन र भाषिक समूह पनि हैन । प्राविधिक रूपमा वा तर्क संगत रूपले यसको भाष्यकरण गर्न मै हुँ विद्वान भन्नेहरूलाई हम्मे, हम्मे पर्छ । समुदाय भन्दा पनि जटिलता आउँछ । भाषिक समूह भन्दा पनि अलमलपन समापन हुने देखिन्न । परिभाषाको अनिवार्यता पनि टड्कारो छ । **नविन ठाकुर**


२ नम्बर प्रदेशका मुख्यमन्त्रीको कुरा सुन्दा यस्तो लाग्यो । मधेशले आन्दोलनको नेतृत्व गर्ने सहि नेता नै कहिले पाएन, मधेशको हराएको चमकलाई पुनर्जीवन दिन सक्ने नेता नै भएन्र वास्तवमा पहाडी शासकीय अहंकारलाई हराएर देशलाई नयाँ उचाइमा पुर्‍याउने सुनौलो अवसर छ मधेशसँग तर त्यसलाई बुझ्ने शिल्पी भएको नेता नै भएन । **केशव भट्टराई**

# सम्बन्ध नयाँ उचाइमा : प्रम ओली

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणले नेपाल भारत सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याएको बताएका छन् ।

मोदीको भ्रमणका विषयमा आइतबार संसदलाई जानकारी दिंदै प्रधानमन्त्री ओलीले भारतले नेपालको सहयोगका लागि विगतमा गरेका प्रतिवद्धता कार्यान्वयनमा जोड दिएको बताए । "आगामी संविधान दिवशका दिनसम्ममा विगतमा गरिएका सम्झौता कार्यान्वयन सुरू हुन्छन्" प्रधानमन्ती ओलीले भने ।



प्रधानमन्त्री ओलीले विदेशबाट नेपालमा आउने उडानका लागि भारतले एउटा मात्र रूट दिएकोमा त्यसलाई बढाएर चारवटा पुर्‍याउने सहमति भएको बताए । "हालसम्म वीरगन्जबाट मात्र एयर रूट रहेकोमा अब बिराटनगर, भैरवहा र नेपालगन्जबाट पनि भारतले एयर रूट दिने सहमति भएको छ" प्रधानमन्त्री ओलीले भने, "यसका लागि आगामी सेप्टेम्बर देखि काम अघि बढाउने सहमति भएको छ ।"

प्रधानमन्त्री ओलीले यसपटकको मोदी भ्रमण दुई देशबीचको सम्बन्धलाई बराबरीका आधारमा बढाउने प्रस्थान विन्दु भएको बताए । "दुई देशबीचको सम्बन्धलाई सुधार्नु पर्छ" प्रधानमन्त्री ओलीको भनाइ छ "हेपाइ सहनु हुदैन । विगतमा अल्झिएर मात्र हुँदैन । नयाँ सम्बन्ध स्थापित पनि गर्नुपर्दछ ।"

प्रधानमन्त्री ओलीले आफूले राष्ट्रहितलाई शीर र मनमा राखेको बताए । "प्रधानमन्त्रीको हैसियतले देशको शिर निहुराउने काम गर्न दिने छैन । यसै देशको अन्नपानी खाएको हुँ । अरूको हितमा काम गर्दिन" प्रधानमन्त्री ओलीले भने । प्रधानमन्त्री ओलीले आफू चाँडै नै चीन भ्रमणमा जान लागेको जानकारी दिए ।

# प्रगतिशील लेखक संघ भारतको प्रतिनिधिमण्डल नेपालमा

काठमाडौं । राजस्थान प्रगतिशील लेखक संघको चार सदस्यीय प्रतिनिधिमण्डलले प्रेस काउन्सिलमा अवलोकन भ्रमण गरेको छ । सो अवसरमा आयोजित छलफल कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य सचिव तथा सूचना विभागका महानिर्देशक बालकृष्ण घिमिरेले खादा मालाले पाहुना टोलीको स्वागत गर्दै आपसी सहकार्य र समन्वयबाट नै मैत्रीपूर्ण सम्वन्धजीवन्त रहने धारणा राखे । राजस्थान प्रगतिशील लेखक संघका महासचिव ईशुमधु



तलवारले दुईदेशका लेखक, पत्रकारहरूवीच आपसी सम्वन्धलाई जोड दिने र यस क्षेत्रलाई थप उर्जाशील बनाउन सहयोग पुग्ने धारणा राख्दै न्यानो आतिथ्यताका लागि धन्यवाद व्यक्त गरे । मधेशी पत्रकार समाजका अध्यक्ष मोहनकुमार सिंहले भ्रमण दलका सदस्यहरूको संयोजन गरेका थिए । कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्यहरू सुदर्शन आचार्य, गोविन्दप्रसाद चौंलागाईं, चेतनाथ धमला, मुख्य अधिकृत झविन्द्र भुसाललगायतको सहभागिता रहेको थियो ।

# ४४ जनाको बेपत्तासम्बन्धी निवेदनमा छानविन शुरू

सिरहा । सरकारद्वारा गठित बेपत्ता छानविन आयोगमा सिरहाबाट परेको ४४ वटा निवेदनमाथि आयोगले छानविन शुरू गरेको छ । बेपत्ता पारिएका व्यक्तिको छानविनका लागि गठित आयोगले जिल्लाका सरोकारवालाहरूसँग आयोजित अन्तरक्रियामा आयुक्त प्रा डा विष्णु पाठकले बेपत्ता भएका व्यक्तिहरूको पहिचानका लागि ४४ वटा निवेदन परेको र त्यसमाथि छानविन शुरू गरिएको जानकारी दिए ।निवेदन परेकामध्ये १७ जनाको जाँच भइसकेको र बाँकीको अध्ययनका लागि आयोगले घर घर पुगेर प्रतिवेदन बनाउने कार्य जारी राखेको जानकारी दिँदै उनले पीडित परिवार र सरोकारवालासँग प्रत्यक्ष भेटेर सत्यतथ्य पत्ता लगाउने कार्य भइरहेको पनि बताए । छानविनपछि कारवाहीका लागि सरकारलाई प्रतिवेदन बुझाइने छ ।

# सुर्खेतमा थर्ड एलायन्स

सुर्खेत । मानव अधिकार अवस्थालाई प्रभावकारी र सुदृढीकरण गर्नका लागि आइतबार सुर्खेतमा तराई मानव अधिकार रक्षक संजाल (थर्ड एलायन्स)को पहलमा अशोक राजीको संयोजकत्वमा १७ सदस्यीय मानव अधिकार रक्षक संजाल गठन गरिएको छ । थर्ड एलायन्सको पहलमा गठन गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै थर्ड एलायन्सका उप क्षेत्रीय प्रमुख आलम खानले सरकारी कार्यालयबाट सम्पादन हुने क्रियाकलापलाई थप जवाफदेही बनाउनका लागि संजालले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । उनले स्थानीय समुदायलाई अधिकार र कर्तव्यका बारेमा सचेतना दिलाउनका लागि हरेक जिल्लामा थर्ड एलायन्स संजाल गठन गरिरहेको बताउँदै सुर्खेतमा भइरहेका मानव अधिकार उल्लघनका घटनाहरूको सूक्ष्म तरिकाले अनुगमन गरी राज्यलाई जवाफदेही बनाउन संजालले प्रभवकारी तरिकाले काम गर्नेछ भने थर्ड एलायन्सले महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिकिर गरेकाथिए ।

## मधेशी दल...

र मधेशीका मागहरू पुरा हुन सकेको छैन । मधेशी जनतासँग धोका भएकै हो तर यो कुरा पनि सत्य हो कि आज मधेशी पार्टी र जनताको कारणले आज देशमा शोषणमा परेका सम्पूर्ण समुदाय जागरूक हुँदै भइरहेका छन् ।

अहिलेको परिस्थितिमा पहिलाको कमी कमजोरीलाई सच्याउँदै सम्पूर्ण मधेशी दल एक हुनुपर्छ । मधेशी दलहरू एकले अर्काको कार्यकर्ता भित्रयाउनु भन्दा सब एकजुट भएर पार्टी एकीकरण तिर लाग्नु पर्छ ।

जब दुई विपरीत धुवमा रहेका एमाले र माओवादी केन्द्रबीच एकता हुनसक्छ भने समान धारणा र विचार बोकेका मधेशी दलबीच एकता किन हुन सक्दैन । जब प्रचण्ड र केपी ओली एउटै पार्टीको छाता भित्र बस्न सक्छन् भने महन्थ ठाकुर, उपेन्द्र यादव, जेपी गुप्ता, भाग्यनाथ गुप्ता, विकास तिवारीलगायत किन बस्न सक्दैनन् ।

विगतमा पनि केही मधेशी दलबीच एकता भएको हो तर ती एकताहरूले सकारात्मक प्रभाव देखाएको छैन । तर ६ पार्टी मिलेर बनेको राजपाको एकताले मधेशमा जनलहर नै ल्यायो भने यसबाट राष्ट्रिय राजनीति पनि तरंगित भयो ।

हुन त मधेशी दलहरू बीच एकताको प्रयास हुनु राम्रो कुरा हो । तर एकता के–का लागि, किन र कसरी गर्ने भन्ने विषयमा प्रस्टता हुन जरूरी पनि छ । पार्टीमा फुटेर र सरकारमा जुटेर बस्ने चरित्रका कारण मधेश राजनीति हास्य पात्र कदापी बन्नु हुँदैन । आफ्नै पार्टी फोड्ने र सरकार भित्र छिर्ने सिद्धान्तविहीन नेताहरूको कार्यशैलीका कारण आज सिंगो मधेश बदनाम भएको छ । सत्ता र चुनावका लागि मात्र एकीकरण गर्ने हो भने यस एकीकरणको कुनै अर्थ र भविष्य छैन ।

मधेशी जनताले र नेपाली समाजले मधेशी नेतृत्वको कमजोरी र कार्यशैलीबारे राम्ररी बुझेका छन् । त्यसैले हास्यास्पद, नाटक मञ्चन गरेर मधेशलाई बदनाम गराउने र मधेशी शक्तिहरूको रगतको अपमान गर्ने कार्य तत्काल रोकिनुपर्छ ।

## नेपाल कम्युनिष्ट...

एकता केन्द्र हुँदै नेकपा-माओवादी बन्यो । प्रजातन्त्रप्राप्तिसँगै एमाले संसदीय राजनीतिमा सहभागि भयो । तर एकता केन्द्र पहिलो संसदीय चुनावलाई उपयोग गर्दै नेकपा माओवादीका नाममा २०५२ सालदेखि सशस्त्र सरूंघर्षमा होमियो ।

२०२८ सालको झापा विद्रोहलाई बामपन्थी भड्काव ठान्ने एमाले त्यसैको जगबाट अघि बढेको हो । जनयुद्धमा होमिएको माओवादीले भने झापा विद्रोहलाई आफ्नो आधारबिन्दुका रूपमा लिएको थियो । संसदीय खेल र सत्ता भागबण्डामा सामेल एमाले २०५४ सालमा विभाजित भयो र माले बन्यो । तर त्यो विभाजन लामो समयसम्म टिकेन् र २०५८ सालमा एकता भयो ।

त्यसो त १० बर्ष सशस्त्र संघर्ष गरेर २०६२-०६३ पछि खुला राजनीतिमा आएको नेकपा माओवादीमा पनि फुट शुरू भयो । अहिलेसम्म नेपालका कम्युनिष्ट पार्टीहरूको फुट र एकता सैद्दान्तिक भन्दा समूह र व्यक्तिगत टकराव, पद र प्रतिष्ठाकै कारण भएको देखिन्छ ।

एमाले र माओवादी केन्द्र बाहेक अहिले अन्य केही कम्युनिष्ट पार्टीहरू सक्रिय छन् । मोहन बैद्य नेतृत्वको क्रान्तिकारी माओवादी र नेत्रविक्रम चन्दको नेतृत्वको नेकपा माओवादीबीच पनि एकताको पहल भैरहेको छ । सबैले आफु मात्रै सहि भएको भन्दै अरूप्रति हावी हुन खोज्ने प्रवृति रोकिएको छैन् ।






# आर्थिक समाचार

## ग्रामीण क्षेत्रमा ग्लोबल आइएमई बैंक

चन्द्रकान्त खनाल, रूपन्देही । अव्यवस्थित बसोबासका रूपमा रहेका १८ हजार जनसंख्या भएको ग्रामीण क्षेत्रमा ग्लोबल आइएमई बैंक लिमिटेड बुटवलले आफ्नो ८०औं शाखारहित बैंकिङ्ग सेवा शुरू गरेको छ । देवदह नगरपालिका वडा नम्बर १० चरङ्गेमा बैंकले सोमबार एक समारोहका बिच शाखारहित बैंकिङ्ग सेवाको शुभारम्भ गरेको हो । चरङ्गेको गाउँमा करीव २० हजार जनसंख्या रहेकोमा १८ हजार बढी अव्यवस्थित जनसंख्या रहेकाले सो स्थानमा कुनै पनि बैंकले शाखा कार्यालय स्थापना गर्न सकेका थिएन । ग्लोबल आईएमई बैंकले द बैंक अफ अल भन्ने नाराका साथ सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुराउने उद्देस्यलाई साकार रूप दिन शुरू गरेको ग्लोवल आईएमई बैंक बुटवल शाखाका प्रमुख जोगलाल भुसालले बताए । शाखारहित बैंकिङ्ग सेवाको प्रदेश नम्बर ५ का प्रदेश सदस्य दधिराम न्यौपानेले शुभारम्भ गदै अव्यवस्थित वसोवासी रहेको स्थानका जनतालाई बैंकिङ्ग सेवा प्रदान गर्न ग्लोवल आईएमई बैंकले महत्वपूर्ण काम गरेको भन्दै प्रदेश सरकारले छिटै अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन कानुन निर्माणको प्रक्रियामा रहेको बताए ।

## ग्लोबल आइएमई बैंक र नर्भिक अस्पतालबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लि. र नर्भिक अन्तर्राष्ट्रिय अस्पतालबीच बैशाख २७ गते बिहीबार अस्पतालले प्रदान गर्ने विभिन्न सेवा तथा सुविधाहरूमा दिइने छुट सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । बैंकले अस्पतालसँग आफ्ना ग्राहकलाई स्वदेशमै गुणस्तरीय उपचारमा सहुलियत दिने उद्देश्यले दुई पक्षीय सम्झौता गरेको हो । उक्त सम्झौतापत्रमा ग्लोबल आइएमई बैंकका तर्फबाट बजार व्यवस्थापन एंव व्यवसाय प्रर्वद्धन विभाग प्रमुख गणेश अवस्थी र नर्भिक अन्तर्राष्टिय अस्पतालका कार्यकारी निर्देशक राजेन्द्र बहादुर सिंहबीच हस्ताक्षर भएको हो । ग्लोबल आइएमई बैंकले आफ्ना ग्राहकहरूलाई बैंकिङ्ग सुविधाको अतिरिक्त अन्य सुविधाहरू प्रदान गर्ने उद्देश्यले लामो समयदेखि विभिन्न संस्थासँग समन्वय गरी यस्ता विभिन्न खाले योजनाहरू ल्याइरहेको छ । उक्त सम्झौतापश्चात अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न नर्भिक अन्तराष्टिय अस्पतालमा उपचार गराउँदा ग्लोबल आइएमई बैंकबाट प्रिभिलेज्ड कस्टमर्स क्रेडिट कार्ड लिएका बैंकका ग्राहक तथा ग्राहकका परिवार, बैंकका कर्मचारी र कर्मचारीका परिवारले अस्पतालले प्रदान गर्ने सेवामा ५ देखि १० प्रतिशतसम्म छुट पाउने छन् । साथै अस्पतालले आफ्नो तर्फबाट ग्राहकहरूलाई विभिन्न सेवाहरूमा प्रदान गर्ने २५ प्रतिशत छुटका अतिरिक्त थप ५ प्रतिशत छुट पनि प्राप्त गर्नसक्ने छन् ।

## चितवनमा एभरेष्टको शाखा विस्तार

चितवन । एभरेष्ट बैंकले चितवनको टाँडीमा आफ्नो शाखाको औपचारिक उद्घाटन गरेको छ । टाँडी शाखाको उद्घाटन रत्ननगर नगर पालिकाका मेयर नारायण वन र बैंकका प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठले संयुक्त रूपमा गरे । उक्त कार्यक्रममा नेपाल प्रहरीका नायव प्रहरी उपरिक्षक बासुदेव खतिवडा, रत्ननगर नगरपालिकाका वडा नं २ का अध्यक्ष तिलकराज पौडेल, रत्ननगर उद्योग वाणिज्य संघका उपाध्यक्ष भिमनारायण श्रेष्ठ तथा बैंकका अन्य वरिष्ठ पदाधिकारीहरूको पनि उपस्थिति थियो ।

## बाँके र बारामा हिमालय बैंक विस्तार

बाँके । हिमालयन बैंक लिमिटेडले बाँके र बारा जिल्लामा शाखा विस्तार गरेको छ । बैंकले बारा जिल्लाको प्रसौनीमा र बाँके जिल्लाको राप्तीसोनारी, शम्शेरगंजमा आफ्नो नयाँ शाखाहरू सञ्चालनमा ल्याएको हो । उक्त शाखाहरूबाट बैंकले ग्राहकलाई अत्याधुनिक तथा सबै प्रकारका बैङ्कगि सुविधाहरू उपलब्ध हुनेछ । नयाँ शाखाहरू सञ्चालनमा आए पश्चात बैंकको कूल शाखा संख्या ४९ पुगेको छ ।

# प्रधानमन्त्रीलाई प्रदेश २ का सांसदहरूद्वारा ज्ञापन



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीलालाई प्रदेश २ का प्रतिनिधिसभा सदस्यहरूले ज्ञापनपत्र दिएका छन् । प्रदेशको आर्थिक विकास र समृद्धिका लागि प्रदेश २ का सांसदहरूले ज्ञापनपत्र बुझाएका हुन् । प्रदेश २ का सांसदहरूको सर्वदलीय ज्ञापनपत्रलाई मंगलबार बालुवटारमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सरकारले तीव्र विकास गर्न चाहेको बताएका छन् । प्रधानमन्त्री ओलीले देशको विकासका लागि हिमाल, पहाड र तराईका जनता एकताबद्ध भएर अघि बढ्नु पर्ने बताए । "विकासका लागि अरूको मुख ताक्ने र दोष अरूलाई दिएर आफू उम्कने होइन" प्रधानमन्त्री ओलीले भने "विकासका लागि आफैं अग्रसर हुनुपर्छ । अरूको मुख ताकेर पनि हुँदैन ।"

तराई/मधेशको ठूलो जनसंख्या विदेशमा गएर काम गरिरहेकोले त्यो जनसंख्यालाई स्वदेशमै फर्काएर काममा लगाउनु पर्ने प्रधानमन्त्री ओलीले धारणा राखे । सरकार देशमा सुशासन, भ्रष्टाचार नियन्त्रण, शान्ति सुव्यवस्था कायम गर्न लागि परेको प्रधानमन्त्री ओलीले बताए । प्रधानमन्त्री ओलीले देशमा कृषिबाट क्रान्ति सम्भव हुने बताउँदै "हरेक प्रदेशमा विशेष जोनहरू स्थापना गर्नु पर्दछ ।"

देशमा प्रशासनिक खर्च धेरै भएर विकासमा केही कठिनाइ भएको प्रधानमन्त्री ओलीको भनाइ छ । सांसदहरूले प्रदेश नं २ मा कृषि तथा सिंचाइ, उद्योग, पर्यटन, यातायात, स्वास्थ्य, चुरे संरक्षण तथा नदी नियन्त्रण लगायतका कार्यक्रम सञ्चालन गर्न माग गरेका थिए ।

यसैगरी शिक्षा तथा खेलकुद, महिला हिंसा, जनता आवास कार्यक्रम, अन्तर्राष्ट्रिय स्तरको सभाहल तथा प्रधानमन्त्रीसँग तराई मधेश विशेष कार्यक्रम सञ्चालन गर्न माग गरेका छन् ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं